स्वास्थ्य क्षेत्रको सार्वजनिक खरिद प्रक्रियामा खुला करार

खरिदमा पारदर्शिता, जवाफदेहिता र ओसी-हब पोर्टलको उपयोग

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य

स्वास्थ्य क्षेत्रको सार्वजनिक खरिद प्रक्रियामा खुला करार

खरिदमा पारदर्शिता, जवाफदेहिता र ओसी-हब पोर्टलको उपयोग

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य

स्रोत पुस्तिका : **स्वास्थ्य क्षेत्रको सार्वजनिक खरिद प्रक्रियामा खुला करार**
खरिदमा पारदर्शिता, जवाफदेहिता र ओसी-हब पोर्टलको उपयोग

प्रकाशित : काठमाडौं, २०७७ साउन

प्रकाशक : ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
घर नं. ५७/६२, छकुबकु मार्ग, नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोनः ९७७-१-४४७५०६२, ४४७५२६२
फ्याक्सः ९७७-१-४४७५११२
पोष्ट बक्स नम्बरः ११४८६
E-mail: trans@tinepal.org
Web: www.tinepal.org
टोल फ्री नं.: १६६०-०१-२२-२११
नोटिस बोर्ड सेवाः १६१८-०१-४४-७५-११२

सहयोग : UKaid from the British people; TRANSPARENCY INTERNATIONAL UK Pharmaceuticals & Healthcare Programme

सर्वाधिकार : ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालमा सुरक्षित

आईएसबीएन : ISBN 978-9937-9402-1-4
9 789937 940214

यस प्रकाशनका केही सामाग्री र तथ्य ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) हेल्थ ईनिसिएटिभद्वारा निर्मित पोर्टल www.oc-hub.org बाट साभार गरिएका हुन् ।

प्रस्तावना

नेपालको स्वास्थ्य क्षेत्रमा खुला करारका लागि पहल (Open Contracting for Health Initiaive in Nepal – OC4H) टी.आई. नेपालद्वारा टी.आई. हेल्थ इनिसिएटिभको सहयोगमा सञ्चालित परियोजना हो । यसले स्वास्थ्य तथा खरिद सम्बद्ध सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज र सरोकारवालाको संलग्नतामा नेपालको स्वास्थ्य क्षेत्रमा खुला करारका लागि वकालत गर्दछ ।

खुला करारको अभ्यासले सार्वजनिक निकाय, निजी क्षेत्र एवं नागरिक समाजबीच सहकार्य प्रवर्द्धन गर्दै सदाचार, स्वच्छता र चुस्त सार्वजनिक खरिदलाई बढावा दिन्छ । यसले सरकारको खुलापनलाई पनि प्रवर्द्धन गर्दछ । खुला करारको प्रयोगबाट सार्वजनिक करार प्रक्रियाको स्थितिबारे जानकारी लिन सकिन्छ । साथै, रद्द वा योजना बन्द हुनेजस्ता जोखिमसमेत कम गर्न सकिन्छ ।

खरिद प्रक्रिया सही नहुँदा स्वास्थ्य सेवाको स्तर खस्कन्छ, सेवा महंगो हुन्छ र फलस्वरूप नागरिकहरु उपचार खर्च व्यहोर्न नसक्ने अवस्थामा पुग्छन् । स्वास्थ्य क्षेत्रको खरिद प्रक्रियामा भ्रष्टाचार हुँदा औषधिको अभाव, उच्च मूल्य वृद्धि, गलत औषधिको घुसपैठ र कम गुणस्तरका औषधि भित्रन्छन् ।

खुला करार खरिदचक्रका सूचना सबैले उपयोग गर्न सक्ने गरी प्रकाशन गर्ने अभ्यासले सार्वजनिक सम्पत्तिको ठूलो हिस्सा इमान्दारी, स्वच्छ र प्रभावकारी ढंगले खर्च हुने कुराको सुनिश्चितता गर्दछ ।

यस स्रोत पुस्तिका नेपालको सार्वजनिक खरिद प्रक्रिया र खुला करारसम्बन्धी सन्दर्भ सामग्री (अन्तर्क्रियात्मक प्ल्याटफर्मसहितको पोर्टल www.oc–hub.org)को चिनारी र प्रयोगबाट नेपालको स्वास्थ्य क्षेत्रमा खुला करार प्रोत्साहित गर्ने हेतुले तयार गरिएको हो । यसको तयारीमा संलग्न विज्ञ टोलीलगायत सबैलाई धन्यवाद ज्ञापन गर्दछौँ ।

खेमराज रेग्मी
अध्यक्ष, टीआई नेपाल

विषयसूची

विषय **पृष्ठ नं.**

परिच्छेद १ : परिचय

पृष्ठभूमि १
सार्वजनिक खरिद प्रक्रिया र स्वास्थ्य क्षेत्र १
१. स्वार्थको द्वन्द्व (Conflict of Interest) २
२. कर्तव्यको बाँडफाँड (Segregation of Duties) २
३. उच्चतम पारदर्शिता ३
खरिदका विधिहरु ५
१. सिधा खरिद ५
२. मोलभाउ खरिद ५
३. प्रतिस्पर्धात्मक बिडिङ (टेन्डर) ५
लागतको उचित मूल्य ६
भ्रष्टाचारका केही स्वरूप ९

परिच्छेद २ : ओसी हब (Open Contracting Hub)

ओसी हबका मूल विषय र लिङ्क ११
१. आधारभूत कुराहरू (The Basics) ११
२. ३. कसरी र गहिरो डुबुल्की (Deeper Dives) ११
४. डाटा ल्याब १२
छलफल हब १२
कोर्स तथा तिनको कठिनाइ (Course Difficulties) १२
खुला करार आँकडाको मापदण्ड (OCDS) १३
विश्वव्यापी सिद्धान्त एवं अवधारणा १४
खुला करार आँकडाको मापदण्ड (OCDS) को विशेषता १५

परिच्छेद ३ : अनुगमनका लागि औजारहरू (Tools)

१. समुदाय फारमहरु २१
२. सामुदायिक सुझाव पेटिकाहरु २१
३. असल छिमेकी सम्झौता २१
४. सहभागितामूलक बजेट निर्माण २१
५. सामुदायिक अंकपत्रहरु २२
६. नागरिक प्रतिवेदनपत्र २२
सहभागितामूलक अनुगमन २२
चरण १ : गैरराज्यको अनुगमनका मुख्य मुख्य कारणहरूको पहिचान गर्नुहोस् २४
चरण २ : गैरराज्य अनुगमनका लागि परियोजना र देशको परिवेश अध्ययन २५
चरण ३ : अनुगमनका आवश्यकतालाई सम्बोधन गर्ने तथा परिवेश अनुकूल NSM पद्धति एवं औजार छनौट २६
चरण ४ : NSM का लागि कार्यान्वयनबारे निर्णय गर्ने (प्रक्रिया, कर्ताहरु, बजेट आदि) २७
आँकडाको संकलन र जानकारी २८
रिपोर्टिङ २८
आकार र प्रतिनिधित्व २९
समय २९
अनुगमन गरिने संस्थाको चयन २९
बजेट निर्धारण ३०
योजनामा NSM को समायोजन ३०
चार प्रमुख अनुगमन प्रणालीहरु ३२

१. समुदाय निगरानी कार्यक्रम ३२
२. पर्यवेक्षकहरूको सञ्जाल ३२
३. अनुगमन समिति ३३
४. स्वतन्त्र प्राविधिक विज्ञहरु ३४
चरण १ः पद्धति र सुरुवाती ढाँचाको परीक्षण ३५
चरण २ः आँकडाको विश्लेषण र ठम्याइहरूलाई सरोकारवालाहरूसमक्ष स्थापित ३६
चरण ३ः NSM का ठम्याइहरूको पहिचान, पद्धतिलाई पुनःविचार, दस्तावेजीकरण र उपयोग ३६
चरण ४ः NSM अभियानलाई दीगो राख्नु (र बृहत् बनाउनु) ठूलो चुनौती ३७
विभिन्न समूहहरूसँग काम गर्नका लागि सुझावहरू ३८

परिच्छेद ४ : नेपालका सार्वजनिक खरिद ऐन, नियमावली, निर्देशिका र प्रक्रिया

सार्वजनिक खरिद ४१
सार्वजनिक खरिद ऐन, नियमावली, निर्देशिका ४२
खरिद प्रक्रिया ४३
संघ, प्रदेश तथा स्थानीय सरकारमा स्वास्थ्यसम्बन्धी खरिद प्रक्रिया ४६
संघमा स्वास्थ्यसम्बन्धी खरिद विधिहरु ५१
अन्तर्राष्ट्रिय स्तरको बोलपत्र ५१
राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरी विद्युतीय खरिद ५२
सिलबन्दी दरभाउपत्र आह्वान ५२
सोझै खरिद ५२
प्रदेश तहमा स्वास्थ्यसम्बन्धी खरिद विधि ५३
स्थानीय तहमा स्वास्थ्यसम्बन्धी खरिद विधि ५३

परिच्छेद ५ : स्वास्थ्य क्षेत्रको खरिदमा विद्युतीय खरिद प्रणाली र खुला करारसँग यसको सम्बन्ध

विद्युतीय खरिद प्रणालीको सुरूवात ५५
खुला सम्झौता (ओपन कन्ट्रयाक्टिङ) ५७
खुला सम्झौता र नेपालमा सार्वजनिक खरिदमा पारदर्शिता प्रयास (PPTIN) ५९

परिच्छेद ६ : स्वास्थ्य क्षेत्रको सामग्री खरिदमा खुलापनका लागि सरकार, व्यवसायी र नागरिक समाजको भूमिका प्रवर्द्धनको वकालत रणनीति

अवस्था विश्लेषण ६१
स्वास्थ्य क्षेत्रको सामग्री खरिदमा खुलापनका लागि चुनौती ६१
स्वास्थ्य क्षेत्रको सामग्री खरिदमा खुलापनका लागि सरकार, व्यवसायी र नागरिक समाजको भूमिका ६२
स्वास्थ्य क्षेत्रको सामग्री खरिदमा खुलापनका लागि व्यवसायीको भूमिका ६३

परिच्छेद ७ : औषधि तथा स्वास्थ्य उपकरण सामग्री खरिदमा खुलापनका लागि सार्वजनिक खरिद अनुगमनको 'चेक लिस्ट'

औषधि तथा स्वास्थ्य उपकरण आदि सामग्री खरिदका लागि विनियोजन गरिएको बजेट ६५
भाग १ : खरिद योजना ६५
भाग २ : टेन्डर प्रक्रिया ६६
भाग ३ : बोलपत्र मूल्याङ्कन तथा ठेक्का प्रदान ६७
भाग ४ : सम्झौता व्यवस्थापन ६७
भाग ५ : थप जानकारी ६८

परिच्छेद-१ :

परिचय

पृष्ठभूमि

देशका विभिन्न तहका सरकारहरूले प्रत्येक वर्ष खरिदमार्फत ठूलो धनराशि खर्च गर्छन् । यस्तो खर्चमा कलम रे कागज किन्नेदेखि लिएर एयरपोर्ट वा अस्पतालजस्ता ठूलाठूला पूर्वाधारका परियोजना निर्माणसमेत पर्छन् । खुला करार (Open Contracting) नागरिकको हितका लागि हो । सरकारी रकम करदाताकै पैसा हो जो विद्यालय, सडक, अस्पतालजस्ता आममानिसको चासो रहेका विषयमा खर्च गरिन्छ । विश्वव्यापी रूपमा प्रत्येक वर्ष यस्तो खर्च लगभग ९५ खर्ब अमेरिकी डलर हुने गर्छ, जुन कुल गार्हस्थ उत्पादनको १५ प्रतिशत हुन आउँछ । यो भनेको एक डलरको नोटलाई पृथ्वीबाट चन्द्रमासम्म पुगेर फर्कनका लागि खापेर राख्न पुग्छ ।

खुला करारको अवधारणालाई सरकार, व्यवसायी एवं व्यक्ति सबैले सामाजिक, आर्थिक एवं वातावरणीय फाइदाका लागि उपयोग गर्न सक्छन् । यस पुस्तिका र यससँग सम्बन्धित ओसी हब पोर्टलमा खुला करारको अवधारणाको व्याख्या गर्नुका साथै खुला करार के हो, यसले कसरी काम गर्छ र यसका फाइदा के–के छन् भन्ने कुरा समावेश गरिएको छ । खुला करार भन्नाले जोकोहीको पहुँचमा भएको र आवश्यकताअनुसार प्रयोग गर्न मिल्ने खालका करारसम्बन्धी जानकारी हुन् । खुला करार सम्पूर्ण सार्वजनिक खरिदको प्रक्रियाका जानकारीलाई प्रकाशित गर्ने एवं सर्वसुलभ बनाउने एक अभ्यास हो । यसले नागरिकको पैसालाई इमानदारीपूर्वक, स्वच्छतापूर्वक एवं प्रभावकारी ढंगबाट खर्च हुने कुरालाई सुनिश्चित गर्छ ।

सार्वजनिक खरिद प्रक्रिया र स्वास्थ्य क्षेत्र

सार्वजनिक क्षेत्रका संगठनहरूले कुनै वस्तु, सेवा तथा कार्यहरू कुनै तेस्रो पक्षबाट लिने प्रक्रिया सार्वजनिक खरिद हो । स्वास्थ्यको क्षेत्रमा यसले स्वास्थ्य सामग्रीहरू समेट्छ । जस्तैः औषधिहरू (जसले स्वास्थ्य क्षेत्रको खरिदमा सबैभन्दा ठूलो स्थान ओगट्छ), स्वास्थ्य र शल्यक्रियाका सामग्रीहरू, ल्याबका पदार्थहरू । स्वास्थ्यसम्बन्धी एवं सामान्य उपकरणहरू जस्तैः कम्प्युटर, गाडी, माइक्रोस्कोप वा एक्सरे प्रविधि । कार्य तथा सेवाहरू जस्तै : स्वास्थ्य संस्थाहरूको निर्माण वा मर्मत, प्रयोगशाला सेवाको व्यवस्था वा कुनै निश्चित सफ्टवेयरको विकास ।

वस्तु, कार्य र सेवाका लागि गरिने सार्वजनिक खरिदमा प्रत्येक वर्ष करिब ९५ खर्ब रूपैयाँ खर्च हुने अनुमान गरिएको छ (Kenny, 2012) । धेरै देशहरूमा स्वास्थ्यसेवासँग सम्बन्धित खरिदले सरकारी बजेटको महत्वपूर्ण हिस्सा ओगट्छ । २०१७ अक्टोबरमा

संयुक्त राष्ट्रसंघ स्वास्थ्यसम्बन्धी अधिकारका विशेष दूतले भन्नुभयो, "धेरै देशहरूमा स्वास्थ्य क्षेत्र सबैभन्दा बढी भ्रष्टाचार हुने क्षेत्र हो..." र "...यसको ठूलो असर समानता र भेदभावरहिततामा हुन्छ किनभने यसले बालबालिका एवं गरिबीमा रहेका व्यक्तिहरूजस्ता जोखिम र सामाजिक बहिष्करणमा परेका जनसंख्याको स्वास्थ्यमा विशेष प्रभाव पार्छ ।" भ्रष्टाचार, अक्षमता एवं स्वास्थ्य सामग्रीमा हुने क्षतिले बिरामी, स्वास्थ्यकर्मी तथा समाज र अर्थतन्त्रमा गम्भीर असर पार्छ ।"

प्रस्तुत पोर्टल www.oc-hub.org मा राम्रा र नराम्रा उदाहरण दुवै छन् । यसबाट तपाईंले खरिद गर्नु किन सजिलो काम होइन भन्ने थाहा पाउनुहुनेछ । तर हामीलाई आशा छ यसले तपाईंलाई देशको सार्वजनिक खरिदमा सुधार ल्याउन प्रोत्साहित गर्नेछ । सार्वजनिक खरिदको महत्वलाई ध्यानमा राख्दा उच्चतम नैतिक मापदण्ड लागू गरिनुपर्छ । यसमा स्वार्थको द्वन्द्व (Conflict of Interest) लाई न्यूनीकरण गर्ने, कर्तव्यको बाँडफाँड (segregation of duties) गर्ने र उच्च पारदर्शितता कायम गर्ने कुराहरु पर्दछन् ।

१. स्वार्थको द्वन्द्व (Conflict of Interest)

स्वार्थको द्वन्द्व यस्तो एउटा अवस्था हो जसमा कुनै व्यक्ति वा संस्था विभिन्न क्षमता वा भूमिकामा संलग्न हुन्छन् र एउटाको हितका लागि काम गर्दा अर्काको विरूद्धमा काम गरिरहेको हुन सक्छ । स्वार्थको द्वन्द्वको जोखिमलाई न्यूनीकरण गर्ने एउटा उपाय भनेको खरिदमा संलग्न अधिकारीहरूलाई खरिसम्बन्धी निर्णय गर्ने क्रममा प्रभाव पार्ने वा पार्न सक्ने कुनै अवस्थाबारे घोषणा गर्न लगाउने हो । यसमा वित्तीय लगानी र स्वामित्व, बाहिरी रोजगारी, बोर्ड सदस्य, व्यक्तिगत सम्बन्ध आदि पर्छन् । उनीहरूको घोषणाको आधारमा अधिकारीलाई त्यस्ता विवादास्पद अवस्थाको अन्त्य गर्नका लागि भनिनेछ, कुनै निश्चित कार्यबाट फिर्ता बोलाइनेछ र अर्को जिम्मेवारी दिइन्छ ।

२. कर्तव्यको बाँडफाँड (Segregation of Duties)

विभिन्न कार्यकारी भूमिका र जिम्मेवारी भएको व्यक्तिले गल्ती गर्न सक्छ । व्यक्तिगत लाभका लागि निर्णय गर्न सक्ने अवसर हुन्छ । कर्तव्यको बाँडफाँडको अवधारणालाई प्रायःजसो त्रुटिहरु एवं ठगीहरूलाई रोक्न प्रयोग गरिन्छ । विभिन्न अधिकृतहरु एवं समूहलाई खरिदका मुख्य जिम्मेवारीहरु दिइएको हुन्छ, जसमा एकले अर्कालाई अनिवार्य रूपमा स्वतन्त्र रूपमा परीक्षण र नियन्त्रण गर्नुपर्छ । उदाहरणका लागि, खरिदका लागि माग गर्ने व्यक्ति वा समूह (आवश्यक परेको संख्या निर्धारण एवं वस्तुको विशेषता निर्धारणसमेत) ले वास्तविक खरिद प्रक्रियामा सहभागी हुनुहुँदैन । त्यसैगरी, यी कुनै पनि कार्यमा संलग्न व्यक्तिहरूले आपूर्तिकर्ताको बीजकलाई स्वीकृत गर्ने वा भुक्तानी गर्ने काम गर्नुहुँदैन ।

३. उच्चतम पारदर्शिता

सम्भावित आपूर्तिकर्ता र आम नागरिकलाई समयोचित तथा सहजपूर्ण ढङ्गले, तल उल्लेख गरेजस्ता, सूचनामा पहुँच हुने अवसर प्रदान गर्दै सार्वजनिक खरिदले उच्चतम पारदर्शिता प्राप्त गर्नेतर्फ अग्रसर हुनुपर्छ ।

- ❑ के खरिद गरिनेछ ?
- ❑ खरिद गर्दा अवलम्बन गरिने प्रक्रिया तथा नीतिहरू
- ❑ मूल्यांकन तथा करार प्रदान गर्ने आधार
- ❑ कालोसूचीमा रहेका कम्पनीहरू
- ❑ भुक्तान गरेको मूल्य

अतः खरिद घोषणा गर्दा इच्छुक आपूर्तिकर्ताका लागि खरिदमा प्रतिस्पर्धा गर्न योग्यता निर्धारण गर्न मिल्ने गरी पर्याप्त जानकारीसहित विज्ञापन गर्नुपर्छ । निःशुल्क वा उचित मूल्य राखी, थप विवरणसहित, खरिद प्रक्रिया तथा खरिदका आवश्यकताहरूको सम्बन्धमा थप कागजातहरू उपलब्ध गरिनुपर्छ ।

आपूर्तिकर्ताहरूसँगको सम्बन्धको विषय छलफल गर्न लायकको छ । आपूर्तिकर्ताहरूसँग सम्बन्ध विकास गर्नु र त्यस्तो सम्बन्ध कायम राख्नुका फाइदाहरू भए पनि खरिद प्रक्रियासँग जोडिएको जो कोहीले पनि धेरै कम्पनीहरूले आफ्ना बिक्री प्रतिनिधिहरूलाई बृहत् रूपमा अनुनय तथा चलाखीपूर्वक आफू अनुकूल कार्य निकाल्ने कलामा प्रशिक्षित गरेका हुन्छन् भन्ने कुराको जानकार हुनुपर्छ ।

बिक्री प्रतिनिधिहरू आपसी भेटमा व्यक्तिको व्यक्तिगत विवरण संकलन गर्न प्रशिक्षित भएका हुन्छन् (तपाईंका बच्चाहरूको नाम तथा उमेर, तपाईंको रूचि, तपाईंको सबैभन्दा गर्व गर्नलायक उपलब्धी, तपाईंभित्र संवेदनशीलता) । यी यस्ता विवरणहरू सामान्यतया कम्पनीको सम्पूर्ण बिक्री समूहलाई उपलब्ध होस् भनेर डेटाबेसमा राख्ने गरिन्छ ।

भेट अगाडि, बिक्री प्रतिनिधिले ती सबै जानकारी जाँच गर्छ र सोही अनुसारले तपाईंसँग मित्रता गाँस्न खाना खाने कार्यक्रम बनाएर रणनीति बनाउँछ । तर एक पटक त्यस्तो सम्बन्ध विकसित भइसकेपछि, वस्तुगत तथा तर्कसंगत ढङ्गले खरिदउपर निर्णय गर्न गाह्रो हुन्छ ।

अध्ययन : कसरी औषधि प्रतिनिधिहरूले चिकित्सकहरूलाई मित्र बनाउँछन् र प्रभावमा पार्छन् ?

कुनै पनि खरिदमा खरिद गर्न खोजिएको उत्पादन (वा सेवाको) स्पष्ट तथा पूर्ण स्पेसिफिकेसन महत्वपूर्ण आवश्यकता हो । त्यस्तो स्पेसिफिकेसन अन्तिम प्रयोगकर्ताको

व्यावहारिक आवश्यकता तथा प्राविधिक रूपमा दक्ष विज्ञबाट बनाइनुपर्छ । तर त्यस्तो स्पेसिफिकेसन बनाउँदा लागतमा पर्ने असर तथा नयाँ प्राविधिक विकासलाई समेत ध्यान दिनुपर्छ । विस्तृतमा गरिएको स्पेसिफिकेसनले खरिद समूहलाई उद्देश्यसँग मेल खाने सही उत्पादन प्राप्त गर्न सहयोग गर्छ । तर धेरै स्पेसिफिकेसनले पनि खरिदलाई विफल तुल्याउन सक्छ किनभने ती सबै आवश्यकताहरू पूरा गर्न सक्ने बोलपत्रदाताहरू नहुन सक्छन् । सबै मिहिन स्पेसिफिकेसनको संयोजनका कारण सो पूरा गर्ने एउटै मात्र हुन सक्ने सम्भावना रहन्छ । त्यस्तो अवस्थामा कुनै प्रतिस्पर्धा हुँदैन र मूल्य बढी हुन सक्छ ।

उदाहरण : स्पेसिफिकेसनसम्बन्धी

कुनै एक देशमा Amoxicillin Suspension को ५० हजार बोतल वार्षिक माग रहेको छ । के यति जानकारी खरिद समूहलाई sourcing सुरू गर्न पर्याप्त हुन्छ ? खरिद समूहले अवश्य पनि प्रयत्न गर्न सक्छन् तर त्यसो गर्दा स्वास्थ्य कार्यकर्ताले चाहेअनुसारको बोतलको आकार नहुने वा राष्ट्रिय उपचार निर्देशिकाअनुरूप नहुने जोखिम रहन सक्छ । साथै एक Powder for Suspension बढी स्थिर तथा लामो जीवन भएको हुन्छ । पर्याप्त गुणस्तर मापदण्ड निर्धारण गर्नका लागि, स्पेसिफिकेसनलाई विस्तार गर्दै निम्न व्यहोरा समावेश गर्न सकिन्छ । तर यदि आपूर्तिकर्ताले कम मूल्य तर मात्र २ महिना Shelf-life बाँकी रहेको प्रस्तावमाथि उल्लेख गरेअनुसार नै पेस गर्‍यो भने के हुन्छ ? त्यसलाई रोक्न, स्पेसिफिकेसन यसअनुरूप हुनसक्छ हाम्रो राष्ट्रिय औषधि नियन्त्रण निकायमा दर्ता भएको । डेलिभरीको समयमा कम्तीमा १८ महिना Shelf-life बाँकी रहेको हुनुपर्छ । मानौँ, समूहभित्रको कुनै एक अधिकारीले उज्यालोले गर्दा उत्पादन गल्न सक्ने हुँदा स्पेसिफिकेसनमा निम्नलिखित कुरा समावेश गर्ने प्रस्ताव पेस गर्छ, "Amoxicillin Powder for Suspension BP -British Pharmacopoeia, 250mg/5ml, 100 ml bottle, 50, 000 bottles । हाम्रो राष्ट्रिय औषधि नियन्त्रण निकायमा दर्ता भएको । डेलिभरीको समयमा कम्तीमा १८ महिना Shelf-life बाँकी रहेको हुनुपर्ने । बोतल हरियो सिसाले बनेको हुनुपर्ने ।"

यस उदाहरणमा उत्पादनको स्थिरताको सम्बन्धमा रहेको चासो औचित्यपूर्ण रहे पनि, बोतल हरियो सिसाबाटै बनेको हुनुपर्ने भनेर समावेश गरिनु असाधारण हो । यसो गर्दा खैरो वा प्रकाश रोक्ने प्लास्टिकबाट बनेको बोतल प्रस्ताव गर्ने आपूर्तिकर्ताहरू जो समान रूपले उपयुक्त बोतल आपूर्ति गर्न सक्छन् ती निराश वा अयोग्य हुन्छन् । निश्चित उत्पादन वा कम्पनीलाई फाइदा हुने गरी जानीजानी स्पेसिफिकेसन बनाइएको यस्ता धेरै उदाहरणहरू छन् । यो पक्कै पनि अनावश्यक हो । स्पेसिफिकेसन लेख्ने समूह र उद्देश्य अनुरूपको उत्पादन बेच्ने कम्पनीबीच कपटपूर्ण मिलिभगत छ भन्ने कुराको संकेत समेत हो । शङ्का उब्जिन्छ कि कतै हरियो सिसाको बोतलमा उत्पादन प्याक गर्ने कम्पनी र त्यस अधिकारीबीच कुनै सम्बन्ध पो छ कि भनेर । यसले स्पेसिफिकेसन महत्वपूर्ण हुन्छन् र विस्तृत विवरणले सही उत्पादन चयन गर्न मद्दत पुर्‍याउँछ भन्ने कुरा देखाउँछ । यद्यपि, अत्यधिक मात्रामा विस्तृत विवरणसहितको स्पेसिफिकेसन बनाउनबाट रोक्ने कुरामा ध्यान पुर्‍याउनुपर्छ जसले अयोग्य आपूर्तिकर्ता वा मिलिभगतका लागि अवसरसमेत सिर्जना गर्न सक्छ ।

खरिदका विधिहरू

१. सिधा खरिद

यसमा खरिदकर्ता बिना कुनै मोल-भाउ, सिधा आपूर्तिकर्तासँग सामान वा सेवा खरिद गर्छ । हामीमध्ये धेरैले यस प्रकारको खरिद विधि हाम्रो दैनिक उपभोग्य वस्तु खरिद गर्दा अपनाउने गर्छौं र यो हाम्रो कार्यालयमा कम मूल्यको बराबरको सामान वा सेवा खरिद गर्दासमेत स्वीकार्य हुनसक्छ । यद्दपि ठोस औचित्यसहित; जस्तै एकल-स्रोत आपूर्तिको अवस्था वा प्राकृतिक प्रकोप वा रोगको प्रकोपबाट बच्न वा प्रतिक्रिया अनुरूप गरिने खरिदमा बाहेक बढी मूल्यको खरिदमा यस विधिको प्रयोग स्वीकार्य हुँदैन ।

२. मोलभाउ खरिद

केही आपूर्तिकर्ताहरूलाई मूल्य र खरिदका शर्तहरु मागिन्छ । आपूर्तिकर्ताहरूले पेस गरेको प्रस्ताव र जानकारीका आधारमा, एक अनौपचारिक मोल-भाउ हुन सक्छ जसपश्चात् खरिद सम्बन्धी निर्णय गरिन्छ । निजी क्षेत्रमा यस विधि आम रूपमा प्रयोग गरिन्छ । निजी क्षेत्रमा उच्च मूल्यको खरिदमा समेत यस विधिको प्रयोग गरिन्छ । आपूर्तिकर्तालाई आफ्नो प्रस्ताव विभिन्न प्रतिस्पर्धी कम्पनीहरूसँग दाँजिन्छ भन्ने जानकारी हुने हुँदा, यस विधिमा तुलनात्मक रूपले थोरै प्रयासमा छिटो निर्णय गर्न, ठूलो मात्रामा मूल्य घटाउन तथा सेवामा सुधार हासिल गर्न सम्भव हुन्छ ।

तर, यो अवधारणाले गर्दा बजारका सबै आपूर्तिकर्ताहरूले आफ्नो प्रस्ताव पेस गर्ने मौका पाए भन्ने कुरा निश्चित गर्न सक्दैन । त्यसमाथि पनि यो एक अनौपचारिक पद्धति हो र यसले कुनै कम्पनीलाई किन छनौट गरियो भन्ने कुराको स्पष्टोक्ति दिन निर्णय लिने प्रक्रियालाई सहायता गर्दैन । यी कारणहरूले गर्दा यो अवधारणालाई सरकार वा दाताको सहायतामा गरिएका ठूला राशिका खरिदमा स्वीकार गरिँदैन ।

३. प्रतिस्पर्धात्मक बिडिङ (बोलपत्र)

यो एक निकै औपचारिक र व्यवस्थित अभ्यास हो जसमा प्रक्रियाको प्रत्येक चरणलाई कडा कानुन र नियमको पालना गरी लिपिबद्ध गरिन्छ । प्रतिस्पर्धामा सहभागी बोलपत्रदाताहरूलाई खुला विज्ञापनमार्फत प्रस्तावित करारका दायरा, स्पेसिफिकेसन तथा नियमका साथसाथै प्रस्तावको मूल्यांकन गरिने आधारहरूका साथ आह्वान गरिन्छ । प्रतिस्पर्धात्मक बिडिङको उद्देश्य वस्तु वा सेवाहरु खुला र स्वच्छ प्रतिस्पर्धामार्फत न्यून मूल्यमा प्राप्त गर्नु हो ।

केही रूचाइएका वा पहिल्यै योग्यता प्रमाणित गरिएका आपूर्तिकर्ताहरूलाई सहभागिताका लागि आह्वान गर्न सकिन्छ (सीमित वा सिलवन्दी बिडिङका हकमा) वा कुनै पनि

कम्पनी सहभागी हुन पाउने गरी खुला विज्ञापन गर्न सकिन्छ (खुला बिडिङ) । बिडिङलाई राष्ट्रियस्तर (National Bidding) वा अन्तर्राष्ट्रियस्तरमा सञ्चालन गर्न सकिन्छ । सार्वजनिक खरिदमा प्रतिस्पर्धात्मक बिडिङ सबैभन्दा प्रचलित अभ्यास हो भने यो ठूलो राशिको कारोबारका लागि कानुनद्वारा ताकिएको एकमात्र पद्धति हो । यसको उद्देश्य भनेको प्रतिस्पर्धा बढाउने र त्यससँगसँगै सबै निर्णयलाई लिपिबद्द गर्ने हो जसले गर्दा एक परीक्षण कायम हुन्छ र त्यसबाट उक्त खरिद स्वच्छ एवं पारदर्शी ढंगबाट राष्ट्रिय कानुनबमोजिम भए नभएको प्रमाणित गर्न सकिन्छ । बोलपत्रको एउटा बेफाइदा भनेको यसमा लाग्ने समय हो । धेरै अवस्थाहरूमा यस प्रक्रियाअनुसारको खरिद सम्पन्न हुनका लागि करिब ६ महिनादेखि ९ महिना लाग्ने गर्दछ ।

लागतको उचित मूल्य

धेरैजसो अवस्थामा, विभिन्न स्रोतबाट ठूलो दायरा भएको उत्पादनहरु दिन सक्ने (प्रायः स्टकबाट) थोक बिक्रेता र खरिद एजेन्टहरूबाट खरिद गर्न रूचाइन्छ । आपूर्ति शृंखलामा थप पात्र समावेश हुँदा (थोक बिक्रेता) मूल्य बढ्ने प्रत्याशा गर्न सकिन्छ । थोक बिक्रेता बजारलाई स्क्यान (हेर्न) गर्न राम्रो स्थितिमा हुने हुँदा बल्कमा (पूर्ण ब्याच) मा किन्छ र यो तरिकाले उत्पादकभन्दा कम मूल्य प्राप्त गर्न सक्ने सम्भावना हुने हुँदा, व्यवहारमा यसो गर्दा आवश्यक रूपमा मूल्य बढ्छ भन्ने हुँदैन । थोक बिक्रेताले प्रत्येक ग्राहकलाई धेरै उत्पादन वितरण गर्ने हुँदा वितरण र प्रशासनिक लागत कम हुन जान्छ । धेरै सन्दर्भमा यो विधि अन्य विधिभन्दा किफायती हुन्छ ।

स्पष्ट रूपमा डिजाइन गरिएको र पर्याप्त मात्रामा विज्ञापन गरिएको बोलपत्रले विभिन्न कम्पनीहरूलाई आकर्षित गर्ने अधिक सम्भावना हुन्छ । कानुनअनुसार बोलपत्र अघि बढाउन अनुमतिका लागि बढीभन्दा बढी बोलपत्र दाताले भाग लिन सक्ने गरी बोलपत्र दाताहरूलाई आकर्षित गर्नुपर्छ । (नोटः एकमात्र प्रभावग्राही बोलपत्र भएमा पनि स्वीकृत गर्न मिल्ने कानूनी व्यवस्था छ ।)

मानौँ कि बोलपत्रले ४ जना बोलपत्रदाताहरु आकर्षित गर्‍यो, त्यसपछिको चरणमा हरेक बोलपत्र खोल्ने र बोलपत्रहरूले प्रशासनिक प्राविधिक आवश्यकता पूरा गरेको नगरेको जाँच गर्ने र प्रस्ताव गरिएको मूल्यहरु तुलना गर्ने । यो प्रक्रियालाई बोलपत्र मूल्यांकन भनिन्छ र यो प्रायः विशेषगरी यसकै लागि नियुक्त गरिएको समितिले गर्ने गर्छ । बोलपत्र मूल्यांकनको प्रक्रिया निकै चुनौतीपूर्ण कार्य हुन सक्छ । मानौँ यदि वितरक 'क'को सबैभन्दा कम मूल्यको बोल छ भने वितरक 'ख'को निकै राम्रो गुणस्तरको, वितरक 'ग'को छोटो निकास समय, र वितरक 'घ' भने धेरै वर्षदेखि उत्कृष्ट सेवा दिने वितरक । Paracetamol Suppositories अनुरोध गरिएको ३० को पोकोमा नभएर २८ को पोकोमा प्रस्ताव गरेको निकै सानो त्रुटिको कारणले वितरक 'घ' हुनुपर्‍यो ।

यस्तो स्थितिमा, ४ जनै मूल्यांकनकर्ताले ४ जना बोलपत्रदाताहरूमध्ये कसैलाई पनि

टेन्डर दिने राम्रो कारण हुनसक्छ । त्यसैले बोलपत्र मूल्यांकनको प्रक्रिया व्यक्तिपरक र व्यक्तिगत पूर्वाग्रह उन्मुख हुन सक्छ ।

यस उदाहरणले राम्रोसँग परिभाषित बोलपत्र मूल्यांकनका आधारहरु हुनुको महत्वलाई दर्शाउँछ जसले गर्दा दस्तावेज (जस्तै वित्तीय प्रतिवेदनहरु), रसद (Logistics) (जस्तै Lead-time), वस्तुको गुणस्तर (Shelf-life), सेवा (जस्तैः वारेन्टी) र लागतलाई कति भार तोकिएको छ भन्ने कुरा देखाउँछ । तालिकाहरूले यी प्रत्येक पक्षलाई थप विस्तारमा देखाउँछ र यदि बोलपत्रदाताले कुन कुन पक्षहरूको पालना नगरेको खण्डमा अयोग्य ठहरिन्छ भन्ने कुरालाई परिभाषित गर्दछ ।

मूल्याङ्कनका यी मापदण्डहरु र तिनको भार बोलपत्र सुरू गर्नुअघि नै परिभाषित गरिनुपर्छ र बोलपत्रदाताहरूलाई सूचित गरिनुपर्छ । बोलपत्रको मूल्याङ्कन बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएका मूल्याङ्कका आधारमा मात्र हुनुपर्छ । बोलपत्र मूल्याङ्कनको चरणमा नयाँ मान्यता जोड्नु वा भारको अनुपात परिवर्तन गर्नु उचित हुँदैन ।

मूल्यको मूल्यांकन प्रक्रियालाई सुविधाजनक बनाउन, बोलपत्रदाताहरूका लागि लागतको नमुना (टेम्पलेट) प्रदान गर्नु राम्रो अभ्यास हो । यसले सबै बोलपत्रदाताहरूले आफ्नो मूल्य निर्धारण एकै तरिकाले प्रदान गर्ने (जुन सजिलै तुलना गर्न सकिन्छ) कुराको सुनिश्चितता गर्छ ।

सार्वजनिक खरिदको करारलाई स्वच्छ ढंगबाट अवार्ड गरिनुपर्छ र त्यसले लागतको उचित मूल्य (Value for Money छोटकरीमा VFM)) प्रदर्शन गर्नुपर्दछ । VFM हुनलाई सबैभन्दा कम लागत प्रस्ताव गरिएको बोलपत्रलाई अवार्ड दिनुपर्छ भन्ने आवश्यक हाइन । थप लागत (अदृश्य लागत), गुणस्तर र प्रस्तावित सेवाहरूलाई समेत ध्यानमा राखिनुपर्दछ ।

VFM भन्नाले न्यूनतम सम्पूर्ण लागतमा वस्तु वा सेवा खरिद गर्नु हो जुन उद्देश्य र स्पेसिफिकेसनसँग मेल खान्छ । न्यूनतम सम्पूर्ण लागतमा नभएको वस्तुको छनौट गरिएको अवस्थामा अतिरिक्त रूपमा थपिएको मूल्य स्पष्ट र स्पष्टीकरण दिन सकिने खालको हुनुपर्दछ ।

आपूर्तिकर्ताको बीडको मूल्यांकनलाई मूल्यांकनका आधारहरूमा मात्र गरिनुपर्दछ जुन करारको विषयसँग सान्दर्भिक हुनु जरूरी छ भने कुनै पनि अतिरिक्त पक्ष जसले उच्च दरलाई स्पष्ट पार्दछ ती कुरा यी निश्चित गरिएका आधारअनुकूल हुनुपर्दछ।

लागतको उचित मूल्यका उदाहरणहरू

यसको मतलब, औषधिको हकमा, उत्पादनहरूले निश्चित गुणस्तरको पालना गर्नुपर्ने हुन्छ, साथै आपूर्तिकर्ताले लामो सेल्फ लाइभ्स (Shelf-lives) बाँकी रहेको उत्पादन आपूर्ति गर्नुपर्ने तथा समयमै वितरण गर्नुपर्ने जस्ता सेवा स्तर पूरा गर्नुपर्ने हुन्छ ।

चिकित्सा उपकरणका लागि Test Reagents को आपूर्ति, मर्मत तथा कर्मचारी परिचालन समय लगायतको समग्र चालू लागतलाई पनि ध्यान दिनुपर्छ ।

कुन आपूर्तिकर्ता (हरू) लाई करार प्रदान गर्ने हो सोको सिफारिस बोलपत्रको नतिजा हो । यो त्यो ठाउँ हो, जहाँबाट सम्झौता व्यवस्थापनको सुरूवात हुन्छ : यसपश्चात् सम्झौता लेखिनुपर्छ । त्यसमा सहमति हुनपर्छ र स्वीकृत तथा हस्ताक्षर हुनु पहिले त्यसउपर सम्भवतः परिमार्जन हुनुपर्छ ।

त्यसपछि आपूर्तिकर्ताले उक्त सम्झौता कार्यान्वयन गर्नुपर्छ र त्यस्तो कार्यान्वयनउपर सहमति भएको नियम तथा सर्तको पालना भए-नभएको विषयमा अनुगमन गर्न आवश्यक हुन्छ । सम्झौता कार्यान्वयनका क्रममा वित्तीय स्थानान्तरण, सम्भवतः सम्झौताउपर संशोधन, गुनासाहरु तथा आपूर्तिकर्ता सहमत भएअनुसार आपूर्ति गर्न असफल भएमा सजायका उपाय हुन्छन् र वारेन्टीका लागि अपिल गर्नुपर्ने हुन सक्छ । यी सबै चरणहरूमा सही र विस्तृत कागजात र उचित फाइलिङ आवश्यक हुन्छ ।

भौतिक वस्तुहरूको आपूर्ति वा आधारभूत कार्यहरु र सेवाहरूको डेलिभरीका सन्दर्भमा, आवश्यक उत्पादनहरु र सेवाहरु समयमै वितरण गरिएको छ/छैन वा उनीहरूले स्पेसिफिकेसनअनुरूपको गुणस्तर पूरा गरे-गरेनन् भन्ने कुरा सहजै स्थापित गर्न सकिने भएकाले, सम्झौता व्यवस्थापन तुलनात्मक रूपमा सीधा हुन्छ । यहाँसम्म कि यसले मानक म्याट्रिक्सको प्रयोगबाट आपूर्तिकर्ताको कार्यको मूल्यांकन गर्न तथा विभिन्न आपूर्तिकर्ताहरूबीच तुलना गर्न सम्भव बनाउँछ । यद्यपि, व्यवहारमा, यो वास्तवमै धेरै जटिल हुनसक्छ ।

उदाहरण : कुनचाहिँ उपयुक्त ?

एक परियोजनाका लागि देशको विभिन्न भागमा रहेका अस्पतालमा ३ ठीक उस्तै शल्य कक्ष (Operation Theatre) निर्माण गर्न आवश्यक हुन्छ । यसका लागि ३ अलग-अलग कम्पनीसँग सम्झौता गरिएको हुन्छ, जसअन्तर्गत हरेक कम्पनीलाई एक-एक अस्पताल तोकिदिइएको छ । कम्पनी A ले ३ महिनाको समयभित्र सम्पन्न गर्ने लक्ष्य लियो । करार समाप्तिको समयमा उनीहरूले आफूलाई अतिरिक्त २ हप्ता लाग्ने कुरा बताए किनभने उक्त क्षेत्रमा ठूलो बाढी आएका कारण त्यहाँसम्म पुग्न एवं निर्माण सामग्री लैजान कठिन छ । उनीहरूले ३.५ महिनामा सन्तोषजनक रूपमा काम सम्पन्न गरे तर उनीहरूले भैपरी आएको परिस्थितिका कारण ५ प्रतिशत थप भुक्तानीको माग गरे ।

कम्पनी B ले ४ महिनाको समयभित्र सम्पन्न गर्ने लक्ष्य लियो र उनीहरूले ठीक सोही समयमा काम सम्पन्न गरे । तर, उनीहरूमाथि सीपविहीन एवं कम उमेरका कामदारहरूलाई काममा लगाएको भनी थुप्रै उजुरी थिए । साथै, गुणस्तरसँग सम्बन्धित विषयहरूसमेत थिए जसलाई स्वतन्त्र परीक्षणको आवश्यकता पर्छ । यसले परियोजनामा अतिरिक्त लागत थपिने देखाउँछ ।

कम्पनी C ले ५ महिनाको समयभित्र सम्पन्न गर्ने लक्ष्य लियो भने भनेअनुसारको गुणस्तरमा नै

भनेको समयमा नै उक्त काम सम्पन्न गऱ्यो ।
यदि भनेको समयमै काम सम्पन्न गर्नुपरेमा कुनचाहिँ ठेकेदार (Contractor) सबैभन्दा उत्तम हुन्छ ?
कम्पनी A, किनभने उनीहरु सबैभन्दा छिटो छन् ? (उनीहरूलाई करार गरेको भन्दा २ हप्ता बढी आवश्यक पऱ्यो त्यसैले अतिरिक्त भुक्तानीको माग गरे ?
कम्पनी B, किनभने उनीहरु तोकिएको समयमा काम सम्पन्न गर्ने पहिला थिए ?
कम्पनी C, किनभने उनीहरूले विनाकुनै अतिरिक्त लागत वा समस्या समयमै काम सम्पन्न गरे ?

यी सामान्य उदाहरण हेरिसकेपछि जटिल खालका कार्यहरूको खरिद र त्यसमाथि पनि निर्माणकार्य, परामर्श र सूचना प्रविधिजस्ता प्राविधिक कार्य एवं सेवाहरु प्रायः धेरै जटिल एवं व्यवस्थित गर्न कठिन हुने कुराको अनुमान गर्न सकिन्छ ।

भ्रष्टाचारका केही स्वरूप

भ्रष्टाचार व्यक्तिगत लाभका लागि प्रदत्त अख्तियारीको (शक्तिको) दुरूपयोग हो । यो विभिन्न स्वरूपमा अभिव्यक्त हुनसक्छ । धेरै देशहरूमा, स्वास्थ्य सबैभन्दा भ्रष्ट क्षेत्रमध्येमा पर्दछ । यहाँ खरिद सम्बन्धमा सामान्यरूपमा सामना गरिएको भ्रष्टाचारका विभिन्न अभिव्यक्त स्वरूपहरु छन् ।

किकब्याक्स् (Kickbacks) : निश्चित अनुग्रहबापत भुक्तान गरिने पुरस्कार 'किकब्याक्स्' हो । उदाहरणका लागि ठेक्का प्रदान गरिएमा, आपूर्तिकर्ताले खरिद प्रमुखलाई कुल ठेक्काको १० प्रतिशत रकम गोप्य रूपमा प्रदान गर्ने वचन दिएमा त्यस्तो भ्रष्टाचार 'किकब्याक्स्' हो ।

मिलेमतो : अरूलाई ठग्न गरिने गोप्य सहयोग/सहकार्य अथवा छलपूर्ण सम्झौता मिलेमतो अथवा मिलिभगत हो ।

स्पेसिफिकेसन (Specification) सम्बन्धी भागमा हामीले उल्लेख गरेको उदाहरणले स्पेसिफिकेसन बनाउने समूह (हरियो सिसाको बोतलको विवरणसहित) र ठ्याक्कै त्यस्तो प्रकारको बोतल आपूर्ति गर्ने उत्पादकबीच मिलिभगत हुनसक्ने सम्भावनालाई इंगित गर्छ । एकभन्दा बढी बोलपत्रदाताहरूबीच पनि मिलिभगत हुन सक्छ । जस्तैः एउटा सुसज्जित एम्बुलेन्स (बिरामी बोक्ने गाडी) खरिदका लागि बोलपत्र आह्वान भएको छ । त्यस्तो एम्बुलेन्सको खास मूल्य $२००,००० (दुई लाख डलर) जति पर्न आउँछ । तर देशभित्र त्यस्तो सुसज्जित एम्बुलेन्स आपूर्ति गर्ने क्षमता भएका आपूर्तिकर्ता जम्मा ३ वटा मात्र छन् (क, ख र ग) । यी आपूर्तिकर्ता कम्पनीहरु नियमित रूपमा एकआपसमा भेट गर्छन् र आफ्नो उत्पादनको मूल्य बढाउन आपसमा मिल्छन् (Collude) । जस्तो कि यी कम्पनीहरूले यो पटकका लागि कम्पनी 'क'लाई जिताउने भनेर सहमति गर्न सक्छन् । त्यसका लागि, कम्पनी 'ख' र 'ग'ले क्रमशः $३०५,००० र $३००,००० को उच्च मूल्यमा प्रस्ताव पेस गर्ने र कम्पनी 'क' मूल्य

$२९५,००० को प्रस्ताव पेस गर्ने भनेर एकआपसमा सहमति गर्छन् र सो हुँदा कम्पनी 'क' को प्रस्ताव अन्यको भन्दा कम मूल्यको रहेको हुँदा सो कम्पनीले खरिद सम्झौता प्राप्त गर्नेछ । यसो हुँदा कम्पनी 'क'लाई ठूलो फाइदा हुन जान्छ र भविष्यमा हुने अन्य खरिद प्रक्रियामा अन्य कम्पनीहरूलाई सोहीअनुसार अनुग्रहपूर्ण व्यवहार कम्पनी 'क'ले गर्छ ।

बल्क ब्रेकिङ (Bulk Breaking) **:** हामीले धेरै राष्ट्रिय खरिद व्यवस्थामा निर्धारित मूल्यभन्दा माथि निश्चित खरिद विधि अवलम्बन गर्नुपर्ने व्यवस्था देखेका छौं । बल्क ब्रेकिङ भन्नाले मूल्य $१०,००० भन्दा बढी हुने बोलपत्रमा प्रतिस्पर्धी बोलीमा जानुपर्नेमा अनुमानित मूल्य $१०,००० को प्याकेजलाई त्यस्तो प्रतिस्पर्धी बोली हुने व्यवस्थाबाट बच्न दुईवटा फरक प्याकेज निर्धारण गरी खरिद गर्ने तरिका बुझ्नुपर्छ ।

लक आउट स्पेसिफिकेसन : अन्य आपूर्तिकर्ता तथा उत्पादकहरूले स्पेसिफिकेसनको संयोजन अनुरूपको सर्त पूरा गर्न नसक्ने गरी, कुनै विशेष आपूर्तिकर्तालाई अनुकूल हुने गरी स्पेसिफिकेसन तयार पार्नुलाई लक आउट स्पेसिफिकेसन भनिन्छ । जस्तै : एक कार्यक्रमले देशभित्रका स्वास्थ्य केन्द्रहरूमा प्रयोग हुने गरी एक हजारवटा जति फ्रिजको स्पेसिफिकेसन तयार गर्दै थियो । सो फ्रिजहरूको विविध स्पेसिफिकेसनमध्ये देहायका दुई स्पेसिफिकेसनहरू थिए : न्वाइज (ध्वनि) लेवल : ४० डे.ब उचाइ, १४३ से.मि., चौडाइ ५५ से.मि., गहिराइ ५५ से.मि. ।

यी स्पेसिफिकेसनहरू ज्यादै नै विशिष्ट थिए र यसको मतलब यो हुन्थ्यो कि बजारमा यस स्पेसिफिकेसन अनुरूपको फ्रिज एउटा ब्रान्डसँग मात्र थियो । सामान्यरूपमा आधुनिक फ्रिजहरूको न्वाइज रेन्ज ३७-४७ डे.ब. हुन्छ, त्यसो भए ठ्याक्कै ४० डे.ब. भनेर कसैले किन किटान गर्छ ?

भाग्यवश, यस प्रकारको स्पेसिफिकेसन छ भनेर समयमै पत्ता लाग्यो र निम्नअनुसारले उक्त स्पेसिफिकेसनमा परिवर्तन गरियो, न्वाइज (ध्वनि) लेबलः ≤ ४० डे.ब. उचाइ : १४३ से.मि. (+ ८ से.मि.), चौडाइ : ५५ से.मि. (+ ५ से.मि.), गहिराइ ५५ से.मि. (+ ५ से.मि.) ।

आपतकालीन खरिदको प्रयोगमा दुरूपयोग : आपतकालीन अवस्थामा (जस्तै स्टक सकिएमा) खरिदसम्बन्धी नियम लचिलो हुन सक्छन् । आपतकालीन अवस्थाको बहाना गरेर (वा जानाजानी त्यस्तो स्थितिको सिर्जना गरेर) आपतकालीन खरिदमा हुने लचिलो व्यवस्थाको दुरूपयोग गर्न सकिने अवस्था हुन्छ ।

वितरण र बिलमा ठगी : न्यूनतम बोल अंक कबोल गर्नेलाई टेन्डर प्रदान गरेपश्चात् त्यस्तो आपूर्तिकर्ताले थप मूल्य जोडेर वा उल्लिखित परिणाम वा गुणअनुरूपको सेवा वस्तु आपूर्ति गर्दैन भने त्यस्तोलाई वितरणमा ठगी मानिन्छ । आपूर्तिकर्ताले गलत, नक्कल वा मूल्य बढाएर बिजक प्रस्तुत गर्नु बिलमा ठगी हो ।

परिच्छेद-२

ओसी हब (Open Contracting Hub)

ओसी हब (www.oc-hub.org) एक अन्तर्क्रियात्मक अनलाइन प्ल्याटफर्म हो । यसका पाठ्य सामग्रीमा ओसी हब परिचय, विशेषता, साधन, ओसी हब एप, सान्दर्भिक प्रश्नावली, ओसी–हब प्रयोगकर्ताका लागि दर्ता प्रक्रिया आदि छन् जसमध्ये आफूले सिक्न चाहेको विषयअनुसार विकल्प चुन्न सकिन्छ । जुन भाग (Module) छनोट गर्यो सोहीअनुसार सिकाइको यात्रा प्रारम्भ हुन्छ । अतिथि तथा प्रमाणित प्रयोगकर्ता दुवैले यस हबको पहिलो पृष्ठमा रहेको 'सबै पाठ्यक्रमहरु' भन्ने बटन क्लिक गरेर धेरैजसो सामग्री प्रयोग गर्न सक्नुहुनेछ । यद्यपि OC4H प्रमाणपत्र प्राप्त गर्ने जस्ता केही निश्चित सामग्रीहरूमा अतिथि प्रयोगकर्ताको पहुँच हुनेछैन । त्यसका लागि भने सदस्य बन्नैपर्ने हुन्छ । ओसी हबका चार प्रकारका तरिकाले फरक तहको गहनता प्रदान गर्छन् । पहिलो ६ परिच्छेदहरु आधारभूत कुराहरु (The Basics) मा सामान्य जानकारी प्रदान गरिएको छ भने गहिरो डुबुल्की (Deeper Dives) तथा आँकडासम्बन्धी अध्यायहरूमा अझ विस्तृत र प्रयोगकर्ता अनुरूपको सामग्री रहेका छन् ।

ओसी हबका मूल विषय र लिङ्क

१. आधारभूत कुराहरू (The Basics) : यसमा ओसी हबका ६ मूल परिच्छेद पर्दछन् । यसले प्रयोगकर्तालाई खुला करारका अवधारणा र आधारभूत कुराहरु सिक्ने मौका प्रदान गर्छ । यी परिच्छेदहरु अतिथि (Guest) लाई उपलब्ध छन् र यी परिच्छेदहरु पूरा गर्न धेरै लामो समय लाग्दैन । यी परिच्छेदहरूको माध्यमबाट तपाईंले खुला करार के हो, बृहत् रूपमा खरिद प्रक्रिया, यसको स्थान, विभिन्न तहमा हुने सेवा प्रवाहसँग यसको सम्बन्ध तथा खुला करारलाई दिगो र सफल बनाउने मुख्य तत्वहरूबारे सिक्न सकिन्छ ।

२. र ३. कसरी र गहिरो डुबुल्की (Deeper Dives)

यी स्वास्थ्यका लागि खुला करार परियोजनाअन्तर्गत गरिएको मूल्याङ्कनबाट प्राप्त ओसी–हबका प्रयोगकर्ताहरूको पृष्ठभूमिअनुसारको पाठ्यक्रम हुन् । सरकारी निकायका प्रयोगकर्ताहरूले थप दक्षता प्राप्त गर्न तथा प्रक्रियालाई सुधार गर्न सरकारी खुला करारको प्रयोग विधि सिक्नेछन् भने नागरिक संस्थाका प्रयोगकर्ताहरूले खुला करारको वकालत कसरी गर्ने भन्नेबारे आधारभूत ज्ञान र एक गहन कोर्सका रूपमा गैरराज्य पक्षका रूपमा करारउपर निगरानी कसरी सुरू गर्न सकिन्छ भन्ने कुरा सिक्नेछन् । विभिन्न देशहरूबाट थप सामग्री अपलोड भएसँगै, यी पाठ्यक्रमहरु अद्यावधिक गरिनेछ ।

४. डाटा ल्याब

'डाटा ल्याब' कोर्सले Open Contracting Data Standard र सान्दर्भिक कोडिङ सम्बन्धमा सीपमूलक परिचय प्रदान गर्दछ । यो खुला करारभित्रका कोडिङ बुझ्न चाहने जो कोहीलाई सहयोगी हुन सक्छ । यहाँ खुला करारको डाटा प्रयोग गरी सरल किसिमको बजार विश्लेषण कसरी गर्ने भन्नेमा छुट्टै विशेष परिच्छेदसमेत रहेको छ ।

छलफल हब

खुला करारसँग सान्दर्भिक विषयहरूमा छलफल गर्न ओसी हबले 'फोरम'को व्यवस्था गरेको छ । अधिकांश अध्यायहरूमा एउटा बटन हुनेछ जसलाई क्लिक गरेमा, प्रयोगकर्तालाई सम्बन्धित प्रश्न वरपरको छलफलमा पुऱ्याउनेछ । तपाईं स्वयंको छलफल पनि थप्न सक्नुहुन्छ, 'प्रश्न-उत्तर छलफल'मा प्रवेश गरेर अन्य छलफलहरू हेर्न सक्नुहुन्छ, जहाँ सबै थ्रेडहरूको सूची रहन्छन् । यसका लागि गृह पृष्ठमा एउटा बटन तथा माथि रहेको 'टुल्स' भन्ने ड्रपडाउनमा विकल्पका रूपमा रहेको छ । तपाईं हराउनुभयो भने, तपाईंले सधैँ नै गृहपृष्ठमा छलफल हब भेट्नु हुनेछ ।

कोर्स तथा तिनको कठिनाइ (Course Difficulties)

ओसी-हबमा रहेका कोर्सको कठिनाइको फरक-फरक स्तर छ । टाइल्समा रहेको रङले कठिनाइको स्तर र आवश्यक समयको प्रतिनिधित्व गर्छ ।

आधारभूत (Basic) : **गुलाबी**	**मध्यम** (Intermediate) : **निलो**	**उच्च** (Advanced) : **सुन्तला रङ**
यी कोर्सहरू खुला करारको अवधारणा बुझ्न इच्छुक तर वास्तवमै खुला करार लागू नगर्ने प्रयोगकर्ताहरूका लागि हो । औसत समय प्रतिकोर्स : २० मिनेट	मध्यम स्तरको कोर्सले 'कसरी' र Deep Dives प्रदान गर्छन् । यस कोर्सले खुला करारलाई कसरी कार्यान्वयन गर्न सकिन्छ भनेर विस्तृत व्यहोरा प्रदान गर्छ । औसत समय प्रतिकोर्स : ४० मिनेट	यस कोर्सले कोडिङ, आँकडाको विश्लेषण तथा बजार विश्लेषण समेट्छ । यदि तपाईंलाई ओसीको डाटा चलाउनुछ भने यस कोर्स लिनुहोला । औसत समय प्रतिकोर्स : ६० मिनेट

तालिका १ : ओसी हब कोर्सको कठिनाइ अनुसारको स्तर

TRANSPARENCY INTERNATIONAL
the global coalition against corruption

Certificate of Training

This is to certify that

Tumburu Gautam

Has completed the online training course "Procurement and Open Contracting"

December 25, 2019

Tom Wright
Senior Research and Policy Officer

चित्र १ : OC-HUB कोर्स समापनपछि प्राप्त हुने प्रमाणपत्रको नमुना

यहाँ उपलब्ध केही कोर्सहरु प्रमाणित छन्, भन्नुको मतलब उल्लिखित कोर्सअन्तर्गत रहेका सबै गतिविधिहरु सकेमा, तपाईंले आफ्नो बायोडाटामा थप्न मिल्ने गरी डाउनलोड गर्न मिल्ने प्रमाणपत्र प्राप्त गर्नु हुनेछ । कुनै कोर्स प्रामाणित कोर्स हो वा होइन भन्ने थाहा पाउन, दायाँतर्फको तस्बिरमा देखाएअनुसार, अगाडिको पृष्ठको विवरणमा रहेको (CERTIFICATED) भन्ने ट्याग हेर्नुहोला ।

खुला करार आँकडाको मापदण्ड (OCDS)

खुला करार आँकडाको मापदण्ड (OCDS) खुला करारलाई हासिल गर्नका लागि अन्तर्राष्ट्रिय रुपमा परिचित विधि हो । यसले यस्तो एक ढाँचाको निर्माण गर्छ, जुन मेसिनले पढ्न सक्दछ (Machine Readable) भने यसलाई विभिन्न राष्ट्र एवं संगठनहरुबीच समान ढाँचामा कायम गरिएको हुन्छ । खुला करार आँकडाको मापदण्ड (OCDS) लाई सरकारको सदाचारिता र विश्वसनीयतामा अभिवृद्धि गर्नुका साथै खरिद प्रणालीको गरिमा बढाउने कुराको पुष्टि भएको छ । यसका फाइदा माथि लेखिएका छन् तर यसले छिटो एवं उचित विश्लेषणमा सहयोग गर्नेदेखि लिएर अरू Dataset सँगको तुलनात्मक विश्लेषणलाई समेत सहयोग पुऱ्याउँछ ।

हामीले खुला करार आँकडाको मापदण्ड (OCDS) के हो र के होइन भन्ने कुरा कसरी थाहा पाउने ?

- खुला करार आँकडाको मापदण्ड (OCDS) ले तीनवटा परीक्षा उत्तीर्ण गरेको हुनुपर्दछ :
- यो JSON ढाँचामा हुनुपर्दछ वा सो ढाँचामा सजिलै परिवर्तन गर्न सकिने खालको हुनुपर्दछ ।
- यसले OCDS Release Schema को अनुसरण गरेको हुनुपर्दछ ।
- यसले OCDS Codelists को प्रयोग गर्दछ ।

सामान्यतः यी परीक्षाहरू पास गर्ने आँकडाहरू Releases जुन OCDS का मूल नतिजाहरू हुन् । यदि यी सबै परीक्षाहरू पास हुन्छन् भने मात्र OCDS Validator बाट यो मान्य भएका कुराको निर्क्योल हुन्छ । तर, आँकडामा विभिन्न तत्वहरू हुने भएकाले छोटो समयभित्र ती सबै समावेश गर्न नसकिने कुराको मनन गर्नुपर्दछ । उदाहरणका लागि, Release लाई विभिन्न तरिकाबाट संग्रह गर्न सकिन्छ भने OCDS Data लाई Json बाहेक =CSV ढाँचामा मान्यता दिन सकिन्छ (OCDS Validator मार्फत परिवर्तन गर्न सकिने बेलासम्म) । त्यसबाहेक, मान्य OCDS Data ले OCDS Validator मा अझै पनि त्रुटि पैदा गर्न सक्दछ ।

यस परिच्छेदलाई करार आँकडाको मापदण्ड (OCDS) को अवधारणात्मक परिचयका रूपमा लिन सकिनेछ । यसले प्रयोगकर्तालाई करार आँकडाको मापदण्ड (OCDS) का यस्ता तत्वहरूको परिचय दिई करार आँकडाको मापदण्ड (OCDS) के हो र यसले कसरी यस्ता परीक्षाहरू पास गर्छ भन्ने कुराको व्याख्या गर्छ ।

अन्त्यमा, तपाईंले करार आँकडाको मापदण्ड (OCDS) का लागि आवश्यक मुख्यमुख्य पक्षहरू के के हुन् भन्ने कुरा जान्नुहुनेछ भने तपाईंले चाहेको खण्डमा करार आँकडाको मापदण्ड (OCDS) का थप जटिल पक्षहरूबारे अध्ययन गर्न सक्नुहुनेछ । यस परिच्छेदमा रहेका भागहरूलाई दायाँ प्यानलमा दिइएको छ ।

विश्वव्यापी सिद्धान्त एवं अवधारणा

व्यवसायीहरूका लागि खुला करार आँकडा (Open Contracting Data) ले बजारमा रहेका उपयुक्त अवसरहरू उजागर गर्दछ, जसले साना तथा मझौला व्यवसायीहरूलाई सार्वजनिक खरिदमा प्रतिस्पर्धा गर्ने वा नगर्ने कुराको निर्णय लिन सघाउँछ । नागरिक समाजका लागि खुला करारले लक्षित एवं सुसूचित सहभागितामा सहायता गर्न एवं योजनाको कार्यान्वयनमाथि अनुगमन गर्ने कार्यमा सहयोग पुऱ्याउन सक्छ । छोटकरीमा भन्दा, खुला करारले लागतको उचित मूल्य हासिल गर्नमा योगदान गर्दछ भने विभिन्न सरोकारवालाहरूलाई थरीथरीका फाइदा पुऱ्याउँदछ । खुला करारले सार्वजनिक सेवाप्रवाहमा सुधार ल्याउनमा सहायक भूमिका खेल्दछ जसले गर्दा सरकारले आफ्नो लगानीमार्फत उच्च प्रतिफल प्राप्त गर्दछ ।

- सामान्य JSON ढाँचाको प्रयोग हुन्छ ।
- चाँडोभन्दा चाँडो प्रकाशन : एकपछि अर्को गरी गरिने प्रकाशनमा सुधार ।
- खरिद प्रक्रियाका प्रत्येक चरणको आँकडाको प्रकाशन गर्दछ ।
- सम्पूर्ण खरिद प्रक्रियाको समग्र अभिलेखको सिर्जना गर्दछ ।
- संस्था, टेन्डरबारे जानकारी, सामग्रीहरू, लागत, चरण (Milestones), कागजात आदि अन्य सन्दर्भहरूमा पुनःप्रयोग गर्न सकिने आँकडाको संकलन गर्दछ ।
- तोकिएका आँकडा र कागजातहरूलाई आधारभूत, मध्यम र बृहत् गरी संकलन गरिएको ।
- एकैप्रकारको ढाँचामा आँकडाको प्रकाशन
- आँकडाको संकलन र सोको गुणस्तर सुधारका लागि मार्गदर्शनको प्रयोग ।
- प्रयोगकर्ता एवं खुला स्रोत (Open Source) को समुदायसँग समन्वय ।

खुला करार आँकडाको मापदण्ड (OCDS) को विशेषता

खरिदका सबै चरणहरूका आँकडा र कागजातहरूलाई एक समान आँकडाको ढाँचामा परिभाषित गरी सोको खुलासाका लागि प्रत्याभूति गर्दछ । खुला करार आँकडाको मापदण्ड (OCDS) ले खरिदका सबै चरणहरूका आँकडा र कागजातहरूलाई एक समान आँकडाको ढाँचामा परिभाषित गरी सोको खुलासाका लागि प्रत्याभूति गर्दछ ।

विश्वव्यापी रूपमा खरिदसँग सम्बन्धित बहुसंख्यक आँकडाहरू हजारौँ खालका ढाँचाहरू एवं व्यवस्थापनमा राखिएका हुन्छ । यसको अर्थ करार एवं खरिदसँग सम्बन्धित कार्यको अनुगमन गर्न जटिल छ भन्नु हो । उदाहरणका लागि, विभिन्न कारणहरूले गर्दा खरिद कुन मुद्रामा गरिएको हो भनी अभिलेख राख्नु महत्वपूर्ण हुन्छ । यसलाई कसरी अभिलेखीकरण गर्नुपर्दछ ? युगान्डाको उदाहरण लिँदा के मुद्रालाई युगान्डन सिलिङ, UGX वा सिलिङ USh मा अभिलेखीकरण गरिनुपर्दछ ?

यो खासै महत्व नराख्ने सरल उदाहरणजस्तो देखिन सक्दछ । तर, खरिद प्रणाली यस्ता प्रकारका हजारौँ फिल्ड मिलेर जटिल बनेको हुन्छ जसलाई अभिलेखीकरण गर्नुपर्ने हुन्छ । यस्ता खालका अनिश्चितता सबै फिल्ड भएको कुरा सोच्नुहोस् । यसलाई बुझ्नका लागि एउटा कम्प्युटरलाई दशौँ लाख विभिन्न इनपुट (Inputs) बुझ्नुपर्ने हुन्छ । OCDS ले के गर्दछ भने यसले खरिदसम्बन्धी आँकडाको व्यवस्थापनलाई एउटा मापदण्डमा ढाल्दछ । युगान्डाको सिलिङ (Shilling) लाई UGX अन्तर्गत अभिलेखीकरण गर्नुपर्दछ । यसले सबै प्रक्रियालाई सरलीकृत गर्दछ भने आँकडालाई अभिलेखीकरण गर्न सकिने विभिन्न तरिकाहरूलाई कम गर्दछ । यसले गर्दा आँकडालाई मेसिनले पढ्न सक्ने ढाँचामा राख्ने सिद्धान्तको निर्माण गरी पारदर्शितालाई सुनिश्चित गर्दछ ।

OCDS ले गर्दा आँकडालाई मेसिनमा हाली त्यसबाट विश्लेषण गर्न एवं दृश्यावलोकन (Visualisations) को निर्माण गर्न, Red Flags एवं भ्रष्टाचारको सम्भावनाहरूको प्रवृत्तिको विश्लेषण गर्न सकिन्छ । यस्तो कार्य गर्नका लागि मानवलाई लाग्नेभन्दा नगन्य समय लाग्दछ । OCDS विश्वव्यापी अभियानको अंग भएका कारण आँकडालाई विश्वव्यापी रूपमै तुलना गर्न सकिन्छ जसले गर्दा कमीकमजोरीहरूबारे जान्न सकिन्छ । यदि हामीले खुला करारलाई अन्तिम लक्ष्यका रूपमा हेर्ने हो भने OCDS यसको प्राप्तिका लागि सबैभन्दा प्रभावकारी औजारका रूपमा कायम भएको छ ।

सरकारी विद्युतीय खरिद (E-GP) सरकारले सार्वजनिक क्षेत्रमा आवश्यक आफ्ना आपूर्तिकर्ताहरूलाई कार्य, वस्तु तथा परामर्शका सेवाहरु खरिदका गतिविधिहरु सञ्चालन गर्नका लागि अपनाएको सूचना प्रविधि हो । E-GP को अवलम्बनमा खुला करार (Open Contracting) एवं OCDS लाई सहजीकरण गर्नसक्ने क्षमता छ ।

विद्युतीय प्रणालीले खरिदमा खुलापन (जस्तैः तत्काल सूचना उपलब्ध हुने विशेषता एवं सबै आपूर्तिकर्ताहरूको जिज्ञासाहरूको सम्बोधन) का लागि अवसर प्रदान गर्दछ । E-GP मा खुला करारलाई समायोजना गर्दा हासिल हुने फाइदाहरूबारे थप विस्तृतमा हेरौँः

सूचना प्रविधि पूर्वाधारमा कम भार

OCDS ले सूचना प्रविधिमा पर्ने भारलाई उल्लेख्य रूपमा कम गर्न सक्दछ र सीमित इन्टरनेट भएका राष्ट्रहरूमा समेत E-GP मार्फत कारोबार गर्नमा सहजता ल्याउँदछ । केही मेगाबाइटको बोलपत्रको कागजातबारे बलिया तर्क छन् तर बोलपत्र एवं करारका आँकडाका प्रयोगमा आउन सक्ने OCDS का केही किलोबाइटका अझै धेरै छन् ।

प्रणालीलाई विकेन्द्रित गर्न सहायता

E-GP ले क्रेता एवं बिक्रेताका सम्पूर्ण खरिद प्रक्रियाको मिहिन आँकडालाई मेसिनले पढ्न सक्ने (Machine Readable) एवं OCDS सम्मत खरिदका आँकडालाई संकलित गर्न एक व्यावहारिक समाधान दिन्छ । E-GP विकेन्द्रित खरिद प्रणालीलाई कार्यान्वयनमा ल्याउने एक अत्यावश्यक औजार हो (जुन अपरिहार्य बनिरहेको छ) किनभने यसले देशभरका सयौँ खरिद गर्ने निकायहरूका आँकडाहरु संकलन गर्न सक्दछ । करारमा भएको विवरण र करारको कानुनी संरचनाले के सार्वजनिक गर्नुपर्छ भन्ने जानकारी दिन्छ ।

यदि तपाईंले पर्याप्त जानकारी संकलन गर्न सक्नुहुन्न वा तपाईंलाई उपलब्ध गराइएको जानकारीप्रति भरोसा पनि छैन भने तपाईंले करारसम्बन्धी तपाईंको आफ्नै आँकडासमेत संकलन गर्न सक्नुहुनेछ ।

थप जानकारी

- तपाईंले काम गर्ने बजारबारे बुझ्न OCDS एक मूल्यवान औजार हुने हुँदा यसलाई बजारका अन्य जानकारीसहित राख्नु महत्वपूर्ण हुन्छ । बजार अध्ययनलाई मान्यता दिन वा समर्थन गर्न अन्तर्वार्तादेखि विभिन्न प्रकारका आँकडाहरु (जस्तैः खुला बजेटका आँकडा) जस्ता विभिन्न स्रोतहरूको प्रयोग गर्न सकिन्छ ।
- आँकडालाई हेर्दा मौलिक भई सोच्नुपर्दछ । बिल्कुलै भिन्न निष्कर्ष निकाल्नका लागि विभिन्न तरिकाहरूबाट सम्बन्ध स्थापित गर्न सकिन्छ । त्यसमा पनि खासरूपमा खरिदका विभिन्न चरणहरूमा विभिन्न फिल्ड (Fields) ले कसरी सम्बन्ध राख्न सक्दछ भनी सोच्ने प्रयास गर्नुहोस् । आपूर्तिकर्ताहरूले खरिद र योजनाको जानकारीबीच सम्बन्ध जोड्नु धेरै महत्वपूर्ण हुन्छ ।
- यस परिच्छेदले अवार्ड (Award) र टेन्डरको OCDS Data लाई केन्द्रित गर्नेछ । तर सबै चरणहरूलाई प्रभावकारी रूपमा प्रयोग गर्न सकिनेछ ।
- तपाईंलाई उपयोगी भएसम्म आँकडा (Data) लाई सिलसिलेवार रूपमा हेर्नुहोस् ।
- JSON लाई Excel ढाँचामा परिवर्तन गर्न यदि सहज हुन्छ भने OCDS Validator को प्रयोग गर्नुहोस् ।
- (यदि सिलसिलेवार रूपमा हेरेको खण्डमा) OCDS Data हेर्नका लागि तुलनात्मक रूपमा कम समय लाग्न सक्दछ किनभने धेरै आँकडाहरूलाई संकलित एवं मापदण्डअनुरूप राखिएको हुन्छ जसको अर्थ तपाईंले विविध स्रोतहरूमा हेर्नु पर्दैन । कुनै बचेको समयलाई अन्य डाटासेटर स्रोतहरूमा लगाउनुहोस् (उदाहरण : टेन्डरको पोर्टल) ।

खुला करारको उपयोगिता

खुला करारले खरिदका क्षेत्रमा के भइरहेको छ र के भइरहेको छैन भन्ने कुरामा स्पष्टता ल्याउँछ । यसमार्फत सरकारका विभागहरूले प्रत्यक्ष रूपमा प्रगति हासिल गर्न, आफ्ना सफलताहरु देखाउन र अन्त्यमा जीवनयापनको गुणस्तर कायम गर्न एवं सोमा सुधार ल्याउन सक्छन् । खुला करारले निम्न काम गर्छ :

- वास्तविक रूपमा परिणाम हासिल गरे नगरेको कुराको निर्क्योल गर्छ ।
- तथ्याङ्क संकलन गर्न सरकारको स्रोत नभएको क्षेत्रमा नागरिक समाजलाई तथ्याङ्क संकलन गर्न सहज बनाउँछ ।
- प्रभावकारी नभएका खरिद प्रक्रियाहरूको प्रवृत्तिलाई उजागर गर्छ ।
- प्रवृत्तिको पहिचान र दीर्घकालीन सुधारका लागि रणनीतिको विकास गर्दछ ।
- करारको अनुगमनका लागि सहजीकरण अर्थात् अपूर्ण सम्झौताको सम्भावना कम गर्दछ ।

समग्रमा खुला करारले उत्पादन, सेवा र काम कम लागतमा गुणस्तरीय हुनेछ,

जसले गर्दा सार्वजनिक स्वास्थ्य प्रणालीमा बजेट रोकावटहरूमा कमी आउनेछ । सरकारप्रतिको विश्वास निर्माण भई कम्पनीहरू तथा साना एवं मझौला उद्यमीहरूले सरकारसँग गर्ने संवादमा सुधार हुन्छ । खुला करारले लैङ्गिक समानता, नाफामूलक व्यापार र भ्रष्टाचारमा कमीको अवस्था सिर्जना गर्छ । खुला करारले निम्नलिखित कुराहरूको सहजीकरण गर्नाले सरोकारवालाहरूको लगानीमा अभिवृद्धि गर्नेछ :

- तुलनात्मक रूपमा उचित लागत निर्धारण
- खरिद प्रक्रियामा कहाँ राम्रो भइरहेको छ र कहाँ छैन भन्ने कुराको पहिचान
- लागत कम गर्ने प्रतिस्पर्धातर्फ उन्मुख

अन्तर्राष्ट्रिय अनुभव

१. युगान्डामा सार्वजनिक क्षेत्रमा नि:शुल्क वितरण गर्न विनियोजित गरिएको औषधिबाट अनुमानित दुई तिहाइ औषधि चोरी हुने र ६८-७७ प्रतिशत औपचारिक शुल्क कामदारले लिने गरेको देखिन्छ । संयुक्त अधिराज्य राष्ट्रिय स्वास्थ्य सेवाले कुनै व्यक्ति विशेषले विभिन्न दररेटमा खरिद गरिरहेका सामान्य उत्पादनहरू उत्पादक एवं लागतको आँकडा (Data) मा मापदण्ड कायम गऱ्यो । त्यस्ता आँकडा (Data) को विश्लेषणबाट समग्र मागलाई एकत्रित गरी संयुक्त खरिद गर्न सकिने कुराको पहिचान भयो जसका कारणबाट १५ देखि ५० प्रतिशतसम्मको बचत भयो । युक्रेनमा ProZorro लागू भएपछि त्यहाँ ५० प्रतिशतभन्दा बढी कम्पनीहरूको बोलपत्र पऱ्यो । जसले सरकारी प्रक्रियामा व्यवसायी एवं नागरिकको भरोसा निर्माण गर्न सहायता गऱ्यो ।

२. पाराग्वेमा खुला आँकडा (Open Data) ले गर्दा केही मन्त्रालयका रद्द हुने टेन्डरका संख्यामा कमी आउनुका साथै आधारभूत वस्तुमा बढी खर्च हुने एवं लम्बिएका योजनाहरूका खुलासा भएको थियो । सरकारले प्रायः खरिद गर्ने वस्तुमा पैसाको मूल्य (Value for Money) सुनिश्चित गर्ने नीतिको अंगीकारसमेत गरेको थियो ।

३. सन् २०१३ मा इन्डानेसिया सरकारले एक अध्ययन गरी सरकारी योजनाहरूमा महिलाद्वारा सञ्चालित व्यवसायहरूभन्दा धेरै गुना बढी पुरूषद्वारा सञ्चालित व्यवसायहरू सहभागी रहेको तथ्य सार्वजनिक गऱ्यो । महिलाद्वारा सञ्चालित व्यवसायीहरूले जानकारीमा पहुँच नहुनु सबैभन्दा ठूला अवरोध भएको कुरा व्यक्त गरेका थिए ।

निजी क्षेत्रको विकास र प्रतिस्पर्धामा खुला करारको सकारात्मक प्रभाव रहन्छ । यसका कारण अर्थतन्त्रमा विविधीकरण, सरकारी खरिदहरूमा पारदर्शिता कायम भई व्यवसायीहरूले स्वच्छ रूपमा प्रतिस्पर्धा गर्न पाउँछन् । यसले साना व्यावसायिक अभ्यासलाई प्रोत्साहित गर्छ भने उनीहरूलाई बजारबारे बुझ्न सहजीकरण गरी सहभागिताका लागि प्रेरित समेत गर्छ । खुला करारले निम्नलिखित काम गर्न सक्छ :

- लगानीमा जोखिमको न्यूनीकरण
- सान्दर्भिक जानकारीको पहुँचमा कम लागत

- उत्पादनमा नवीनतम प्रयोगमा अभिवृद्धि
- अन्तर्राष्ट्रिय लगानीका लागि स्थानीय बजारको विश्वसनीयता निर्माण
- बजारबारे ज्ञान बढ्नाले उपयुक्त प्रस्ताव आउने वातावरणको सिर्जना

खुला करारको उपयोगबाट महिला एवं बालिकाहरूलाई उपलब्ध गराइने स्वास्थ्य सामग्रीहरू तथा सेवाको गुणस्तर एवं प्रकारमा प्रत्यक्ष प्रभाव पर्छ । खुला करारले परिवार नियोजन तथा यौन र प्रजनन स्वास्थ्यसँग सम्बन्धित औषधि एवं उपकरणको गुणस्तर र सोको पहुँचमा सुधार गर्छ । मातृस्वास्थ्यसँग सम्बन्धित स्वास्थ्य उपकरणहरूको अनुगमनमा सहजीहरण गर्छ । महिलाद्वारा सञ्चालित व्यवसायहरूलाई दिइएका योजनामा भएका असमानताको पहिचान गरी सोमाथि निगरानी राख्छ । कम्पनीहरू एवं सरकारहरूले भ्रष्टाचारजन्य सम्झौताका लागि अपारदर्शी खरिद प्रणालीको लगातार उपयोग गरिरहेको भन्ने प्रमाणित गर्न प्रशस्त प्रमाणहरू छन् । सन् २०१५ मा Global Witness ले एक अनुसन्धान प्रकाशित गरी त्यस्ता शक्तिशाली व्यक्तिहरूले नाफा लुकाउनका लागि बेनामी कम्पनीहरूको एक सञ्जालको प्रयोग गरिरहेको कुरा बाहिर ल्याएको थियो । सबै सरोकारवालाहरूको (नागरिक समाज, निजी क्षेत्र, सरकार एवं दाताहरू)ले सार्वजनिक खरिदमा हुने भ्रष्टाचारको पहिचान गरी सोको रोकथाम गर्नमा चासो रहेको हुन्छ । खुला करारले निम्न काम गर्न सक्छ :

- कुनै पनि खरिदको सत्यतथ्य खोतल्नमा सहयोग गर्छ ।
- खरिद प्रणालीमा भएका प्रवृत्ति एवं संदेहात्मक अभ्यासहरूको पहिचान गर्छ ।
- प्रणालीमा सुधार गर्नुपर्ने क्षेत्रको पहिचान गर्दछ भने सफलताका क्षेत्रहरूलाई उजागर गर्दछ ।

परिच्छेद-३

अनुगमनका लागि औजारहरू

यदि तपाईं OC-Hub पोर्टलमा दर्ता भएको प्रयोगकर्ता हो भने, स्क्रिनको बायाँतर्फको उपल्लो भागमा क्लिक गरेर विस्तार गर्न सकिने Navigation Drawer बाट OC-Hub मा रहेका विभिन्न सामग्रीहरु डाउनलाड गर्न सक्नुहुन्छ । खुला करार बुझ्न तथा कार्यान्वयन गर्न सहयोगी हुने विभिन्न सामग्रीहरु यहाँ छन् । OC4H परियोजनाको प्रगतिसँगै यो पनि अद्यावधिक हुनेछ । सबै मुख्य स्मार्ट फोनहरूमा ओसी–हबको एप उपलब्ध छ । डाउनलोड गर्न स्क्रिनको उपल्लो भागमा रहने यस्तो आइकनलाई क्लिक गर्नुहोस् । डाउनलोड गरेपश्चात्, यो एप अफलाइनमा पनि प्रयोग गर्न सकिन्छ र यसभित्र रहेका कोर्स गर्न सकिन्छ ।

१. समुदाय फारमहरू

कुनै समस्या वा विषयका बारेमा जानकारी दिन वा लिन मानिसको जमघट । यसमा सामान्यतः स्पष्ट सार्वजनिक अजेन्डा हुनुपर्दछ, होसियारीपूर्वक स्थान, समय र भाषाको छनौट भएको हुनुपर्दछ जसले गर्दा स्थानीय प्राथमिकता एवं जिम्मेवारीहरूको सम्बोधन हुने कुरा सुनिश्चित गर्न सकिन्छ ।

२. सामुदायिक सुझाव पेटिकाहरू

सजिलै भेट्न सकिने सार्वजनिक स्थानमा राखिएका पेटिकाहरु । समुदायका सदस्यहरूले बेनामी उजुरी, सुझाव वा प्रश्नहरु राख्न सक्नेछन् । पेटिकालाई पूर्वनिर्धारित समय (जस्तै साप्ताहिक रूपमा) मा खोलिन्छ र प्रत्येक सुझावलाई सम्बोधन गरिन्छ ।

३. असल छिमेकी सम्झौता

सम्झौताहरूलाई जसलाई कम्पनीहरु एवं समुदायहरूले सामूहिक रूपमा निर्माण गर्दछन् र जुन विविध सरोकारवालाहरु (कम्पनी, समुदायहरु वा अन्य) बीच कुनै सामूहिक हित वा चासोका विषय सम्बोधन हुन्छ भन्ने विषयमा कुनै सामूहिक सम्झौतामा पुग्न समुदायका सदस्यहरूबीच पारम्परिक सम्बन्धमा आधारित हुन्छ । सम्झौताहरूलाई कानुनी हिसाबबाट भन्दा सामाजिक प्रतिबद्धतामार्फत कार्यान्वयन गर्ने गरिन्छ ।

४. सहभागितामूलक बजेट निर्माण

यस्तो प्रक्रिया जसमा नागरिक प्रतिनिधिहरूले कुनै कम्पनीको सामाजिक लगानीका सम्पूर्ण वा आंशिक स्रोतहरूको बाँडफाँड एवं खर्चको अनुगमनसम्बन्धी निर्णय गर्न वा सोमा योगदान गर्नका लागि निर्णय गर्दछन् ।

५. सामुदायिक अंकपत्रहरू

एउटा सहभागितामूलक प्रक्रिया जहाँ समुदायका समूहहरूले उनीहरूको फाइदाका लागि सञ्चालित सेवाको अनुगमन तथा लेखाजोखा गर्न सक्दछन् । लाभग्राहीहरूको समूह वा सेवाप्रदायकहरूले सफलता वा प्रगतिका मुख्य सूचकहरूको पहिचान गर्दछन् र सामान्य स्केलमा प्रभावकारिताको मापन गर्दछन् ।

६. नागरिक प्रतिवेदनपत्र

नागरिक प्रतिवेदन पत्र (CRC) सार्वजनिक सेवाहरूको बारेमा प्रयोगकर्ताहरूले सार्वजनिक निकायहरूलाई प्रणालीगत प्रतिक्रिया दिने एक सामान्य तर शक्तिशाली औजार हो । यसमा विभिन्न अभ्यास जस्तै सामाजिक/कार्यक्षमताको परीक्षण एवं सन्तुष्टि सर्वेक्षणहरु समावेश छन् ।

> आँकडाको प्रकाशन गर्नु मात्र लक्ष्य होइन । यदि प्रयोग नगर्ने भए अपूर्ण, निम्न स्तरको, प्रयोग गर्न नमिल्ने आँकडा र उत्तम, जानकारीमूलक आँकडाको प्रभाव समान हुनेछ । कुनै पनि खुला करार पहलको काम आँकडा सुलभ, विश्लेषण गरिएको र प्रयोग हुने सुनिश्चित गर्नु र यी प्रविधि कार्यान्वयनको हरेक पक्षमा विकास गर्नु हो । कुन हदसम्म उत्पादन गरिएको आँकडा स्वतन्त्र वा व्यावसायिक रूपमा प्रयोग हुन्छ त्यो खुला करारको सफलताको महत्वपूर्ण सूचक हो ।

सहभागितामूलक अनुगमन

"सहभागितामूलक अनुगमन भन्नाले परियोजनाका लाभग्राहीहरु, परियोजनाबाट प्रभावित व्यक्ति, समुदाय एवं अन्य प्राथमिक सरोकारवालाहरूको अनुगमनको रचना एवं कार्यान्वयनमा हुने सक्रिय सहभागिता हो । यो परिभाषा प्रारम्भिक सूचकांकहरूउपर प्राथमिक सरोकारवालाहरूसँग परामर्श गर्नु वा उनीहरूलाई जानकारी वा प्रतिक्रिया दिन आग्रह गर्ने कार्यभन्दा बृहत् छ । यसलाई अपेक्षित नतिजाउपरको सहमति एवं प्रगतिको निगरानी कसरी गर्ने भनी परियोजनाका लाभग्राहीहरूसँग संयुक्त रूपमा सहमत भई, आवश्यक आँकडाको संकलन गरी, सोको विश्लेषण गरी एवं पहिचान गरिएका समस्याहरूको समाधानका लागि व्यावहारिक कार्ययोजना बनाई निर्माण गरिएको हुन्छ । सामान्यतः सहभागितामूलक अनुगमनलाई प्राथमिक सरोकारवालाहरूको आवाज र स्वामित्वमा वृद्धि गर्न, राज्य र नागरिकबीचको सम्बन्धमा सुधार ल्याउन र राज्य तथा सेवाप्रदायकहरूलाई जवाफदेही बनाउन उपयोग गरिन्छ । यसले प्रणेताहरूलाई भविष्यका परियोजनाका गतिविधिहरूको प्रतिष्ठाउपरको जोखिम व्यवस्थापन गर्न एवं सामुदायिक भरोसा निर्माण गर्नसमेत सहायता गर्दछ । जब समुदाय एवं नागरिक समाज संस्थाहरूले जानकारीको लेखाजोखा गर्न एवं कम्पनी र सरकार दुवैलाई प्रतिक्रिया दिन पाउँदछन्, तब भरोसा र वैधानिकता निर्माण हुन्छ । बहुल पक्षहरूका लागि ग्राह्य

हुने गरी गरिएको आँकडाको संकलनका कारण सहभागितामूलक अनुगमन भरोसा निर्माण गर्ने एक अत्यावश्यक औजार बन्न सक्दछ । सहभागितामूलक अनुगमनले सरोकारवालाहरूलाई सक्रियतापूर्वक सहभागी बनाई उनीहरूका चासोहरूलाई अनुगमन कार्यक्रमको रचना एवं सोको कार्यान्वयनका क्रममा सम्बोधन गरी, विश्वसनीय जानकारी उत्पादन गरी तथा कुनै प्रतिकूल प्रभावहरूको निराकरण वा समाधानहरूबारे सूचित गरी विवादहरूको सम्बोधन गर्नमा मदत पुऱ्याउन सक्दछ । यसलाई निम्न कुराहरूमा थप छुट्याउन सकिन्छ :

क) समुदायका प्रतिनिधिहरु सम्मिलित स्थानीय समितिहरूबाट हुने अनुगमन, र

ख) लाभार्थीहरूसँग प्रत्यक्ष रूपमा भेटघाट गरी वा सूचना तथा सञ्चार प्रविधिहरूमार्फत गरिने अनुगमन

स्थानीय सरोकारवालाहरूको सहभागिताबाट स्थानीय परिवेशसँगको परिचित हुनुका कारणबाट समस्याको जड कारणहरूको पहिचान गर्न एवं परियोजनाको अवधिपश्चात् समेत गतिविधिहरूको दीगोपनको सम्भावनामा वृद्धि गर्नका लागि उपयोगी हुन्छ ।

त्यसैगरी, सहभागितामूलक अनुगमन (विशेषगरी स्थानीय समितिमाथि निर्भर हुनुपर्ने अवस्थामा) ले सम्भ्रान्त वर्गको पकड हुनसक्ने एवं प्रतिनिधित्वमूलक वा समावेशी नहुन सक्ने जोखिम समेत उत्पन्न गर्न सक्दछ । सहभागितमूलक अनुगमन वा कम्पनी, सरकार, समुदाय एवं नागरिक समाज संस्थाबीचको साझेदारी सबै पक्षहरूका लागि लाभदायी हुन सक्दछ किनभने यसले अतिरिक्त जानकारीमा पहुँच पुऱ्याउँछ । समुदायसँग वा नागरिक समाज संस्थाहरूसँग सहकार्य गरी काम गरिरहेका सरकार एवं कम्पनीहरूलाई उनीहरूले समुदायमा के भइरहेको छ भनी आन्तरिक जानकारी दिन सक्दछन् जसलाई उनीहरूले विवाद वा अन्य चुनौतीहरूको रोकथाम गर्न वा कुनै परिस्थितिको सिर्जना गर्न प्रयोग गर्न सक्दछन् ।

नागरिकका लागि सहभागितामूलक अनुगमनका फाइदाहरू

- ❑ अनुगमन नतिजाउपर नागरिकको विश्वसनीयता एवं भरोसा निर्माण
- ❑ कम्पनीहरु एवं सरकारलाई नागरिकका वास्तविक चासो बुझ्न एवं त्यसलाई सम्बोधन गर्नका लागि उपायहरूको पहिचान
- ❑ विवादास्पद विषयहरूको विवाद हुनुभन्दा अघि नै शीघ्र पहिचान
- ❑ विभिन्न धारणाहरु संकलन गर्न सहयोगी
- ❑ कम्पनीहरु एवं सरकारबाट सान्दर्भिक आँकडाको संकलन
- ❑ सरकारका लागि सहभागितामूलक अनुगमनका फाइदाहरु
- ❑ विश्वसनीयतामा सुधार
- ❑ बढीभन्दा बढी सूचित निर्णय

- ❑ पारदर्शिता एवं जवाफदेहितामा वृद्धि
- ❑ कम्पनीहरु एवं समुदाय/नागरिक समाज संस्थाहरूबाट सम्बन्धित आँकडामा पहुँच
- ❑ अनुगमनका नतिजाउपर नागरिकको विश्वसनीयता एवं भरोसा निर्माण
- ❑ कम्पनीहरु एवं सरकारलाई नागरिकका वास्तविक चासो बुझ्न एवं त्यसलाई सम्बोधन गर्न उपायहरूको पहिचान
- ❑ विवादास्पद विषयहरूको विवाद हुनुभन्दा अघि नै शीघ्र पहिचान
- ❑ विभिन्न धारणाहरूलाई संकलन गर्न सहयोगी
- ❑ कम्पनीहरु एवं सरकारबाट सान्दर्भिक आँकडाको संकलन
- ❑ सरकारका लागि सहभागितामूलक अनुगमनका फाइदाहरु
- ❑ विश्वसनीयतामा सुधार
- ❑ बढीभन्दा बढी सूचित निर्णय
- ❑ पारदर्शिता एवं जवाफदेहितामा वृद्धि
- ❑ कम्पनीहरु एवं समुदाय/नागरिक समाज संस्थाहरूबाट सम्बन्धित आँकडामा पहुँच

चरण १ : गैरराज्यको अनुगमनका मुख्य मुख्य कारणहरूको पहिचान गर्नुहोस्

पहिले, NSM को प्रयोग गर्नुपर्ने कारणबाट सुरू गर्नुहोस् र आवश्यकता पूरा गर्ने तर विपरीत नहुने NSM प्रणालीको रचना गर्नुहोस् । Value Added को अघिल्ला खण्ड र तालिका २ (Table 2) ले सबैभन्दा प्रचलित कारणहरूलाई समेट्दछ । सबै योजनाहरूलाई NSM को आवश्यकता पर्दैन र प्रत्येक योजनामा NSM को प्रयोग हुनुपर्दछ भन्ने होइन । सुरूवात गर्नका लागि उत्तम विन्दु भनेको परियोजनाको अनुगमन एवं जवाफदेहिताका लागि प्रचलित अभ्यासहरूको पहिचान गरी सोको विश्लेषण गर्नु हुन सक्दछ । यसले हाल विद्यमान संरचना कत्तिको पर्याप्त छ, कहाँ कहाँ कमी छन् वा NSM ले प्रचलित अभ्यासहरूमा सहायता गर्न आवश्यक भएमा सोको निर्धारण गर्नमा सहयोग पुऱ्याउँदछ । सामान्यतः NSM लाई जवाफदेहिताको चक्र पूरा गर्नका लागि प्रयोग गरिन्छ । एउटा पहिलो कार्य भनेको अनुगमनको उद्देश्यलाई पूर्ति गर्नका लागि कस्ता किसिमका जानकारीको आवश्यकता पर्दछ भनी निर्णय गर्नु हो । आवश्यक जानकारीको पहिचान गर्न एवं यसलाई कहाँबाट प्राप्त गर्न सकिन्छ भनी पहिचान गर्नका लागि (उदाहरणका लागि बक्स ७ मा हेर्नुहोस्) उत्तर दिनुपर्ने मुख्य प्रश्नहरूको सूची बनाउनु पनि एउटा उपाय हो । बृहत् उद्देश्य तथा विद्यमान अभ्यासहरूको परिभाषा गरिसकेपछि समूहले NSM को चासोको पहिचान गर्नुपर्दछ । NSM को चासोका मुख्य दुईवटा क्षेत्रहरु रहेका छन् । परियोजनामा हुने योगदान (Input) र प्रतिफल (Output) सरकार एवं परियोजना लागू गर्ने निकायका जिम्मेवारीहरु हुन् । खरिद, बजेट एवं खर्चजस्ता प्राविधिक विषयहरूमा

विशिष्टीकृत एवं दक्ष संस्थाहरू जस्तै निजी परामर्शदातृ फर्म, अनुसन्धान संगठन एवं शैक्षिक संस्थाहरूजस्ता तेस्रो पक्षको अनुगमनको प्रायः प्रयोग गर्दछन् । परियोजनाका परिणाम एवं प्रभावहरू एवं विविध सरोकारवालाहरू र त्यसमा पनि परियोजनाका लाभग्राहीहरू वा प्रभावित व्यक्तिहरूले त्यस्ता परिणामहरूलाई कसरी अनुभूति गर्दछन् । लाभग्राहीहरूको सन्तुष्टि एवं धारणाहरू जस्ता गुणात्मक क्षेत्रहरूमा लाभग्राहीहरूसँग घुलमिल भएका वा तिनीहरूको भरोसा हासिल गरेका संगठनहरूले सामान्यतः अधिक सहभागितामूलक ढंगको प्रयोग गर्दछन् । यसअन्तर्गत नागरिक समाज संस्थाहरू, समुदायमा आधारित संस्थाहरू तथा स्थानीय समितिहरू जस्तै विद्यालय बोर्ड एवं समुदाय विकास समितिहरू पर्दछन् । यस चरणको मुख्य निर्णय भनेको NSM ले ल्याउने जानकारीका लागि लक्षित समूहको पहिचान गर्नु हो । यसमा परियोजना कार्यान्वयन एकाइ, केन्द्रीय सरकार, स्थानीय सरकार, परियोजना समुदाय एवं लाभग्राहीहरू तथा अन्य सरोकारवालाहरू पर्न सक्दछन् । कुन प्रकारको NSM उपयोगी हुन्छ र जानकारी प्रवाह गर्ने तथा रिपोर्टिङ गर्नका लागि कुन ढाँचाको प्रयोग गर्ने भन्ने कुरा निश्चित गर्नका लागि अनुगमन जानकारीका प्रयोगकर्ताहरू महत्वपूर्ण तत्व हुन् । महत्वपूर्ण सरोकारवालाहरूको समर्थन प्राप्त गर्न सुरू गर्दाका बखत यो लागू हुन्छ । यदि NSM को रचना गर्नमा उनीहरूको भूमिका रहन्छ भने उनीहरूले NSM को कार्यान्वयनमा समर्थन गर्ने एवं त्यसका ठम्याइहरूको प्रयोग गर्ने बढी सम्भावना रहन्छ ।

नाइजेरियामा तेस्रो पक्ष अनुगमन पहलमा प्रयोग गरिएको महत्वपूर्ण प्रश्नहरू

नाइजेरियाका नागरिक समाज संस्थाहरूको तेस्रो पक्षको रिपोर्टहरूले परियोजनाहरू कार्यान्वयन भइरहेको एवं सेवाहरू प्रदान भइरहेको मात्र नभई तिनीहरू किन त्यसरी कार्यान्वयन भइरहेका छन् भन्ने सम्बन्धमा समेत प्रकाश पारेका थिए । उनीहरूले समावेश गरेका केही प्रश्न यस प्रकार थिए : सबै निकाय एवं संयन्त्रहरू ठीक भए तापनि सेवा प्रवाहमा किन कमी भइरहेको छन् ? परियोजनाको बारेमा जानकारी दिन प्रयास भइरहेका भए तापनि किन जानकारी लाभग्राहीहरूसमक्ष पुगिरहेका छैनन् ? किन केही समूहहरूले परियोजना समूहले प्रयास गरे तापनि समान रूपमा लाभ लिन सकिरहेका छैनन् ? परियोजनाका इनपुट (Project Inputs) किन प्रयोग भइरहेका छैनन् वा दुरूपयोग भइरहेको छ ? के यो लाभग्राहीहरूको बुझाइको कमीका कारण भएको हो ? के पहुँचमा अवरोधहरू छन् ?

चरण २ : गैरराज्य अनुगमनका लागि परियोजना र देशको परिवेश अध्ययन

दोस्रो चरण भनेको व्यावहारिक गितिविधिहरू ठम्याउनका लागि परियोजना र देशको परिवेशका बारेमा जान्नु हो । यसका लागि सुरूवात विन्दु देश र परियोजना क्षेत्रमा प्रस्तावित परियोजनामा सहभागी हुन सक्ने खालका सरोकारवालाहरूमार्फत पहिले भएका NSM को अनुभवको अध्ययन गर्नु हो । अवस्थितिको विश्लेषणमा निम्न कुराहरू

समावेश हुन सक्दछन् : राजनीतिक कारकहरू जस्तै पारदर्शिता एवं जवाफदेहिताका विद्यमान कानुनी संरचनाहरू, प्रतिक्रियाप्रति खुला हुने सरकारको इच्छा, पुराना अभिलेखहरू र NSA सँग काम गर्न सक्ने क्षमता । सामाजिक कारकहरू जस्तै : परियोजनाका लाभग्राहीहरूको प्रतिक्रिया दिन एवं छलफलमा सहभागी हुने इच्छा, नागरिक सचेतना एवं अनुगमन गरिने विषयप्रति ज्ञान र राज्य तथा नागरिकका बीच हुने सहभागिता एवं जवाफदेहिताका सांस्कृतिक पक्षका साथसाथै विभिन्न समूहहरू (पुरूष/महिला, युवा/वयस्क, विभिन्न जातीय, परियोजनाका क्षेत्रमा बसोबास गर्ने सांस्कृतिक समूहहरू आदि) बीच हुने अन्तर्क्रियाका नियमहरू । परियोजनासँग सम्बन्धित कारकहरू जस्तै : पहुँच र सुरक्षाका दृष्टिकोणबाट परियोजना क्षेत्रको ठेगाना (उदाहरणका लागि : नियमित अनुगमनको उक्त स्थान निकै टाढा हुनु वा अति असुरक्षित हुनु) । परिवेशको विश्लेषणअन्तर्गत अध्ययन नै नभई विद्यमान जानकारीमा आधारित विश्लेषण हुन सक्दछ । NSM का लागि सबैभन्दा प्रचलित कठिनाइ भनेको गैरराज्यका कर्ताहरूले गरेका अनुगमनप्रति सरकारको उदासीनता हुनु एवं NSM का लागि अनुभवी संस्थाहरूको कमी हुनु हो । कहिलेकाहीँ सरकारको धारणामा परिवर्तन आउँछ । त्यसैले यदि NSM लाई अन्य सुधार वा चल्तीमा रहेका अभियानहरूसँग जोड्ने हो भने यो यकिन हुने खालको समस्या होइन । यदि सरकार विकेन्द्रीकरण, बृहत् शासन वा भ्रष्टाचारविरूद्धको सुधारतर्फ गइरहेको छ भने यसले NSM का लागि एक समन्वयकारी अवसरको सिर्जना गर्न सक्दछ ।

नागरिक समाजबाट अनुगमन तथा समन्वय : डोमिनिकन गणराज्यको घटना

सहभागितामूलक भ्रष्टाचार विरूद्धको अभियान (स्पेनिस छोटकरीमा IPAC का नामले परिचित) ले सरकार, निजी क्षेत्र तथा नागरिक समाजलाई एकै ठाउँमा ल्याई भ्रष्टाचारको सामना गर्न केही उपायहरूमाथि विस्तारमा चर्चा चलायो । विविध क्षेत्रमा राखिएका निश्चित लक्ष्यहरूलाई नागरिक समाज संस्थाहरूले स्वतन्त्र रूपमा रेटिङ गरे (रातो वा हरियो बत्ती) र सरकारले आफ्नै कामप्रति गरेको रेटिङसँग तुलना गरे जुन एउटा लब्धांकपत्र (Scorecard) जस्तै प्रक्रिया थियो । मिडियाले लगातार रूपमा IPAC प्रति चासो देखाउँदै कार्यान्वयनका नतिजाहरु प्रकाशन गर्ने एवं मुख्य व्यक्तिहरूलाई टेलिभिजन र रेडियोमा बोलायो । IPAC को सुरूवातदेखि २२० भन्दा बढी त्यस्ता लेखहरु प्रिन्ट र अनलाइन पत्रिकाहरूमा आइसकेका छन् ।

चरण ३ : अनुगमनका आवश्यकतालाई सम्बोधन गर्ने तथा परिवेश अनुकूल NSM पद्धति एवं औजार छनौट

NMS को रचनाका लागि पद्धति एवं औजारहरूको चयन गर्नु तेस्रो चरण हो । पद्धति एवं औजारहरूको चयन परियोजनाको परिवेशसँग सुहाउँदो हुनुपर्दछ । कुनै कुनैलाई स्थानीय कर्ताहरूभन्दा पनि बढी प्राविधिक क्षमताको आवश्यकता पर्दछ । NSM लाई गहन मुख्य उत्तरदातासँगको अन्तर्वार्ता एवं लक्षित समूहहरूसँगको छलफल (FDG) जस्ता

औजारको प्रयोग गरी गर्न सकिन्छ जुन प्रायः प्रयोग हुने औजारहरूमध्ये पर्दछन् । धेरै EISR प्रयत्नहरु अध्ययनका लागि संख्यात्मक भन्दा पनि गुणात्मक इनपुटप्रति निर्भर हुन्छन् । सामाजिक-सांस्कृतिक एवं सुरक्षाको अडचन नभएसम्म अन्तर्वार्ता एवं लक्षित समूहहरूसँगको छलफल (FDG) लाई होसियारीपूर्वक अभिलेखीकरण गर्नुपर्दछ । पहिलो छनौट सहभागितामूलक अनुगमन, तेस्रो पक्षको अनुगमन वा दुवैको सम्मीश्रणमध्ये गर्नुपर्दछ । कहिलेकाहीँ NSM को उद्देश्य एवं चासोको क्षेत्रले यसको छनौटमा स्पष्टता ल्याउँदछ । उदाहरणका लागि : परियोजनाका स्थानीय लाभहरु वा प्राकृतिक स्रोतहरूको प्रयोगसम्बन्धी अनुगमनलाई बाहिरी समूहले बृहत् रूपमा गर्न सक्दैन । पाठ्यपुस्तकको डेलिभरी, मत्स्य अधिकार, सिँचाइका लागि पानीको वितरणसम्बन्धी भागबन्डालाई उक्त परिस्थिति थाहा भएका उपभोक्ता समूह वा समुदायहरूले अनुगमन गर्नु सबैभन्दा उत्तम हुन्छ । तसर्थ, सहभागितामूलक अनुगमन (वा समुदायको प्रतिक्रियालाई बढी जोड दिने पद्धति) सबैभन्दा व्यावहारिक नहुन सक्दछ । अर्कातिर यदि NSM को प्राथमिक उद्देश्य सरकारी आँकडालाई प्रमाणीकरणपश्चात् तुलना गर्ने हो भने तेस्रो पक्षको अनुगमन एक स्पष्ट छनौट हुन्छ । केही प्रकारका अनुगमन धेरै नै प्राविधिक हुन सक्दछन् विशेषगरी बजेट, खर्च एवं खरिद जुन विशेषज्ञता हासिल गरेका संगठनहरूले गर्दछन् । NSM का प्रचलित पद्धति एवं औजारहरूको विशेषताको विवरणका लागि दायाँतर्फ हेर्नुहोस् जसलाई औजारको चयन गर्दाका बखत हेर्न सकिन्छ । NSM औजारको चयन गर्दा छवटा महत्वपूर्ण “C” रहेका हुन्छन् : अवस्थिति (Context), सहकार्य (Cooperation), च्याम्पियन (Champions), क्षमता (Capacity), जटिलता (Complexity) र लागत (Cost) । यी सबै कुराहरु परिस्थितिजन्य स्थितिका कारणबाट लागू गर्न कठिन हुने पद्धति वा औजारबाट पार पाउनका लागि उपयोगी हुन्छन् । यसले गर्दा कुनै निश्चित औजारभन्दा पनि व्यावहारिक पद्धतिको पहिचान हुन्छ । NSM पद्धतिको सापेक्षित फाइदाहरूलाई घटनापिच्छे लेखाजोखा गरिनुपर्दछ । तल दिइएका विशेषताहरूले छवटा “C” लाई थप विस्तारमा चर्चा गरेको छ : NSM का लागि समग्र कानुनी, राजनीतिक एवं सामाजिक अवस्थिति, सरकारको सहकार्य निर्भर हुने अभियानको क्षेत्र, च्याम्पियन (champions) र नागरिक सहभागिताको आवश्यकता, सरोकारवालाका NSM का लागि क्षमता र अनुभव, NSM गतिविधिहरु लागू गर्नका लागि हुने जटिलता वा कठिनाइ, NSM औजार लागू गर्दा लाग्ने समय र लागत ।

चरण ४ : NSM का लागि कार्यान्वयनबारे निर्णय (प्रक्रिया, कर्ताहरू, बजेट आदि)

चौथो चरणमा कार्यान्वयका लागि व्यावहारिक पक्षहरु जस्तै को, कसले, आकार, बजेटजस्ता विषयमा निर्णय गरिन्छ । यो NSM को रचनाको मूल मर्म हो । यसका प्रमुख प्रश्न यसप्रकार छन् :

- ❑ कसले कोसँग आँकडाको संकलन गर्नेछ ?
- ❑ के यो काम सरकारसँग मिलेर संयुक्त रूपमा गरिनेछ ?

- ❑ यसको रिपोर्टिङ कसरी गरिन्छ ?
- ❑ यसको प्रयोग कसले गर्नेछ ?
- ❑ यसलाई कसरी र कहिले प्रयोग गरिन्छ ?

यी प्रश्नहरूको जवाफ दिन सरोकारवालाहरूको विश्लेषण र थप अध्ययन आवश्यक पर्न सक्दछ । यी नोटहरूले ध्यानमा राख्नुपर्ने केही विषय एवं केही व्यावहारिक सुझाव मात्र दिन्छ । यसमा यही गर्नुपर्छ भन्ने स्पष्ट बाटो छैन । तर अधिकांश NSM ले यस खण्डमा चर्चा गरिएका विषयहरूलाई सम्बोधन गर्नुपर्दछ । अनुभवमा आधारित भई भन्नुपर्दा एक मुख्य सिद्धान्त भनेको सरलता हो ।

आँकडाको संकलन र जानकारी

NSM एक औजारभन्दा बढी नै हो । प्राथमिक विषयवस्तु भनेको प्रशोधन गर्न, व्यवस्थापन र अर्थपूर्ण हुने गरी व्याख्या गर्न सकिने प्रकारको आँकडाको संकलन गर्नु हो । मानिसले बुझ्न सक्ने र विश्वसनीय जवाफ दिन सक्ने गरी प्रश्नहरूको संयोजन गर्नुपर्दछ । प्रश्नावली तयार गर्नुभन्दा पहिले र आँकडा संकलन गर्नुभन्दा पहिला विचार गरिनुपर्दछ जुन यसप्रकार हुन सक्दछ :

- ❑ कस्तो प्रकारको जानकारीको आवश्यकता पर्दछ ?
- ❑ यी जानकारी प्राप्त गर्न कस्ता प्रक्रियाको अवलम्बन गरिनुपर्दछ ?
- ❑ NSM ले ध्यानमा राख्नुपर्ने मुख्य सूचकांकहरु के के हुन् ?

सेवामूलक समुदायहरूबारे जानकारी योजनामार्फत, योजनाका सकारात्मक एवं नकारात्मक प्रभाव एवं योजनाको कार्यान्वयनमा सुधार ल्याउने तथा त्यसको प्रभावमा सुधार ल्याउने उपायमार्फत प्राप्त गर्न सकिनेछ । अपेक्षित जानकारी सूचकांकभन्दा बाहिर जान सक्दछ जसमा धेरै सरोकारवाला समूहका लागि के कुराले महत्व राख्दछ भन्ने कुराको आंकलन गर्ने सीमित क्षमता हुन्छ र प्रायः त्यसका कारण खुलाउन असमर्थ हुन्छन् । तसर्थ, सूचकांकभन्दा पनि अपेक्षित जानकारीमा बढी जोड दिइनुपर्दछ । सूचकांक तथा समस्याहरूको पहिचान गर्न अपनाउन सकिने एउटा उपाय भनेको योजनाका सरोकारवालाहरूसँग उनीहरूको सबैभन्दा महत्वपूर्ण चासोको सूची बनाउनु हो । यसले विभिन्न कर्ताहरूसमक्ष एक साझा बुझाइको विकास गर्न समेत सहयोग पुग्दछ ।

रिपोर्टिङ

एउटा महत्वपूर्ण चरण भनेको NSM मार्फत संकलन गरिएको जानकारीलाई कसरी रिपोर्ट गर्ने भन्ने हो । अनुगमनकर्ताले विना कुनै मुख्य निष्कर्ष र विश्लेषण लामा

जानकारीमूलक रिपोर्टमार्फत संकलन गरेको आँकडा प्रस्तुत गर्ने गरेका असंख्य उदाहरण छन् । यो सम्भावनालाई न्यूनीकरण गर्न अपनाउनुपर्ने बाटो भनेको सम्पादन गर्नुपर्ने कामअन्तर्गत रिपोर्टिङ गर्नुपर्ने ढाँचामा सहमत हुने तथा अनुगमनकर्तालाई स्पष्टरूपमा मार्गदर्शन दिई रिपोर्टिङको ढाँचा उपलब्ध गराउनु हो ।

आकार र प्रतिनिधित्व

अर्को उपाय भनेको अनुगमन कत्तिको बृहत् रूपमा लागू हुन्छ भन्ने हो । NSM राष्ट्रिय, क्षेत्रीय, जिल्ला, स्थानीय वा सामुदायिक तहमा हुन सक्दछ । यसलाई कुनै क्षेत्रमा वा कुनै योजनाविशेषमा परीक्षण गर्न सकिन्छ । स्रोतको सीमितताका कारण बृहत् नमुना परीक्षण गर्ने वा केही स्थानमा NSM लागू गर्नेबीच कुनै एक छान्नुपर्ने हुन्छ । जुनसुकै विकल्प छाने पनि आँकडाले योजनाको कार्यप्रगति एवं आवश्यक कार्यबारे विश्वसनीय निष्कर्ष निकाल्न पूर्णतया सक्षम हुनुपर्दछ ।

समय

NSM कनै एक योजनाको परिकल्पनादेखि एक तत्वका रूपमा रहेको विषय भएकाले कुनै पनि योजनाको DNA का रूपमा रहेको हुन्छ र पूर्णरूपमा स्रोतबद्ध हुन्छ । यसलाई पछि समायोजन गर्न सम्भव छ (मध्यकालीन पुनरावलोकन वा पुनःसंरचनाका बखत राम्रो मौका हुन्छ) । तर, अनुभवहरूले के देखाएका छन् भने ढिला गरी सुरू गरेमा सोलाई परिष्कृत गर्न कठिन हुन्छ । लाभग्राहीको सन्तुष्टिको मापन गर्न एवं योजनाको मूल्यांकन गर्न NSM लाई योजनाको अन्त्यतिर समेत लागू गर्न सकिन्छ । समयबारे अर्को विषय भनेको NSM को तालिका पनि हो । के यो एकपटक मात्र गरिने अभ्यास हो वा यो आवधिक रूपमा हुन्छ वा यो अवधिभर लागू हुन्छ ? समय र तालिकाको विषय NSM को उद्देश्य, यसको प्रक्रिया तथा उपलब्ध स्रोतमा समेत निर्भर हुन्छ ।

अनुगमन गरिने संस्थाको चयन

यो स्पष्टरूपमा सबैभन्दा महत्वपूर्ण निर्णयहरूमध्येको एक हो । अनुगमनकारी संस्थाको क्षमता र सीप NSM को कार्यान्वयन गर्न पर्याप्त हुनुपर्दछ । सहभागितामूलक अनुगमनका लागि NSM का सहभागीहरूलाई परिचालन गर्नसक्ने क्षमता आवश्यक पर्दछ । क्षमताको आवश्यकताले सम्भावित संस्थाहरूको सूचीलाई साँघुरो बनाउँछ । संस्थाका विषयवस्तु वा प्रक्रियामा अनुभव भएको मात्र नभई कुनै देश वा क्षेत्रका विषयमा गहिरो ज्ञान भएको हुनु निकै ग्राह्य हुन्छ । करारको NSM वा योजनाको हकमा यसलाई धेरैपल्ट नजरअन्दाज गरिएको हुन्छ । NSM संस्थाको सदाचार, सक्षमता एवं विश्वसनीयताका सम्बन्धमा प्रतिष्ठित हुनुपर्दछ जसले गर्दा यसका ठम्याइहरू स्वीकार्य हुन जान्छन् । प्रतिष्ठित हुनुले पनि योजनाका आधारमा भुक्तानी पाएका संस्थाका हकमा भूमिका खेल्दछ । संस्थाको सरकार, योजना, लाभग्राही

तथा समुदायसँगको सम्बन्ध सम्मानजनक, विश्वासिलो र स्वीकार्य हुनुपर्दछ । यद्यपि, तेस्रो पक्षको अनुगमनका लागि त्यस्तो सम्बन्ध सरकारउपर पूर्णरूपमा आश्रित हुनु हुँदैन वा तेस्रो पक्षले आफ्नो स्वतन्त्र धारणा व्यक्त गर्न सक्ने क्षमतालाई कुण्ठित गर्न सक्ने खालको योजना हुनुहुँदैन । कुनै एक वा बढी NSM कर्ताहरूका लागि क्षमतामा अभिवृद्धिको आवश्यकता पर्दछ । उदाहरणका लागि, CSO को क्षमता राजधानी सहरमा मात्र केन्द्रित हुन्छ । योजनाका क्षेत्रमा रहेका CSO हरूलाई तालिमको आवश्यकता पर्न सक्दछ । कुन कर्तालाई कुन क्षेत्रमा क्षमता विकासको आवश्यकता पर्दछ सोको निर्धारण गर्नुहोस् । यसको सुरूवात मूल जानकारीको आवश्यकता पहिचानबाट गर्न सकिन्छ ।

बजेट निर्धारण

NSM का लागि बजेट आफैँमा पर्याप्त हुन सक्दछ । तर त्यसमा अन्य सम्बद्ध लागत पनि हुन्छ । विशेषगरी न्यून क्षमता भएका एवं रूग्ण क्षेत्रहरूमा NSM का लागि सहायता गर्ने सरकारी वा बाहिरी कर्मचारीको समयलाई नजरअन्दाज गरिएको हुन सक्दछ । यो बजेट तालिम र क्षमता विकासको बजेटमा थप हो । प्रायःजसो, NSM लाई सहजीकरण, प्रतिक्रियासम्बन्धी रणनीति तथा अनुगमनकारी संस्थाको कार्यक्षमताको लेखाजोखाको आवश्यकता पर्दछ । विस्तार गर्ने एवं संस्थागत गर्ने जस्ता विषयमा योजना बनेको खण्डमा सोको लागत समेत समायोजन गर्नुपर्ने हुन्छ ।

योजनामा NSM को समायोजन

NSM लाई योजनामा उचित ढंगबाट समायोजन नगरेको खण्डमा यो धेरै उपयोगी नहुन सक्दछ । NSM राम्रोसँग सम्पन्न भए तापनि यसका निष्कर्षहरु उपयोगमा नआउन सक्दछ र यो एक खेर जाने प्रयास हुन जान्छ । मूल मर्म भनेको NSM लाई योजना र यसको सफलताको अभिन्न अंग बनाउनु हो । एउटा उपाय भनेको NSM का निष्कर्षहरूलाई योजनाको निर्णय प्रक्रिया एवं सोको कार्यक्षमतासँग सान्दर्भिक बनाउनु हो । NMS लाई योजनाको आन्तरिक अनुगमन र योजनाको परिणामसम्बन्धी खाकासँग जोड्नुहोस् (बक्स १४ हेर्नुहोस्) । यदि NSM परियोजनाको रचनाको अंग नभएमा यसलाई जोड्न समय लाग्न सक्दछ । यदि NSM सरकारको कार्यक्षमताप्रति लक्षित गरिन्छ भने यसलाई सरकारको अनुगमन प्रणालीसँग समायोजन गरिनुपर्दछ अन्यथा यसलाई बेवास्ता गरिनेछ । NSM गतिविधिहरूमा सरकारी अधिकारीहरूसँग वा उनीहरूबाट हुने सक्रिय संवादबाट NSM का ठम्याइहरूलाई परियोजना कार्यान्वयन गर्ने पक्ष एवं निर्णायक तहका व्यक्तिहरूले महत्व दिने एवं लागू गर्ने सम्भावनालाई सुदृढ गर्दछ ।

बुर्किनाफासोमा तेस्रो पक्षको अनुगमनका लागि साझेदारको छनौट

बुर्किनाफासोमा औसतमा सक्रिय नागरिक समाज छ । तर त्यसको संयोजन कमजोर रहेको छ भने बढी मात्रामा राजनीतिकरण हुने गरेको छ । त्यहाँ निर्वाचन प्रक्रिया, भ्रष्टाचार तथा मानव अधिकारका क्षेत्रमा दाताहरूबाट उल्लेख्य मात्रामा आर्थिक सहायता प्राप्त गर्ने थारै मात्र राष्ट्रिय अनुसन्धान र वकालतका थिंक ट्यांक (Think Tank) हरू रहेका छन् । उनीहरूको प्रभावका बाबजुद यी निकायहरूको सहरी क्षेत्र र राजधानीबाहिरका व्यक्तिहरूमाथि सीमित प्रभाव र सम्पर्क छ । ग्रामीण उत्पादकहरू, महिला र युवा समूहहरूसँग जानकारीमा पहुँच छैन, वित्तीय लगानी र शक्ति पनि छैन । लगानीप्रतिको पहुँच नहुनु सबैभन्दा ठूलो कठिनाइ हो जसले गर्दा लगानीका लागि प्रतिस्पर्धा, विशेषज्ञतामा कमी, वैमनस्यतामा वृद्धि तथा स्थानीयस्तरका संगठनहरूको प्रभावकारितामा कमी ल्याउनुका साथसाथै भ्रष्टाचारको सम्भावनामा वृद्धि हुन सक्ने खतरा पैदा हुन्छ । यस चुनौतीपूर्ण परिवेशमा दुईवटा अवधारणाहरूको परीक्षण गरिएको थियो । कृषि र यातायातका परियोजनाहरूमा एउटा गैरनाफामूलक फर्मको छनौट उक्त फर्मको त्यस्ता किसिमका गुणात्मक अध्ययनको संयोजन एवं कार्यान्वयन गर्न सक्ने क्षमताका आधारमा गरिएको थियो । पानीको क्षेत्रका लागि विषयगत संवादको चालु कार्यक्रममा संलग्न एक राष्ट्रिय छाता संस्थाको छनौट गरिएको थियो ।

प्रतिक्रियाहरूलाई सरकारी संयन्त्रमा समायोजन : बंगलादेश स्थानीय सरकार सहायता परियोजना

बंगलादेश स्थानीय सरकार सहायता परियोजना (LGSP) को उद्देश्य सुशासन, सार्वजनिक प्रशासन र सेवाप्रवाहमा प्रक्रियागत रूपमा सुधारमार्फत स्थानीय सरकारको सुदृढीकरण गर्नु हो । प्रतिक्रियाहरूलाई विविध तहबाट संकलन गरिन्छ : छरछिमेक, वडा, स्थानीय सरकार र उपल्ला सरकार । लाभग्राहीहरूका प्रतिक्रिया संकलन गर्न अनिवार्य हुन्छ । प्रतिक्रियाहरूलाई विश्लेषण गरी कार्यप्रदर्शनका आधारमा अन्तरसरकारी वित्तीय निकासाका रूपमा प्रदान गरिने ब्लक अनुदान (Block Grants) को गणना एवं वितरणमा प्रयोग गर्ने गरिन्छ । अन्य अभ्यासहरूले लाभग्राहीहरूको प्रतिक्रियालाई समर्थन गर्दछन् । Scheme Supervision Committee र Scheme Implementation Committe ले प्राथमिकता निर्धारण एवं अनुगमनमा नागरिक सहभागितालाई बढावा दिन्छन् । सूचनाको अन्वेषण गर्न एवं नागरिकमार्फत सरकारी अधिकारीसमक्ष प्रतिक्रियाको प्रवाह गर्न सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोग गरिन्छ । सन् २०१०–११ मा सामाजिक लेखापरीक्षण र सामुदायिक लब्धांकपत्रलाई ढाका डिभिजनका ५० वटा युनियन परिषद्हरू (UP, स्थानीय सरकार परिषद्) मा परीक्षण गरिएको थियो । विभिन्न मिडिया एवं रिपोर्टमार्फत लाभग्राहीहरूको प्रतिक्रिया संकलन गर्न एउटा स्थानीय सञ्चारकर्मीको सञ्जाललाई सहायता गरिएको थियो । ६३ जना सञ्चारकर्मीहरू एवं समुदायका ६४ जना अगुवाहरूलाई सामाजिक लेखापरीक्षणका विधिहरूबारे प्रशिक्षित गरिएको थियो भने युनियन परिषद्हरूमा सामाजिक लेखापरीक्षण गर्न सहजीकरण गरिएको थियो । फोन एवं मेसेजमार्फत साताको २४ घण्टा देशभरिबाट प्रतिक्रिया लिनका लागि टोल फ्री नम्बर राखिएको थियो । स्थानीय सरकार मन्त्रालयबाट देशमा पहिलोपटक लाभग्राही वा अन्यमार्फत प्राप्त प्रतिक्रियाहरूलाई संकलन, अभिलेखीकरण एवं सम्बोधन गर्न एक विकेन्द्रित राष्ट्रिय अनुगमन प्रणालीको स्थापना गरिएको छ ।

चार प्रमुख अनुगमन प्रणालीहरू

यस खण्डले तपाईंलाई तपाईंको परिवेशका लागि सबैभन्दा उपयुक्त औजार कुन हो भनी चयन गर्न मद्दत गर्नेछ । IFC-2008 ले के देखाउँदछ भने चारवटा विभिन्न प्रकारका अनुगमन प्रणाली हुन्छन् जुन तल दिइएका छन् । यी प्रणालीहरूले धेरै औजारलाई समावेश गरेका हुन्छन् । तपाईंले यी चारवटा प्रमुख प्रणालीहरूबारे अध्ययन गरिसकेपछि आफ्नो लागि उपयुक्त औजारको निर्क्योल गर्न सक्नुहुनेछ ।

१. समुदाय निगरानी कार्यक्रम

यस प्रणालीमा समुदायका सदस्यहरूलाई उनीहरूको परिवेशको पर्यवेक्षक बन्नका लागि प्रशिक्षण गरिन्छ । नागरिकहरूलाई सीमित प्राविधिक स्रोतको आवश्यकता पर्ने आँकडाको संकलन गर्दछन् जुन प्रयोगशालाको विश्लेषणभन्दा पनि वस्तुस्थितिको निरीक्षणमा आधारित हुन्छ । यसको सरल, समावेशी, कम प्राविधिक एवं न्यून लागत हुनु यसका सम्भावित फाइदा हुन् । यसमा बाहिरी प्राविधिक विज्ञहरूको योगदान न्यून हुन्छ । आँकडाको गुणस्तर निर्णय गर्नका लागि पर्याप्त हुँदैन । त्यसमाथि स्वयंसेवकहरूमा निर्भर हुने कार्यक्रमलाई टिकाउन कठिन हुन सक्दछ । नागरिक निगरानी कार्यक्रम त्यस्तो बेलामा सबैभन्दा प्रभावकारी हुन्छ जब त्यसको उद्देश्य परियोजनाको प्रभावका बारेमा शिक्षित गर्नु तथा जनचेतना जगाउनुसम्म हुन्छ र परियोजना पनि विवादास्पद हुँदैन । यो प्रणाली निम्न अवस्थाहरूमा बढी प्रभावकारी हुन्छ : वस्तुमा आधारित करारका चरणहरूको कार्यान्वयनको अनुगमन जहाँ सामान/वस्तु ढुवानी भए-नभएको परीक्षण गरिन्छ । यसमा विद्यालयका पाठ्यपुस्तकहरूको ढुवानी, विद्यालयको निर्माण, सडक निर्माण र स्तरोन्नति एवं समुदायबाट निर्देशित विकास परियोजनामा ठेकेदारको कार्य आदि पर्दछन् । यस प्रणालीमा प्रयोग हुने औजार एवं पद्धति मोबाइल फोन र ट्याबलेटको प्रयोगमार्फत आँकडा संकलन, आँकडाको Geotagging आदि ।

जोखिमः कुन कुराको निगरानी गर्ने हो भन्ने कुरामा सीमितता र विज्ञका तुलनामा बुझाइमा कमी हुन सक्ने ।

२. पर्यवेक्षकहरूको सञ्जाल

यसप्रकारको प्रणालीमा समुदायका सदस्यहरूले परियोजनाका प्रायोजकहरू, कम्पनी वा सरकारका प्रतिनिधिहरूलाई सहयोग गर्दछन् । यस अवधारणाले समुदायका सदस्यहरूलाई परियोजनास्थल हेर्न, अनुगमनका नियमहरूबारे जान्न तथा अनुगमन कार्य गरिरहेको कम्पनीको पर्यवेक्षण गर्न सहयोग गर्दछ । यो अभ्यास सामुदायिक पर्यवेक्षकहरूमा निर्भर रहन्छ जसले सार्वजनिक रूपमा आफूले देखेका कुराहरूबारे सञ्चार गर्दछन् । सीमित प्रशिक्षणको आवश्यकता पर्नु एवं सहभागीहरूले परियोजनास्थल हेर्न पाउने प्रक्रियाहरू यसका सम्भावित फाइदा हुन् जसले गर्दा परियोजनास्थल देख्न

पाउने र परियोजनामा के भइरहेको छ भनी जान्न पाउँदा नागरिकको धारणामा परिवर्तन आउन सक्दछ । प्रक्रियालाई परियोजनाका प्रायोजकहरू, कम्पनी वा सरकारको नियन्त्रणमा रहने भएकाले स्वतन्त्रता नहुन सक्नु सम्भावित चुनौतीहरू हुन सक्दछन् । पर्यवेक्षकहरूको सञ्जाल त्यस्ता अवस्थामा सबैभन्दा उपयुक्त हुन्छ जब उद्देश्य शिक्षा तथा सामान्य जनचेतना, बेसलाइन (Baseline) कायम गर्नु वा क्षमता अभिवृद्धि गर्नु, विषय अत्यन्त प्राविधिक हुन्छ र परियोजना विवादास्पद हुँदैन । यो प्रणाली निम्न अवस्थाहरूमा बढी प्रभावकारी हुन्छ : काममा आधारित करारका चरणहरूको कार्यान्वयनको अनुगमन जहाँ पूर्वाधारमा प्रगति भए-नभएको सुरक्षित रहे-नरहेको परीक्षण गरिन्छ । यसलाई सेवाको करारमा परामर्शदाताहरू परिचालित गरिएको छ वा छैन भन्ने हेर्नका लागि समेत प्रयोग गर्न सकिन्छ ।

यस प्रणालीमा प्रयोग हुने औजार एवं पद्धतिः परियोजनास्थलको नियमित भ्रमण, तालिमहरू, परियोजना अनुगमन एकाइहरूसँग आवधिक रूपमा बैठकहरू, छुट्टाछुट्टै तथ्यपत्र एवं मासिक सारांशहरू

जोखिमहरूः सही व्यक्तिलाई परिचालन गर्नु एवं प्रशिक्षण गर्नु निकै चुनौतीपूर्ण हुनु । परियोजनाको प्राविधिक पक्षहरूको बुझाइमा कमी हुनु सीमितता हुन सक्दछ ।

३. अनुगमन समिति

यो एक सहकार्यमा आधारित अभ्यास हो जसले कम्पनी, नागरिक समाज तथा सरकारद्वारा सञ्चालित चालु अनुगमन कार्यक्रमहरूलाई समायोजन गर्दछ । यो संयुक्त ठम्याइमा निर्भर रहन्छ । सहभागी एवं प्राविधिक कर्मचारीहरूले रणनीतिक स्थानहरूको केही आँकडा संकलन गर्दछन् र ती आँकडाहरूलाई सहभागी संस्थाहरूजत्तिकै गहन रूपमा विश्लेषण गर्दछन् । यस अवधारणाले एक एकीकृत डाटाबेस (Database) को निर्माण गर्दछ, एकीकृत ढंगको व्याख्यालाई समर्थन गर्दछ, गुणस्तरको सुनिश्चितता गर्दछ र नागरिक तथा प्रभावित समुदायहरूसमक्ष नतिजाहरू, निष्कर्षहरू एवं सुझावहरू प्रवाह हुने कुराको सुनिश्चितता गर्दछ । एउटा प्राविधिक कार्यसमूहले प्राविधिक कर्मचारीसँग आँकडाको विश्लेषण गर्दछ, समस्याको पहिचान गर्दछ, कम्पनीसँग समस्याहरूको समाधान गर्न सहभागी हुन्छ र सोबारेमा जनतालाई सूचित गर्दछ । यो अवधारणा परिवर्तनका लागि कम्पनीको प्रतिष्ठाप्रति निर्भर हुन्छ । यस प्रक्रियाको विश्वसनीयता उच्च हुनु, पारदर्शी हुनु र स्वतन्त्र हुनु यसका सम्भावित फाइदा हुन् । यसले अनुगमन गर्ने संस्थाहरूबीच हुने आँकडा र सोको व्याख्याको प्रतिस्पर्धाको सम्भावनालाई घटाउन सक्दछ । कम्पनी र सार्वजनिक निकायहरूले संकलन गरेका आँकडामा आमजनताको भरोसा निर्माण गर्दछ । यसले आन्तरिक एवं बाह्य विज्ञताबीच सन्तुलन कायम गर्दछ । यो प्रक्रिया कार्यान्वयन गर्न जटिल छ र प्राविधिक विज्ञहरूको आवश्यकता पर्ने कुराहरू यसका सम्भावित चुनौती हुन् । आँकडाको

व्याख्यामा सहभागी संस्थाहरूबीच विवाद हुन सक्ने सम्भावना रहन्छ । यदि कुनै सम्भावित समस्याबारे अनुसन्धान गर्ने उद्देश्य हो भने, सार्वजनिक अनिश्चितता भएमा वा सुधारको प्रभावकारिताको लेखाजोखा गर्ने हो भने, राम्रो प्राविधिक क्षमता छ भने र यदि विषय विवादास्पद वा द्वन्द्व निम्त्याउने खालको छ भने अनुगमन समितिहरू सबैभन्दा उपयुक्त हुन्छ । यो प्रणाली विशेषगरी निम्न अवस्थाहरूमा प्रभावकारी हुन्छ : बजेट पारदर्शिता (योजना) को अनुगमनका साथसाथै सेवासम्बन्धी व्यवस्थाको गुणस्तर (कार्यान्वयन) को अनुगमन गर्दा ।

यस प्रणालीअन्तर्गत प्रायः प्रयोग भएका औजार एवं पद्धतिहरूः लक्षित समूहको छलफल, सामुदायिक अंकपत्र, नागरिक प्रतिवेदनपत्र, सार्वजनिक सुनुवाइहरू, सरलीकृत बजेट पुस्तिका, छलफलका दौरान भएका नागरिक बजेट, बजेट निर्माणका क्रममा बजेटसम्बन्धी मस्यौदा दस्तावेजमा सहभागिता, सामाजिक लेखापरीक्षण ।

जोखिमहरूः यसलाई केही सम्भ्रान्तहरूले पडकमा राख्न सक्छन् भने प्रतिनिधित्व कम हुन सक्दछ ।

४. स्वतन्त्र प्राविधिक विज्ञहरू

"स्वतन्त्र विज्ञहरूसँग अनुगमनका लागि करार गरिएको हुन्छ । विज्ञहरूको समूहले नियमित रूपमा स्थलगत भ्रमण गर्दछन् । समूहले स्थलगत भ्रमणमा कम्पनी, समुदाय र अन्य सरोकारवालाहरूसँग भेटी उनीहरूका उजुरी सुन्ने गर्दछन् र अनुगमन भ्रमणको अन्त्यमा इच्छुक पक्षलाई सोबारे अवगत गराउँदछन् । प्राविधिक विज्ञहरूले वास्तविक आँकडा सकंलन गरी प्रतिवेदन तयार पार्दछन् जसलाई सार्वजनिक गरिन्छ । प्राविधिक विज्ञहरू कम्पनीसँग उनीहरूको कमप्लायन्स् (Compliance) बारे छलफल गर्दैनन् बरू ठम्याइहरूलाई पारदर्शी बनाई एवं कम्पनीलाई आवश्यक परिवर्तन गर्न नैतिक दबाब दिई सार्वजनिक हितको सुरक्षा गर्दछन् । समुदायलाई कामका सर्तहरूको विकास गर्नका लागि एवं छनौट प्रक्रियामा समावेश गर्न सकिन्छ । समुदायले विज्ञहरूलाई फिल्डमा सहायता गर्न वा नगर्न सक्दछन् । यस प्रणालीका सम्भावित फाइदाहरू भनेको समूह निकै व्यावसायिक हुनु हो वा प्राविधिक विज्ञको संयोजनबाट भौगालिक रूपमा विविधता भएका वा बृहत् क्षेत्र जस्तै कुनै पाइपलाइनमा पर्ने भूगोल र समुदाय भएका स्थानमा अनुगमन गर्न सक्दछन् । उनीहरूले उच्च तहको प्राविधिक विश्वसनीयता दिलाउन सक्दछन् । यसलाई अन्य अवधारणाहरूभन्दा बढी स्वतन्त्र मान्न सकिन्छ । यो राजनीतिक दाउपेचबाट चोखो हुन सक्दछ । यसले सबै सरोकारवालाहरूलाई वार्ताका टेबलमा नल्याई नागरिक समाजसँग परामर्श गर्न सक्दछ । यो त्यस्ता ठाउँमा बढी प्रभावकारी हुन्छ जहाँ भौगालिक अवस्था वा विवादका कारणबाट मानिसहरू भेला भई कुरा गर्न सक्दैनन् । यसका सम्भावित चुनौतीहरूमा विज्ञहरू परियोजनाका अन्य पक्षहरू जस्तै इतिहास, कठिनाइहरू, स्थानीय

संस्कृति एवं अवस्था र सहभागी व्यक्तित्वहरूबारे सचेत नहुन सक्नु वा सोप्रति संवेदनशील नहुन सक्नु हो । कठिनाइहरूमा नागरिक समाजको नजरमा लागत, प्रयास एवं समयप्रति वैधता र विश्वसनीयता हासिल गर्नु, सुझावअनुरूप पालना गर्नमा चुनौती र विज्ञहरु कोप्रति जवाफदेही भन्ने प्रश्नहरु पर्दछन् । स्वतन्त्र प्राविधिक विज्ञहरु सम्मिलित प्रणाली कुनै एक समस्याबारे अनुसन्धान गर्नमा, आम मानिसको अनिश्चयलाई सम्बोधन गर्नमा वा सुधारको प्रभावकारिताको मूल्यांकन गर्ने उद्देश्यका लागि सबैभन्दा बढी प्रभावकारी हुन्छ । यसका विषयहरु प्राविधिक रूपमा यति जटिल हुन्छन् कि त्यसलाई बुझ्न कठिन हुनुका साथै समुदायको क्षमता र अनुभवलाई जतिसुकै विकास गरे पनि तिनको सम्बोधन गर्न सकिँदैन । सहभागीहरूमाझ धेरै मात्रामा विवाद र न्यून विश्वास हुन्छ । पक्षहरु राजनीतिक वा जातीयताका आधारमा विभाजित हुन्छन् जसले गर्दा प्रभावकारी कार्यमूलक सम्बन्धको निर्माण हुन सक्दैन र कुन अभ्यास अपनाउने भन्ने कुरामा सहमत हुन सकिँदैन । यो तब पनि उपयुक्त हुन्छ जब परियोजनाको भौगालिक क्षेत्र ठूलो हुन्छ, धेरै भूभाग ओगट्छ र समुदायको ऐक्यबद्धता कम हुन्छ (जस्तैः पाइपलाइन) यो अवधारणाको सानो र कम लागतको स्वरूप तब प्रभावकारी हुन्छ जब अवस्था निकै ध्रुवीकृत भएको हुँदैन, जोखिम कम हुन्छ र समुदाय प्राविधिक विज्ञहरूसँग प्रायोजकको कार्यक्षमताको आवधिक रूपमा अनुगमन गर्न र आमजनतालाई चौमासिक, अर्धवार्षिक र वार्षिक रूपमा सूचित गर्नका लागि इच्छुक हुन्छन् । यो प्रणाली विशेषगरी निकै प्राविधिक र जटिल भएका करारको कार्यान्वयनको अनुगमन गर्नका लागि प्रभावकारी हुन्छ ।

जोखिमहरूः ठूला आकारमा सञ्चालन गर्नका लागि महँगा

चरण १ः पद्धति र सुरूवाती ढाँचाको परीक्षण ।

NSM को सुरूवातमा विस्तारमा काम गर्नका लागि केही व्यवस्थापकीय समयको आवश्यकता पर्दछ । यो एक नयाँ अनुभव हो र मानिसहरु के कुराको अपेक्षा गर्ने भनी यकिन गर्न सक्दैनन् । यस प्रक्रियामा हतार नगर्नु नै उत्तम हुन्छ । सबैले आआफ्नो भूमिका बुझ्नुपर्दछ । NSM को पहिलो अवधि परीक्षणको अवधि हो जसमा यसले कसरी काम गर्दछ र यो पूर्णस्तरमा प्रयोगमा ल्याउनका लागि तयार छ वा छैन भनी हेरिन्छ । यो NSM सो रचना गर्ने क्रममा गरिएका धेरै अनुभवहरूलाई परीक्षण गर्ने समय हो । यो सुरूवाती चरणमा भए तापनि NSM लाई पूर्णरूपमा लागू गर्नुभन्दा अघि यसका मुख्य प्रयोगकर्ताहरु एवं लागू गर्ने व्यक्तिहरूको प्रतिक्रिया लिनु अत्यावश्यक हुन्छ । परीक्षणबाट क्षमता विकासका लागि कुनै कुरा आवश्यक परे सो कुराको पहिचान हुन्छ । यस प्रक्रियाका प्रतिबद्धताहरूलाई थप बलियो बनाउन कुनै सुरूवाती सफलताहरूतर्फ लक्षित गर्ने यो उत्तम समय हो । NSM लाई एउटा कार्यक्रमका रूपमा मात्र हेरिनु हुँदैन । बरू यसलाई एक प्रक्रियाका रूपमा हेरिनु पर्दछ ।

चरण २: आँकडाको विश्लेषण र ठम्याइहरूलाई सरोकारवालाहरूसमक्ष स्थापित

NSM पूर्णरूपमा कार्यान्वयनमा आइसकेपश्चात् आँकडालाई आवधिक रूपमा व्याख्या एवं विश्लेषण गर्नु आवश्यक हुन्छ । अनुगमन गर्ने संस्थाले पहिलोपटक आँकडाको विश्लेषण गर्न सक्दछ । तर यसले तत्पश्चात् अन्य सरोकारवालाहरूलाई विश्लेषणमा ल्याउँदछ । कुन सरोकारवालाहरु संलग्न छन् भन्ने कुरा परियोजनामा भर पर्दछ तर तिनमा ठम्याइहरूसँग सरोकार राख्ने सरकार, लाभग्राहीहरु, समुदायहरु, परियोजनाबाट प्रभावित व्यक्तिहरु तथा अन्य व्यक्ति पर्दछन् । सम्भव भएमा बैंकका कर्मचारी र वित्तीय व्यवस्थापनसमेत, सेफगार्ड (Safeguards) र अन्य सम्बन्धित क्षेत्रका विशेषज्ञहरु समेत सहभागी हुनुपर्दछ । सरोकारवालाहरूको सहभागिता आँकडाको व्याख्या, प्रशोधन एवं विश्लेषण र त्यसमा पनि विशेषरूपमा सहभागितामूलक अनुगमनका लागि आवश्यक पर्दछ । सरोकारवालाहरु परियोजनाको कार्य, समस्या एवं बन्देजहरूबारे गम्भीर समीक्षामा सहभागी हुन्छन् । स्रोताहरूले आफूले सजिलैसँग बुझ्न सक्ने ढाँचामा कसरी आँकडालाई प्रस्तुत गर्ने भन्ने कुराको निर्धारण गर्दछन् । दस्तावेजीकरण सहज, स्पष्ट, छोटो, समयबद्ध एवं पहुँचयोग्य हुनुपर्दछ । त्यसपछि सरोकारवालाहरूले ठम्याइहरूलाई कसरी प्रयोग गर्ने भन्ने बारेमा छलफल गर्नुपर्दछ । कहिलेकाहीँ यसमा NSM ले प्रकाश पारेका कुनै विषयलाई सम्बोधन गर्न कार्ययोजना बनाउने कुरा समेत समावेश हुन्छ । आँकडाको विश्लेषण र कार्यको योजना बनाउनुलाई त्रास फैलाउने वा गल्ती औँल्याउने कार्यका रूपमा लिइनु हुँदैन बरू समाधान पत्ता लगाउनका लागि रचनात्मक सहभागिताका रूपमा लिन सकिन्छ ।

चरण ३: NSM का ठम्याइहरूको पहिचान, पद्धतिलाई पुनःविचार, दस्तावेजीकरण र उपयोग

कार्यान्वयनका समस्याहरूको पहिचान गर्नका लागि NSM आफैँलाई समेत अनुगमन गर्नुपर्दछ । NSM को सुपरीवेक्षणका लागि सामान्य अनुगमनभन्दा बढी समय लाग्दछ किनभने त्यस्ता अनुगमन परियोजनाको समूह वा सरकारी निकायले गर्ने होइन । यसका लागि चाहिने अतिरिक्त समयको योजना गरिनुपर्दछ । परियोजना कार्यान्वयन एकाइ र बैंकको टिमले अनुगमन गर्ने संस्थालाई सक्रियतापूर्वक निर्देश गर्नु आवश्यक हुन्छ ।

यसमा पद्धतिलाई पुनःविचार गर्ने पद्धति (साथै कुन जानकारी उपयोगी छ भन्ने सम्बन्धमा सुझाव), विश्लेषणको विधि तथा प्रतिवेदन पेस गर्ने ढाँचा समावेश छ । NSM लाई धेरै संख्या भएको, ठूला क्षेत्रमा फैलिएको र द्वन्द्वबाट प्रभावित क्षेत्रहरूमा भएका परियोजनाहरूको अनुगमनका लागि प्रयोग गरिने भए तापनि यसलाई लागू गर्नाले व्यवस्थापन गरिनुपर्ने सीमितताहरूको खुलासा हुन सक्दछ । उदाहरणका लागि, ARTF मा अनुगमनका लागि प्रस्तावित स्थलहरूको संख्या धेरै नै महत्वाकांक्षी

भएका थिए र तिनमा कटौती गर्नुपरेको थियो ।

यस प्रक्रियाको महत्वपूर्ण पक्ष भनेको सरोकारवालाहरूसमक्ष सूचना प्रवाह भए–नभएको सुनिश्चित गर्नु हो जसले गर्दा ठम्याइहरूको प्रयोग हुन सक्दछ । यदि अनुगमन गर्ने निकाय, सरकार र परियोजनाका कर्मचारीबीच अनुगमनमा स्पष्टता र निरन्तरता हुँदैन भने अनुगमन आफैँले परियोजनाको कार्यक्षमतामा सुधार ल्याउँदैन । त्यसैले, परियोजनाको प्रक्रियामा परिवर्तन ल्याउनका लागि प्रतिक्रियाहरूको प्रयोग हुने कुराको सुनिश्चितता गर्नका लागि सरकारबाट समुदाय, परियोजनाका लाभग्राहीहरु र अन्यबीच प्रतिक्रियाको संयन्त्रको विकास गर्नु अत्यावश्यक हुन्छ । बैंकले यसमा सेतुको कार्य गर्न सक्छ भने NSM लाई यसका ठम्याइहरूको प्रयोगमार्फत प्रवर्द्धन गर्न सक्दछ । NSM का ठम्याइहरूको प्रयोगलाई सुनिश्चित गर्ने केही उपायहरु यसप्रकार छन् :

सरकार र गैरराज्यका व्यक्तिहरूबीच अनुगमनका ठम्याइहरूबारे छलफल गर्नका लागि नियमित बैठकहरु : परियोजनामा रहेका समस्याहरूलाई सम्बोधन गर्नका लागि आवश्यक कदमहरु एवं सम्भावित उपायहरूबारे छलफल गर्नु संयुक्त मिसनहरु जसले गर्दा सबैले एक अर्काबाट स्थलगत भ्रमणका क्रममा के कुरा हेर्ने भनी सिक्न सक्छन् ।

परियोजनाको अनुगमन, प्रतिवेदन लेखन र परियोजनाको अनुगमनबाट आएका जानकारीलाई कसरी निर्णय प्रक्रियामा समावेश गर्ने र परियोजनाको स्वरूपमा कस्तो परिवर्तन गर्ने भन्ने विषयमा सूचित गर्नका लागि तालिम/प्रशिक्षण NSM ले आफ्नो प्रक्रियाकै बारेमा समेत जानकारीलाई दस्तावेजीकरण गर्नुपर्दछ र यसले थप गरेको मूल्य यकिन गर्नका लागि यसको प्रभावको मापन गर्नुपर्दछ । NSM ले छोटो अवधिमा विशेषगरी जवाफदेहिताको प्रवर्द्धनमा के कति हासिल गर्न सक्दछ भन्ने विषयमा यथार्थपरक हुनुपर्दछ । यसका लागि एक दीर्घकालीन अजेन्डाको आवश्यकता पर्दछ किनभने यसमा धारणा, मान्यता, व्यवहार र सहुलियतको मापन समावेश हुन्छ ।

चरण ४: NSM अभियानलाई दीगो राख्नु (र बृहत् बनाउनु) ठूलो चुनौती

गैरसरकारी पक्षबाट हुने अनुगमनअन्तर्गत समावेश भएका गतिविधिहरूलाई सरकार तथा नागरिकबीचको सम्बन्धलाई कुनै परियोजनाअन्तर्गतको कार्य नभई सम्भव भएसम्म लामो अवधिसम्म टिक्ने गरी संस्थागत गर्ने गरी रचना गरिनुपर्दछ । यसलाई कुनै तवरबाट गर्न सकिने तरिकाहरु यसप्रकार रहेका छन् :

सरकारी अधिकारीहरु, सञ्चारमाध्यम, नागरिक समाज संस्थाहरु र समुदायहरूबीच निकट सम्बन्धलाई प्रवर्द्धन गर्ने, गैरसरकारी पक्षका व्यक्तिहरूले गरेका अनुगमनहरूउपर मन्त्रालय एवं परियोजना व्यवस्थापन एकाइहरूको सहजताको तह बढाउन एवं सोको पहिचान सुरक्षित गर्ने उपायहरूका लागि सहायता प्रदान गर्ने ।

नमुना अनुगमन अभियानपश्चात् समेत रहने गरी प्रयोगात्मक पुस्तिका (Manuals) र अन्य सामग्रीहरूको विकास गर्ने नागरिकको दैनिक वास्तविकतासँग अर्थपूर्ण हुने गरी एवं उनीहरूले आआफ्नो स्थानहरूबाट सहभागी हुन सक्ने तवरबाट नतिजाहरूलाई सार्वजनिक गर्ने कार्य व्यवस्थापकहरूलाई NSM को प्रतिवेदनहरु Supervision Mission Aide Memoires र Implementation Surpervision Report (ISRs) मा समावेश गर्नका लागि प्रोत्साहित गर्ने ठम्याइहरूलाई बृहत् स्रोताहरूमाझ प्रवाह गर्ने । उदाहरणका लागि, कार्यशालाहरु तथा प्रतिवेदनहरूलाई अनलाइनमार्फत हेर्न सकिने गरी वेबसाइटको विकासले NSM को प्रभावलाई वृद्धि गर्न सक्दछ र यसलाई दीगो बनाउनका लागि समर्थन जुटाउन सक्दछ । नमुना NSM लाई उच्च क्षमता भएको नागरिक समाज संस्थालाई हस्तान्तरण गर्न सकिन्छ ।

अन्त्यमा, धेरै NSM अभियानहरु विस्तार गर्ने मनस्थिति हुँदैन । तर यदि नमुना सफल भएको खण्डमा र यसलाई विस्तार गर्नुपर्ने पर्याप्त कारणहरु भएमा समूहले विभिन्न पक्षहरूलाई ध्यानमा राख्नुपर्दछ । के हाल विद्यमान अभियान विस्तार गर्नका लागि उपयुक्त छ ? के विस्तारका लागि केही परिवर्तन आवश्यक छन् ? यही कारणले गर्दा NSM को दस्तावेजीकरण आवश्यक परेको हो जसले गर्दा कुन कुराले काम गरिरहेको छ र कुन कुराले छैन भन्नेबारे थाहा हुन्छ र विस्तार गर्नुअघि यसका कमीकमजोरीहरूलाई सुधार्न सकिन्छ । एउटा स्थानमा काम गरेको कुनै कुरा अर्को स्थानमा अन्य सरोकारवालाहरूसँग काम नगर्न सक्दछ । पुरानो अभियानमा केही परिमार्जन र अन्य व्यवस्थापनको आवश्यकता पर्न सक्दछ । त्यस्तो विस्तारबाट NSM कर्ताहरूलाई कस्तो खालको थप भारहरु पर्दछन् ? उनीहरूलाई क्षमता विकासको जरूरत पर्न सक्दछ । नयाँ व्यक्तिहरूको आवश्यकतासमेत पर्न सक्दछ ।

आँकडा संकलन गरेपछि के हुन्छ ? अफगानिस्तान पुनर्निर्माण हितकोष (ARTF)
फिल्ड इन्जिनियरहरूमार्फत मोबाइल फोन र International Relief and Development (IRD) ले विकास गरेको डाटा संकलन गर्ने एप्लिकेसनको प्रयोगबाट अनुगमनको आँकडा संकलन गरियो । आँकडालाई मासिक निरीक्षण प्रतिवेदन एवं चौमासिक विश्लेषणात्मक प्रतिवेदनमार्फत सम्बोधन गर्नुपर्ने विषयको पहिचानसहित निकाल्नका लागि प्रयोग गरिन्छ । आँकडा र निष्कर्षहरूबारे IRD, बैंक र सरकारी मन्त्रालयबीच हुने मासिक बैठकहरूमा छलफल गरिन्छ । ARTF व्यवस्थापनसँग हुने चौमासिक बैठकहरूमा विभिन्न अन्तरसम्बन्धित विषयहरूको परीक्षण हुन्छ ।

विभिन्न समूहहरूसँग काम गर्नका लागि सुझावहरू

१. गैरराज्यकर्ताहरूसँग कार्य : गैरराज्यकर्ताहरूले के कुरा हासिल गर्न सक्छन् भन्नेबारे यथार्थपरक हुनुहोस् । परामर्श र प्रशिक्षणका लागि पर्याप्त समय दिनुहोस् । क्षमता अभिवृद्धि र सहायताका लागि तयार रहनुहोस् ।

२. सरकारसँगको कार्य : NSM लाई एक वाचडग (Watchdog) का रूपमा नभई परियोजनाका जोखिमहरु र समस्याको निराकरण गर्ने माध्यमका रूपमा प्रस्तुत गर्नुहोस् । NSM लाई सरकारी कार्यक्षमताको आलोचना गर्नका लागि नभई त्यसलाई सुधार गर्नका लागि प्रयोग गर्नुहोस् । NSM को महत्वलाई व्यावहारिक उदाहरणहरूका साथ प्रदर्शन गर्नुहोस् । च्याम्पियन (Champion) हरूको पहिचान गर्नुहोस् र उनीहरूसँग काम गर्नुहोस् । सेवाप्रदायकहरूलाई NSM का फाइदाहरूबारे बताई विश्वस्त पार्नुहोस् । NSM प्रति बढी खुला हुन सक्ने स्थानीय सरकारहरूसँग काम गर्नेतिर विचार गर्नुहोस् ।

३. सरकार र गैरराज्यकर्ताहरूलाई सँगै काम गर्ने बनाउन : सरकार र गैरराज्यकर्ताहरूबीच सम्बन्ध निर्माणमा जोड दिनुहोस् । NSM का लागि क्षमता अभिवृद्धिमा सरकार र गैरराज्यकर्ताहरु समावेश हुनुपर्दछ । साझेदार संस्थाहरूको संस्थागत संस्कृति र NSM मा उनीहरूको अनुभव बुझ्नुहोस् ।

४. समुदायसँग कार्य : सामुदायिक समितिहरूमा पुरूष, महिला, युवा तथा सीमान्तीकृत वा संकटापन्न समूहहरु समावेश हुनुपर्दछ । स्थानीय संस्था एव गैरसरकारी संस्थालाई अनुगमन समितिमा सहायता गर्नका लागि प्रयोग गर्नुहोस् । समुदायका सदस्यहरूलाई परियोजनाको अनुगमन, रिपोर्टिङ र सञ्चारका सीपहरूबारे प्रशिक्षण दिनुहोस् । बिस्तारै सुरू गर्नुहोस् ताकि मानिसहरूले आफ्नो धारणा बनाउन सहज महसुस गर्न सक्दछन् । समुदायका सदस्यहरूको तालिकासँग अनुकूल हुनुहोस् । उदाहरणका लागि : साताको अन्त्यमा साँझको समयमा बैठक बोलाउने । दक्ष सामुदायिक सहजकर्ताहरु नियुक्त गर्नुहोस् ।

५. सञ्चारमा सुधार : NSM प्रति आममानिसको बुझाइ निर्माण गर्नुहोस् । जनचेतना जगाउनका लागि जानकारीमूलक कार्यक्रम गर्नुहोस् र परियोजनाको सूचना प्रेषित गर्नुहोस् । ठम्याइहरूबारे एवं उनीहरूका प्रतिक्रियाहरु कसरी प्रयोग भइरहेका छन् भन्ने सम्बन्धमा समुदायहरूलाई सूचित गरिरहनुहोस् । NSM को प्रचारमा वृद्धि गर्नका लागि मिडिया र अन्य सञ्चारमाध्यमहरूसँग काम गर्नुहोस् । कुन सरोकारवालालाई कुन जानकारी दिने भन्ने कुरामा विचार गर्नुहोस् ।

यदि तपाईंका टिप्पणीहरूले परियोजनाले उल्लंघन गरेका स्थानीय कानुन तथा नियममा भएका व्यवस्थाहरु औंल्याइदिएको खण्डमा ती धेरै प्रभावकारी हुन्छन् । लिखित टिप्पणी पेस गर्नाले तपाईं अनुगमन गतिविधिहरूमा सहभागी भएको कुरालाई दर्साउनका लागि महत्वपूर्ण हुन्छन् । तपाईंले पुनरावेदन गर्ने निर्णय गर्नुभयो भने तपाईंले अदालतमा पछि उठाउन चाहेका विषयहरु यदि तपाईंले लिखितमा राख्नुभएका टिप्पणीहरूमा समावेश भएका रहेछन् भने तपाईंको मुद्दा थप बलियो हुन्छ । कुनै पनि राम्रो विश्लेषणको अभिन्न अंग भनेको यसलाई बुझ्न योग्य बनाउने तथा त्यस क्षेत्रभन्दा बाहिर रहेका व्यक्तिहरूलाई समेत हेर्न मन लाग्ने बनाउने हो । उत्तिकै

महत्वपूर्ण पक्ष भनेको तपाईंले प्रभाव पार्न चाहेका कुराहरूलाई जानकारीका रूपमा मुख्य स्रोतासमक्ष पुऱ्याउने हो । तपाईंले आफ्ना स्रोताहरूलाई ध्यानमा राख्नुपर्दछ । उदाहरणका लागि, थोरै मात्र सञ्चारकर्मी वा कानुन निर्माताहरू बजेट वा नीतिका विज्ञ हुन्छन् । यी स्रोताहरूका लागि सरल भाषामा बृहत् विश्लेषण अत्यन्त प्रभावकारी हुन्छन् । पहिलो कदम भनेको पारिभाषिक शब्दावली (Jargon) हटाउने हो । यदि कुनै शब्द आवश्यक पर्दछ भने त्यस्ता शब्दलाई सरल भाषामा परिभाषित गरिनुपर्दछ । यो कुरा विश्लेषणलाई अति सरल बनाउने विषय नभई जटिल विचारलाई बुझ्ने गरी व्याख्या गर्नु हो । अर्को कदम भनेको विश्लेषण र सन्देशहरूलाई सहभागितामूलक हिसाबबाट प्रस्तुत गर्नका लागि सामग्रीको निर्माण गर्नु हो । अनुगमन समूहहरूले लामा प्रतिवेदनहरू (स्पष्ट सारसंक्षेप) देखि नियमित पत्रिका एवं संक्षेपहरूबाट सबै कुराहरू प्रयोग गरिसकेका हुन्छन् । इन्टरनेट वितरणको एक महत्वपूर्ण एवं उदाउँदो वाहकका रूपमा रहेको छ । समूहले विश्लेषणलाई सरल बनाउन, अनुवाद गर्न एवं वितरण गर्नका लागि योजनाको विकास गरिसकेपश्चात् सबैभन्दा बढी महत्व राख्ने स्रोताहरूलाई प्रशिक्षण दिन प्रस्ताव राख्न सक्दछ ।

कुनै अवस्थाहरूमा सरोकारवालाहरू आँकडाको व्याख्या वा संकलित आँकडाप्रति राजी नहुन सक्छन् । कहिलेकाहीँ सहभागितामूलक अनुगमन प्रक्रियाका सहभागीहरूसमेत आँकडाको व्याख्याप्रति राजी नहुन सक्छन् । यस्तो अवस्थामा विवादको निरूपण गर्ने संयन्त्र हुनु आवश्यक हुन्छ । सम्भावित संयन्त्रका उपायहरूमा मध्यस्थताका लागि भरोसायोग्य तेस्रो पक्ष हुन सक्छ, आचरणका नियम स्थापना गर्न सकिन्छ वा अनुगमनको पद्धतिलाई सहभागितामूलक अनुगमनमा परिवर्तन गर्न सकिन्छ । सहभागितामूलक अनुगमनको फाइदा र त्यस्तो प्रणालीको स्थापना कसरी गर्न सकिन्छ भन्ने जान्नका लागि तपाईंले भाग ७ को सहभागितामूलक अनुगमन हेर्न सक्नुहुनेछ ।

परिच्छेद-४

नेपालमा सार्वजनिक खरिद ऐन, नियमावली, निर्देशिका र प्रक्रिया

सार्वजनिक खरिद

सार्वजनिक खरिद भनेको सार्वजनिक निकायले सरकारी कोष प्रयोग गरी वस्तु, सेवा तथा निर्माण कार्य प्राप्त गर्ने तरिका हो । सार्वजनिक निकायलाई नागरिकलाई सेवा प्रवाह गर्न एवं देश विकासका कार्य सञ्चालन गर्न आर्थिक, कानुनी तथा राजनीतिक प्रकृतिका अत्यावश्यक सेवा-सुविधा प्रदान गर्न शैक्षिक प्रणालीका सामग्री, स्वास्थ्य सेवाका सामग्री, रक्षा, सुरक्षा तथा पूर्वाधार क्षेत्रका सामग्री तथा पूर्वाधार विकासका कार्यहरू खरिद गर्नुपर्ने हुन्छ । मूलतः सबैजसो सार्वजनिक सेवाहरू सार्वजनिक खरिदबाट नै पूर्ति हुन्छन् । मुलुकका सबै नागरिकहरू सार्वजनिक खरिद प्रणालीको लाभग्राही हुन् । अतः सरकारको सेवा प्रवाह गर्ने मुख्य कामहरू मध्ये सार्वजनिक खरिद एक प्रमुख कार्य हो । सरकारको विकास-लक्ष्य र राजनीतिक सपना सार्वजनिक खरिदको माध्यमबाट नै प्राप्त हुन्छ । सरकारको विनियोजित बजेटमार्फत सरकारले आम जनतालाई प्रदान गर्न खोजेका सेवाहरू सार्वजनिक खरिदबाट नै रूपान्तरित हुन्छ । सरकारको सेवा प्रवाह गर्ने कार्यका लागि आवश्यक वस्तु, सेवा तथा निर्माण कार्य प्राप्त गर्न सार्वजनिक खरिदका स्थापित ऐन-नियमको पालना गरी योग्य आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई समयमा नै करार सम्झौता गरी सेवा प्राप्त गर्नु सार्वजनिक खरिदको लक्ष्य हो ।

करदाताको बहुमूल्य करको रकमको अधिकांश खर्च (कुल गार्हस्थ उत्पादनको लगभग २० प्रतिशत र कुल वार्षिक बजेटको लगभग ६० देखि ७० प्रतिशत) सार्वजनिक खरिद मार्फत हुन्छ । त्यसैले सेवा प्रवाह गर्न तथा जनचाहना परिपूर्ति गर्न विभिन्न तहका सरकारले सार्वजनिक खरिदलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउन उच्च स्तरको आचरण पालन गर्नुपर्ने हुन्छ । अव्यवस्थित रूपमा सार्वजनिक कोषको दुरूपयोग हुनबाट जोगाउन प्रभावकारी खरिद प्रणालीको ठूलो योगदान रहन्छ । सार्वजनिक क्षेत्रको व्यवस्थापन, सरकारको जवाफदेहिता र सुशासनका लागि खरिद प्रणालीको मुख्य भूमिका हुन्छ । अव्यवस्थित खरिद प्रणालीले सार्वजनिक खर्चको दुरूपयोग मात्र हुने होइन, यसले आर्थिक विकासमा समेत बाधा उत्पन्न हुन्छ ।

संसारका अन्य देश जस्तै नेपाल पनि वस्तु, सेवा र निर्माण कार्यको ठूलो खरिदकर्ता हो । वार्षिक बजेटको ६० देखि ७० प्रतिशत खरिद मार्फत नै खर्च हुने भएकाले अर्थतन्त्रको नियमित सञ्चालनमा सार्वजनिक खरिदको महत्व हुन्छ । त्यस्तै विश्वासिलो खरिद प्रणाली आर्थिक विकासको उच्चदर कायम गर्न पनि महत्वपूर्ण हुन्छ । सरकार

तथा सबै सार्वजनिक निकायको सीमित सार्वजनिक स्रोतलाई प्रभावकारी रूपमा प्रयोग गर्ने दायित्व हुन्छ । सार्वजनिक वित्त व्यवस्थापन र सुशासनको मूल हिस्सा सार्वजनिक खरिदसँग सम्बन्धित छ । सरकारका लक्ष्य समयमै प्रभावकारीरूपमा प्राप्त गर्न तथा सेवा प्रवाह गर्न सार्वजनिक खरिद प्रणालीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । प्रभावकारी सेवा प्रदान गर्नका लागि नेपाल सरकारले शासन प्रणालीको मुख्य हिस्साका रूपमा निरन्तर समयसापेक्ष सुधारका प्रयास गरिरहेको छ ।

सार्वजनिक खरिद ऐन, नियमावली, निर्देशिका

यसै परिपेक्ष्यमा नेपाल सरकारले सार्वजनिक खरिद ऐन-२०६३ लागू गरेको छ । यही ऐन र यससँग सम्बन्धित नियमावलीले नेपालको सार्वजनिक खरिद प्रक्रिया नियमन गरेको छ । पारदर्शिता, सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमानदारी, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने र सार्वजनिक निकायले निर्माण कार्य गर्दा–गराउँदा, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा त्यस्तो खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई बिनाभेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने सार्वजनिक खरिद ऐनको आधारभूत सिद्धान्त हुन् । यो कानुनी व्यवस्थाले खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला तथा पारदर्शी बनाएको छ र खरिदमा प्रतिस्पर्धा, इमानदारी, जवाफदेहिता र विश्वसनीयतामा अभिवृद्धि भई सुशासन प्रदान गर्न सहयोग पुगेको छ ।

सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको खरिद निर्देशिकाको पालना गरी सार्वजनिक निकायले खरिद कार्य गर्नुपर्छ । सक्षम आपूर्तिकर्ताहरू, ठेकेदारहरु तथा अन्य सरोकारवालाहरूका लागि ऐन तथा नियमावलीले समयमा नै स्पष्ट, यथेष्ट तथा सही सूचना प्रवाह गरी मार्गनिर्देश गरेको छ । यी कानुनी व्यवस्थाले खरिदचक्रबारे सरोकारवालालाई स्पष्ट सूचना प्रदान गर्छ । जसले सार्वजनिक खरिद प्रक्रियाप्रतिको बुझाइ र सक्षम आपूर्तिकर्ताहरूलाई समान र पारदर्शी अवसर सिर्जना पनि गर्छ । अझै स्पष्ट रूपमा भन्दा बोलपत्रदाताबीच मिलेमतो गर्न वा गुटबन्दीमा संलग्न हुन नदिन गोप्य सूचनाबाहेक सबैजसो जानकारी प्रदान गरिएको हुन्छ । सार्वजनिक खरिदमा पारदर्शिताको स्थान उच्च हुनुपर्छ भन्ने त सबैलाई थाहा छ । भ्रष्टाचारको मूल थलो मानिने पूर्वाधार निर्माण र सार्वजनिक खरिदको क्षेत्रमा सुशासन प्रत्याभूत गरी पारदर्शितालाई प्रवर्द्धनगर्न सार्वजनिक खरिदमा भएको कानूनी व्यवस्थाको महत्वपूर्ण भूमिका हुन्छ ।

सार्वजनिक र निजी क्षेत्रबीच सबैभन्दा प्रमुख अन्तर्क्रिया सार्वजनिक खरिदमा हुने हुँदा निजी र सरकारी दुवैतर्फ व्यक्तिहरूलाई सरकारी कोषबाट व्यक्तिगत लाभ लिने अवसर रहेको हुन्छ । यसरी सरकारी कोषलाई व्यक्तिगत फाइदाका लागि उपयोग गर्दा समयमा काम नभएको, योजनाको लागत बढेको र गुणस्तरहीन काम भएको भन्ने अक्सर सुनिने गर्छ । यसले सरकारप्रति आम नागरिकको आस्था पनि घट्छ । तसर्थ, भ्रष्टाचारको जोखिम कम गर्न नीतिगत मात्रै हैन, संरचनात्मक रूपमा पनि सम्बन्धित संस्थाहरूमा सक्रिय रूपमा सुधार हुनुपर्छ। खरिदसम्बन्धी मुख्य सूचनामा नागरिक समाज, सञ्चार माध्यम तथा आम नागरिकको सहज पहुँच हुनुपर्छ । सार्वजनिक निकायहरूमा आन्तरिक तथा बाह्य नियन्त्रणका उपाय तथा नागरिक समाजबाट आवश्यक अनुगमनसमेत हुनुपर्छ । खरिद अधिकारीले राज्यले चाहेकै क्षेत्रमा र नागरिकको हितलाई मध्यनजर गरी पारदर्शी र जवाफदेही तरिकाले राज्यकोषको खर्च गर्नुपर्छ । स–साना अनियमितताको पनि गम्भीर मूल्यांकन गरी समयमै कानुनी कारबाही भएमा राज्यकोषको दुरूपयोग पत्ता लाग्ने र कडा कानूनी कारबाही हुने कुराप्रति भ्रष्टहरु सजग हुने गर्छन् । राज्यकोषको सदुपयोग गर्नु वा राज्य कोषको दुरूपयोग हुन नदिने जिम्मेवारी सरकारको मात्रै पनि हैन, निजी क्षेत्र तथा आपूर्तिकर्ताहरूको पनि हो भन्ने कुरा स्थापित हुन आवश्यक छ ।

खरिदसम्बन्धी कानुनी व्यवस्था, नीति, कार्यविधि, नियमावली, निर्देशिका, प्राविधिक मार्गदर्शन तथा खरिद कारबाही सञ्चालन गर्न प्रयोग गर्नुपर्ने मानक बोलपत्रसम्बन्धी कागजात (स्याटन्डर्ड बिडिङ डकुमेन्ट) हरूले ठेकेदारहरु, आपूर्तिकर्ताहरु र सेवा प्रदायकहरूलाई नियमन गर्छ । आवश्यकता पहिचानदेखि सम्झौता समाप्तिसम्मका कार्यविधिलाई यिनै कानुनी व्यवस्थामार्फत नियमन गरिन्छ । खरिद प्रक्रियाका थुप्रै चरण हुन्छन् । जस्तैः आवश्यकता पहिचान, स्पेसिफिकेसन र लागत अनुमान, बोलपत्रको पूर्वतयारी, बोलपत्र आह्वान, मूल्यांकन, खरिद करारको कार्यान्वयन, प्रतिवेदन तथा लेखा परीक्षण आदि ।

खरिद प्रक्रिया

खरिद योजनाहरूले नियमित दाताहरूलाई बजेट योजनाका लागि कार्य एवं जानकारी दिन्छन् । कुनै पनि कामका लागि बोलपत्र सुनिश्चित गर्ने मुख्य कारक भनेको क्रेताहरूले कुन कुन क्षेत्रमा लगानी गर्दैछन् भन्नेबारे र खरिदका विभिन्न तत्वहरूबारे जति सक्दो चाँडो जानकारीमा राख्ने हो । रकम कहाँ उपलब्ध हुन्छ भन्ने अग्रिम जानकारीले गर्दा व्यवसायमा उनीहरूको प्रस्तावनालाई उचित ढंगबाट राख्न सघाउँछ जसको मतलब उनीहरूलाई टेन्डरको अवस्थासम्म आइपुग्दा बढी जानकारी, स्रोत एवं सम्पर्कमा वृद्धि हुन्छ । सामान्यतः खरिद योजनाहरु सरकारका खरिदसम्बन्धी वेबसाइटहरूमा उपलब्ध हुन्छ वा Data मा राखिएको खण्डमा OCDS Data को (Planning/documents/document Type/procurement Plan) भागमा समेत हुन सक्दछ ।



चित्र २ : सार्वजनिक खरिद चक्र

खरिद प्रक्रियाको प्रभावकारी र पारदर्शी व्यवस्थापन नभए आपूर्तिकर्ताहरूको रूचि घट्छ र प्रतिस्पर्धा नै हुँदैन, जसले गर्दा छनोटमा सीमितता हुने र ठेक्का महँगो हुन जान्छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत स्थापित सार्वजनिक खरिद अनुगमन कार्यालय राजपत्रांकित विशिष्ट श्रेणीको अधिकारीको नेतृत्वमा रहन्छ । यसको मुख्य काम खरिद प्रक्रिया प्रभावकारी बनाउन सार्वजनिक खरिद ऐनका प्रावधान कार्यान्वयन गर्नु हो । यस अनुगमन कार्यलाई व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याइएको २००७ अगस्ट २० तारिखको मन्त्रिपरिषद्को निर्णयबाट हो । सार्वजनिक खरिद ऐनअन्तर्गत सार्वजनिक खरिद अनुगमन कार्यालयका मुख्य काम, कर्तव्य तथा अधिकार यसप्रकार छन् :

क) खरिदसम्बन्धी नीति तथा खरिद कानुनसम्बन्धी सुधारका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

ख) सार्वजनिक खरिद ऐन कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन जारी गर्ने,

ग) खरिद कार्य गर्न मानक बोलपत्रसम्बन्धी कागजात (Standard Bidding Documents) तथा मानक पूर्वयोग्यतासम्बन्धी कागजात (Standard Pre-qualification Documents) तथा मानक करार सम्झौता (Standard Contract Document) तयार पार्ने,

घ) सार्वजनिक निकायबाट हुने वा भएको खरिद कारबाहीको तथ्यांक संकलन गरी खरिदऐन, नियमावली तथा निर्देशिकाहरू अनुरूप खरिद भए वा नभएको अनुगमन र परीक्षण गर्ने वा गराउने,

ङ) खरिदपश्चात्को पुनरावलोकन गर्ने, गराउने,

च) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवा प्रदायकको खरिदसम्बन्धी योग्यता र अनुभवको अभिलेख तयार गर्ने,

छ) विद्युतीय खरिद निर्देशिका जारी गर्ने,

ज) ऐन तथा नियमावलीसँग सम्बन्धित विषयबारे सार्वजनिक निकायले राय-सुझाव मागेमा राय तथा सुझाव दिने,

झ) खरिदसम्बन्धी वेबसाइट स्थापना गरी सञ्चालनमा ल्याउने,

छ) सूचना सम्प्रेषणका लागि बुलेटिन प्रकाशन गर्ने,

ञ) कर्मचारी तथा बोलपत्रदातालाई निरन्तर तालिम प्रदान गर्ने बन्दोबस्त मिलाउने,

ट) कालोसूचीमा राख्ने र हटाउनेसम्बन्धी आधार निर्धारण गरी अभिलेखीकरण गर्ने,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत स्थापित सार्वजनिक अनुगमन कार्यालयले मानक बोलपत्रसम्बन्धी कागजात (Standard Bidding Documents) तथा मानक पूर्वयोग्यता सम्बन्धी कागजात (Standard Pre-qualification Documents) तथा मानक करार सम्झौता (Standard Contract Document) जारी गरेको, विद्युतीय खरिद सम्बन्धी वेबसाइट स्थापना गरी विद्युतीय खरिद निर्देशिका जारी गरेको, कर्मचारी तथा बोलपत्रदातालाई तालिम सञ्चालन गरेको भएतापनि खरिदसम्बन्धी कानून पूर्णरूपमा लागू गर्न प्रभावकारी तथा व्यवस्थित सेवा भने दिन सकेको छैन । खरिद ऐन तथा नियमावली अन्तर्गतका कतिपय कार्य अझै ज्यूँका त्यूँ छन् । अनुगमन कार्यालयकै संरचना पनि बलियो छैन । अध्ययन तथा अनुसन्धान, सूचना प्रविधि र विज्ञ समूहसंँग सम्बन्धित संरचना कार्यालयमा अटाएकै छैनन् । कर्मचारीहरूको दिगोपन नहुनु, आवश्यक तालिमबिनाका कर्मचारी, स्रोतको अभाव, कर्मचारीहरूमा आत्मबलको कमीले गर्दा अनुगमन कार्य प्रभावकारी हुन सकेको छैन । संरचनामा अध्ययन तथा अनुसन्धान अभावले गर्दा खरिद प्रक्रियाका मूल मुद्दा र सुधारका उपायको चर्चा नै हुन सकेको छैन ।

सार्वजनिक निकायहरूमा गृहकार्यको अभाव, आवश्यक निर्देशिकाको कमी, प्राविधिक ज्ञान तथा अभिलेखको कमी, अनुगमन कार्यालयको फितलो अनुगमन र सार्वजनिक निकायमा दक्ष जनशक्तिको कमीले खरिद ऐन तथा नियमावली प्रभावकारीरूपमा लागू हुन सकेको छैन । संघीय होस् या जिल्ला तह सूरक्षाको प्रत्याभूति नहुँदा बोलपत्र पेस हुँदा बोलपत्रदाताबीचको मिलेमतो हुने गरेको छ । यद्यपि इ-जीपीको प्रयोगले

बोलपत्रदाताहरूबीचको मिलेमतो केही कम भएको छ र पारदर्शिता बढेको छ । सार्वजनिक प्रशासनका केही अधिकारीहरु खरिद ऐन नियमावली तथा अभ्यासहरूबारे अनभिज्ञ रहनुले पनि खरिदको प्रभावकारिता र प्रतिफल प्राप्तिमा कमीभएको छ ।

संघ, प्रदेश तथा स्थानीय सरकारमा स्वास्थ्यसम्बन्धी खरिद प्रक्रिया

नेपालको संविधान, २०७२ को धारा ३५ ले मौलिक हकका रूपमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउनुपर्ने व्यवस्था गरेको छ । यसैका आधारमा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभरूपमा उपलब्ध गराउने गरी स्वास्थ्य क्षेत्रमा विभिन्न नीति तथा कार्यक्रमहरु लागू गरिएका छन् । स्वास्थ्य क्षेत्रमा WHO, UNFPA, UNDP, UNICEF, World Bank, DFID, USAID, AusAid,, JICA, GTZ, SDC, KfW, Netherlands, Norway, Gavi, Global Fund को सहयोगमा विभिन्न योजना तथा कार्यक्रम लागू भएका छन् । आधारभूत स्वास्थ्य सेवा व्यवस्थापनको क्रममा गरिने विभिन्न कार्यहरूमध्ये औषधि तथा स्वास्थ्य उपकरणहरु खरिद, भण्डारण र वितरण महत्वपूर्ण कार्य हुन् । यी कार्य केन्द्रीय निकायहरूले गरी आएकोमा नेपालको संविधान, २०७२ अनुसार संघीय संरचना लागू भएपछि स्थानीय सरकारले गर्दै आएका छन् । चाहिएको स्थानमा आवश्यक समयमा उपयुक्त मात्रामा गुणस्तरीय औषधि तथा औषधिजन्य सामग्रीको उपलब्धताको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ । यो दायित्व निर्वाहले मात्रै राज्यले भनेजस्तो गुणस्तरीय स्वास्थ्य सेवा कार्यान्वयन सुनिश्चित हुन्छ । 'सबैका लागि स्वास्थ्य सुरक्षा' नाराको यथार्थ र व्यावहारिक प्रयोगका लागि औषधिजन्य सामग्री खरिदमा पारदर्शिताको महत्वपूर्ण भूमिका हुन्छ । चिकित्सकीय व्यवस्थापनका लागि औषधि खरिद मुख्य आधार भएपनि विविध कारणले खरिद प्रक्रिया लम्बिन्छ ।

औषधिजन्य खरिदका मुख्य मानक निम्नानुसार छन् :

(क) उपयुक्त मात्रामा मितव्ययी औषधिहरूको खरिद

(ख) गुणस्तरीय उत्पादन तथा सेवाका लागि विश्वसनीय आपूर्तिकर्ताको छनोट

(ग) समयमै सेवा प्रदान हुने सुनिश्चितता

(घ) औषधिको गुणस्तरको सुनिश्चितता

(ङ) मितव्ययी र न्यूनतम मूल्यमा प्रभावकारी भण्डारण तथा वितरण

प्रभावकारी र व्यवस्थित खरिद प्रक्रिया भएमा गुणस्तरीय औषधि तथा औषधिजन्य सामग्री आवश्यक स्थानमा आवश्यक मात्रामाउचित मूल्यमा उचित मात्रामा समयमै प्राप्त गर्न सकिन्छ भने यसको अभावमा ओभरस्टक, स्टकआउट, गुणस्तर नभएका औषधि तथा उपकरणले जनस्वास्थ्यमा प्रकोप उत्पन्न हुनेजस्ता समस्या व्यहोर्नुपर्ने हुन्छ । औषधि तथा औषधिजन्य सामग्री खरिद अति प्राविधिक र व्यावसायिक

गतिविधि भएकाले यसका लागि ज्ञान, सीप र अनुभवसँगै संरचनामा उल्लेख्य रूपमा तालिम प्राप्त कर्मचारी र उपयुक्त व्यवस्थापन प्रणाली जरूरी हुन्छ । खरिद र वितरणलाई प्रभावकारी बनाउन कार्य सञ्चालनमा दक्षता जरूरी हुन्छ ।

संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सन् २०१५ मा राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनीति तयार गरेको छ, जसले ५ वर्षको स्वास्थ्य क्षेत्रको लक्ष्य र कार्यविधि निर्देश गर्छ । रणनीतिको मूल उद्देश्य 'सबै नेपाली नागरिकलाई उत्पादनमूलक गुणस्तरीय जीवन बिताउन उच्चस्तरीय शारीरिक, मानसिक, सामाजिक एवं पर्यावरणीय स्वास्थ्य सेवा' पुऱ्याउनु हो । यसको रणनीतिक लक्ष्य 'हरेक नागरिकको स्वास्थ्यको मौलिक अधिकार सुनिश्चित गर्न उपलब्ध स्रोत-साधनहरूको अधिकतम उपयोग गर्दै सेवा प्रदायक, उपभोक्ता, सरोकारवालहरूबीच रणनीतिक सहकार्य गर्नु' हो । गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न औषधि तथा स्वास्थ्य उपकरणहरु खरिदको व्यवस्थापन उचित तरिकाले गर्नुपर्छ । खरिद र आपूर्ति व्यवस्थापनका लागि उल्लेख्य सुधारका उपाय स्वास्थ्य मन्त्रालयले अवलम्बन गरेको छ ।

खरिद सुधारयोजना (२०१७-२०२२) पनि कार्यान्वयनमै छ । अझै, स्वास्थ्य मन्त्रालयले नेपाल स्वास्थ्य क्षेत्र सार्वजनिक खरिद रणनीतिक योजना लागू गरेको छ । यसले हालको खरिद सुधार योजना प्रतिस्थापन गर्नेछ । यो बृहत् रणनीतिअन्तर्गत खरिदसम्बन्धी सुधारका थुप्रै योजना लागू भएका छन् ।

देशभर रहेका स्वास्थ्यसम्बन्धी निकायहरूमा प्राविधिक स्पेसिफिकेसन तयार गर्ने विज्ञ कर्मचारी नभएकाले औषधि तथा उपकरणहरूको खरिदमा समानस्तर र एकरूपता ल्याई खरिद कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले आपूर्ति व्यवस्थापन विभाग महाशाखाले १२१ वटा औषधि तथा ११०९ वटा स्वास्थ्य उपकरणहरूको मानक तयार गरी त्यसको स्पेसिफिकेसन बैंक आफ्नो वेबसाइट www.dohslmd.gov.np मा अपलोड गरेको छ । प्राविधिक स्पेसिफिकेसन बैंकको औषधि तथा उपकरणहरूको स्वीकार्य स्पेसिफिकेसन हो यसले गुणस्तरको प्रत्याभूति गर्नुका साथै बृहत् प्रतिस्पर्धालाई बढावा दिन्छ ।

चिकित्सकीय सामग्री तथा साधन प्रभावकारी र समयानुकूल खरिद र वितरणका लागि लजिस्टिक म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम, इन्भेन्ट्री म्यानेजमेन्ट सिस्टम, वार्षिक खरिद योजना, खरिद गुरूयोजना, संशोधित वार्षिक खरिद योजना लागू गरिएको छ । संघीय तहमा अझै नयाँ खरिद ढाँचा पनि सञ्चालनमा ल्याइएको छ । तल्लो तहको सरकारको सञ्चालनका लागि खरिद व्यवस्थापन तथा इ-जीपी सञ्चालन गर्न दुईवटा मानक निर्देशिका तयार पारिएको छ ।

केन्द्रको संघीय स्तरमा औषधि तथा स्वास्थ्य उपकरण खरिदका लागि स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाअन्तर्गत रहेको आपूर्ति शाखा जिम्मेवार रहेको छ । यस शाखाले विभागका अन्य महाशाखाहरूसँग समन्वय गरी खरिद गर्ने गर्छ ।



चित्र ३ : खरिद प्रक्रिया क्रियाकलापको प्रवाह तालिका

खरिद भनेको समयबद्ध कार्य हो अतः खरिदकर्ताले समयको पालना गर्नुपर्छ । खरिद प्रक्रिया क्रियाकलापको प्रवाह र प्रत्येक क्रियाकलापको समयतालिका तल दिइएको छ ।

प्रक्रिया प्रवाह	क्रियाकलापहरू	समय तालिका
१	खरिद एकाइले खरिद माग पठाउन अनुरोध गर्ने	साउनको पहिलो हप्ता
२	खरिद एकाइले खरिद माग संकलन गर्ने	एक हप्ता
३	खरिद एकाइले खरिद मागलाई वार्षिक कार्यक्रम अनुरूप अन्तिमरूप दिने	दुई हप्ता
४	वार्षिक खरिद योजना र आवश्यकता अनुसार खरिद गुरूयोजना तयार गर्ने	
५	अधिकार प्राप्त अधिकारीबाट वार्षिक खरिद योजना र खरिद गुरूयोजना तयार गरिएको भएमा सो समेत स्वीकृत गर्ने ।	
६	स्वीकृत वार्षिक खरिद योजना तालुक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउने र आफ्नो वेबसाइटमा राख्ने	साउन अन्तिम सम्ममा

प्रक्रिया प्रवाह	क्रियाकलापहरू	समय तालिका
७	प्राविधिक स्पेसिफिकेसनलाई स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाको वेबसाइटमा रहेको Technical Specification Bank सँग मिलान गरी अन्तिम रूप दिने	एक हप्ता
८	लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्ने	
९	सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको Standard Bidding Documents प्रयोग गरी बोलपत्रसम्बन्धी कागजात तयार गर्ने	एक हप्ता
१०	अधिकार प्राप्त अधिकारीबाट बोलपत्रसम्बन्धी कागजात स्वीकृत गर्ने	
११	बोलपत्र आह्वानको सूचना राष्ट्रिय स्तरको समाचारपत्रमा (सिलबन्दी दरभाउपत्र भए स्थानीय स्तरको पत्रिकमा भए पनि हुने) प्रकाशन गर्ने र बोलपत्रसम्बन्धी कागजातलाई सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मा अपलोड गर्ने	एक हप्ता
१२	बोलपत्रसम्बन्धी कागजातको बिक्री/खरिद	राष्ट्रिय स्तरको बोलपत्रका लागि ३० दिन र अन्तर्राष्ट्रिय स्तरको बोलपत्रका लागि ४५ दिन
१३	बोलपत्र पेस गर्नुअघिको बैठक गर्ने (अनिवार्य नभएको)	राष्ट्रिय स्तरको बोलपत्रका लागि तीन हप्ताभित्र र अन्तर्राष्ट्रिय स्तरको बोलपत्रका लागि चार हप्ताभित्र
१४	Clarification / Addendum (आवश्यक भए)	पाँच दिनभित्र
१५	बोलपत्र खोल्ने, बोलपत्र खोलेको मुचुल्का तयार गर्ने र बोलपत्र खोलेको मुचुल्का सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मा अपलोड गर्ने	बोलपत्र खोल्न तोकिएको दिन
१६	पर्न आएका बोलपत्रहरू बोलपत्र मूल्याङ्कन समितिलाई बुझाउने	सोही दिन
१७	बोलपत्र मूल्याङ्कन समितिले बोलपत्रको मूल्याङ्कन गर्ने	दुई हप्ता
१८	आवश्यक भएमा बोलपत्रदातासँग स्पष्टीकरण सोध्ने	
१९	बोलपत्र मूल्याङ्कन समितिको बैठकको माइन्युट तयार गर्ने र बोलपत्र मूल्याङ्कन प्रतिवेदन तयार गर्ने	

प्रक्रिया प्रवाह	क्रियाकलापहरू	समय तालिका
२०	न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदातालाई आशयको सूचना दिन टिप्पणी पेस गर्ने	प्रतिवेदन प्राप्त भएको एक दिनभित्र
२१	अधिकार प्राप्त अधिकारीले आशयको सूचना दिन टिप्पणी स्वीकृत गर्ने	एक हप्ता
२२	आशयको सूचना दिने वा आशयको सूचना प्रकाशन गर्ने	एक दिन
२३	कुनै उजुरी वा निवेदन परेमा सो सम्बन्धमा निर्णय दिने	पाँच दिन
२४	कुनै उजुरी वा निवेदन परेको भएमा पुनरावलोकन समितिमा गएको नगएको भन्ने सम्बन्धमा पुनरावलोकन समितिमा बुझ्ने	तीन दिन
२५	बोलपत्र स्वीकृतिका लागि टिप्पणी पेस गर्ने र अधिकार प्राप्त अधिकारीले बोलपत्र स्वीकृत गर्ने	एक हप्ता
२६	Letter of Award प्रदान गर्ने	पन्ध्र दिन
२७	कार्य सम्पादन जमानत प्राप्त भएपछि सम्झौता गर्ने	तीन दिन
२८	पेश्की दिने व्यवस्था भएको भएमा पेश्कीको बैंक जमानत प्राप्त गरी स्वीकृतिका लागि टिप्पणी पेस गर्ने र अधिकार प्राप्त अधिकारीको स्वीकृति प्राप्त गरी पेश्की दिने	तीन दिन
२९	एलसी खोल्ने व्यवस्था भएमा सम्बन्धित आपूर्तिकर्ताबाट Proforma Invoice प्राप्त गरी टिप्पणी पेस गर्ने र अधिकार प्राप्त अधिकारीको स्वीकृति प्राप्त गरी एलसी खोल्न बैंकसँग पत्राचार गर्ने	तीन दिन
३०	सामान आपूर्तिको अवस्था सम्बन्धमा आपूर्तिकर्तासँग पत्राचारको माध्यमबाट जानकारी लिइरहने	सम्झौता अवधिभित्र
३१	म्याद थपका लागि निवेदन परेमा म्याद थप गर्नुपर्ने कारण मनासिब भएमा मात्र कार्यसम्पादन जमानतको म्यादसमेत थप गर्न लगाई खरिद नियमावलीको अधीनमा रही अधिकार प्राप्त अधिकारीले स्वीकृत गर्ने	सम्झौता अवधिभित्र
३२	Pre-shipment Inspection गर्ने व्यवस्था भएको भएमा आपूर्तिकर्ताबाट जानकारी प्राप्त गरी सोको व्यवस्था मिलाउने	सम्झौतामा उल्लेख भएअनुसार
३३	आपूर्तिकर्ताले पेस गरेको Sample हरूको Lab Test गराउने	एक हप्ताभित्र
३४	आपूर्तिकर्तालाई Dispatch Order पठाउने	
	Pre-shipment Inspection गर्ने व्यवस्था भएको नभएमा प्रक्रिया प्रवाह संख्या ३२, ३३ र ३४ लागू नहुने	
३५	मालसामानको आपूर्ति	सम्झौता अवधिभित्र
३६	सम्बन्धित प्रविधिज्ञबाट मालसामानको निरीक्षण तथा परीक्षण	एक दिन

प्रक्रिया प्रवाह	क्रियाकलापहरू	समय तालिका
३७	मालसामानको भण्डार दाखिला	एक दिन
३८	भण्डार शाखाबाट दाखिला प्रतिवेदन, आपूर्तिकर्ताको इन्भ्वाजइससहित लेखा शाखामा भुक्तानीका लागि पठाउने	सोही दिन
३९	आपूर्तिकर्तालाई पेश्की दिएको भएमा कट्टा गरी भुक्तानी गर्न अधिकार प्राप्त अधिकारीसमक्ष टिप्पणी पेस गर्ने	एक दिन
४०	आपूर्तिकर्तालाई भुक्तानी गर्ने	एक महिना
४१	एलसी खोलेको भएमा बन्द गरी हिसाब फछ्र्यौट गर्ने	एक हप्ता
४२	करार लेजरमा प्रविष्ट गर्ने र खरिद फाइल अद्यावधिक गरी राख्ने	एक हप्ता

तालिका २ : खरिद प्रक्रिया क्रियाकलापको प्रवाह तथा समय तालिका

संघमा स्वास्थ्यसम्बन्धी खरिद विधि

केन्द्रीय तहमा औषधि खरिदका लागि व्यवस्थापन महाशाखाअन्तर्गत रहेको आपूर्ति व्यवस्थापन शाखा जिम्मेवार हुन्छ । तथापि आपूर्ति व्यवस्था शाखाले अन्य शाखा, निकाय तथा समितिसँगको सहकार्यले मात्रै कति मात्रामा कहिले र कहाँका लागि कस्तो औषधि किन्न लागिएको हो भन्ने विषय टुङ्गिन्छ । केन्द्रीय (संघीय) तहमा खास गरी देहाएका विधि अपनाई खरिद गरिन्छः

अन्तर्राष्ट्रिय स्तरको बोलपत्र

खरिद गरिने औषधि तथा उपकरणहरू खरिदका लागि स्वदेशी बोलपत्रदाताको अनुपलब्धता भएमा वा प्रतिपर्धात्मक रूपमा नेपालभित्रका एकभन्दा बढी बोलपत्रदाताबाट उपलब्ध हुन नसक्ने भएमा राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा कम्तीमा ४५ दिनको बोलपत्र पेस गर्ने समयावधि दिई अंग्रेजी भाषामा अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरी खरिद गरिन्छ । यस्तो सूचना आफ्नो कार्यालय तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा राख्नुपर्छ र यस्तो सूचना अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा समेत प्रकाशन गर्नुपर्छ । यस्तो खरिद विद्युतीय माध्यमबाट गर्नुपर्ने भएकाले सार्वजनिक खरिद अनुगमन कार्यालयले स्थापना गरेको विद्युतीय खरिद प्रणालीको पोर्टल www.bolpatra.gov.np मा समेत अपलोड गर्नुपर्छ । केन्द्रीय तहमा विशेष गरी खोपहरू, परिवार नियोजनसम्बन्धी औषधि तथा उपकरणहरू खरिद हुने भएकाले अन्तर्राष्ट्रिय स्तरको बोलपत्र माध्यमको प्रयोग अधिकतम मात्रामा हुन्छ ।

राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरी विद्युतीय खरिद

सार्वजनिक खरिद ऐनमा अन्यथा व्यवस्था गरिएकोबाहेक सार्वजनिक निकायले सम्भव भएसम्म खुला बोलपत्रको माध्यमबाट खरिद गरी योग्य बोलपत्रदाताहरूलाई बोलपत्रमा भाग लिन समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था भएकाले सार्वजनिक खरिदमा सकभर यो विधिबाट खरिद गर्नुपर्छ । बीस लाख रूपैयाँभन्दा माथि लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा वा पचास लाख रूपैयाँभन्दा माथिको एक्सरे, इसिजी, औषधिजन्य मालसामान, रोगको निदान तथा उपचारका लागि प्रयोग हुने स्वास्थ्यसम्बन्धी उपकरणहरू खरिद गर्दाराष्ट्रिय स्तरको बोलपत्र आह्वान गरी खरिद गर्नुपर्छ । यस विधिबाट खरिद गर्दा राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा कम्तीमा ३० दिनको बोलपत्र पेस गर्ने समयावधि दिई बोलपत्र आह्वान गरी खरिद गरिन्छ । यस्तो सूचना आफ्नो कार्यालय तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा राख्नुपर्छ । यस्तो खरिद विद्युतीय माध्यमबाट गर्नुपर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले स्थापना गरेको विद्युतीय खरिद प्रणालीको पोर्टल www.bolpatra.gov.np मा समेत अपलोड गर्नुपर्छ । केन्द्रीय तहमा प्रायशः राष्ट्रिय स्तरको बोलपत्रको माध्यमबाट समेत खरिद हुने गरेको छ ।

सिलबन्दी दरभाउपत्र आह्वान

सामान्यतया बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको मालसामान वा पचास लाख रूपैयाँसम्मको औषधिजन्य मालसामान खरिद गर्दा राष्ट्रियस्तर वा स्थानीय स्तरको समाचारपत्रमा कम्तीमा १५ दिनको सिलबन्दी दरभाउ पत्र पेस गर्ने समयावधि दिईसूचना प्रकाशन गरी सिलबन्दी दरभाउ पत्र आह्वान गरी खरिद गर्न सकिन्छ । यस्तो सूचना आफ्नो कार्यालयको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा समेत प्रकाशन गर्न सकिन्छ । केन्द्रमा यो विधिको प्रयोग धरै कम मात्रामा हुन्छ । सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्दा विद्युतीय माध्यमबाट खरिद गर्न अनिवार्य नभएकाले विद्युतीय माध्यमबाट खरिद हुँदैन ।

सोझै खरिद

सामान्यतया पाँच लाख रूपैयाँसम्म लागत अनुमान भएको मालसामान वा बीस लाख रूपैयाँसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित पन्ध्र लाख रूपैयाँसम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भएको छ । यसका अलावा देहायको अवस्थामा समेत सोझै खरिद गर्न सकिन्छः

(क) खरिदसम्बन्धी सर्तहरू पूरा गर्ने प्राविधिक दक्षता वा क्षमता एउटा मात्र आपूर्तिकर्ता वा सेवा प्रदायकसँग भएमा,

(ख) खरिद गरिने मालसामान आपूर्ति गर्ने अधिकार एउटा मात्र आपूर्तिकर्तासँग भएको र अन्य उपयुक्त विकल्प नभएमा,

(ग) प्रोप्राइटरी स्वरूपका अतिरिक्त मालसामान वा सेवाहरू साबिकको आपूर्तिकर्ता वा सेवा प्रदायकबाट खरिद गर्नुपरेमा,

(घ) पूर्वानुमान गर्न नसकिएको कारणले सुरू सम्झौतामा समावेश नभएको र सुरू सम्झौताबाट अलग गरी सम्पन्न गर्न प्राविधिक वा आर्थिक कारणले कठिनाइ हुने मालसामान खरिद गर्नुपर्ने भएमा,

(ङ) एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसँग कुनै खरिद गर्नुपरेमा,

(च) अन्तर्राष्ट्रिय अन्तर-सरकारी संस्थासँग सो संस्थाले तोकेको दररेटमा मालसामान वा सेवा खरिद गर्नु परेमा,

(छ) विशेष परिस्थितिमा खरिद गर्नु परेमा, यो खरिद विधिमा त्यति पारदर्शिता नभएकाले केन्द्रमा यो विधिको प्रयोग धरै कम मात्रामा हुन्छ ।

प्रदेश तहमा स्वास्थ्यसम्बन्धी खरिद विधि

प्रदेश तहमा औषधि तथा स्वास्थ्य उपकरण खरिदका लागि प्रदेश स्वास्थ्य निर्देशनालय जिम्मेवार रहेको हुन्छ । प्रदेश स्वास्थ्य निर्देशनालयले औषधि तथा स्वास्थ्य उपकरण खरिद गर्दा अन्तर्गत जिल्लाहरूसँगको सहकार्यमा आवश्यकताको पहिचान गरी खरिद गर्छ। प्रदेश तहमा औषधि तथा स्वास्थ्य उपकरण खरिदका लागि बोलपत्रको माध्यमको सबैभन्दा बढी प्रयोग हुन्छ । सिलबन्दी दरभाउपत्र र सोझै खरिद विधिको प्रयोग नगन्य मात्रामा हुन्छ । अन्तर्राष्ट्रिय स्तरको बोलपत्र माध्यमबाट खरिद हुने गरेको छैन ।

स्थानीय तहमा स्वास्थ्यसम्बन्धी खरिद विधि

स्थानीय तहमा औषधि तथा स्वास्थ्य उपकरण खरिदका लागि नगरपालिका तथा गाउँपालिकाहरू जिम्मेवार रहेका हुन्छन् । नगरपालिका तथा गाउँपालिकाहरूले औषधि तथा स्वास्थ्य उपकरण खरिद गर्दा अन्तर्गत स्वास्थ्य निकायहरूसँगको सहकार्यमा आवश्यकताको पहिचान गरी खरिद गर्छ । स्थानीय तहमा औषधि तथा स्वास्थ्य उपकरण खरिदका लागि उपलब्ध बजेट सिलबन्दी दरभाउपत्रको खरिदको सीमाभित्र पर्ने भएकाले सिलबन्दी दरभाउपत्रको माध्यमबाट अधिक मात्रामा हुने गरेको छ । अन्तर्राष्ट्रिय स्तरको बोलपत्र माध्यम तथा राष्ट्रिय स्तरको बोलपत्र माध्यमबाट खरिद हुने गरेको छैन । यदाकदा सोझै खरिद विधिकोसमेत प्रयोग हुने गरेको छ ।

परिच्छेद-५

स्वास्थ्य क्षेत्रको खरिदमा विद्युतीय खरिद प्रणाली र खुला करारसँग यसको सम्बन्ध

विद्युतीय खरिद प्रणालीको सुरूवात

प्रारम्भमा सरकारी खरिद प्रणाली पूर्णतः मानव स्रोतमा मात्रै निर्भर थियो । खरिदमा संलग्न सरकारी अधिकारीहरु वर्षैभरि सूचना संकलन, योजना निर्माण, सूचना व्यवस्थापन, बोलपत्र मूल्यांकन तथा ठेक्का प्रदान गर्ने कार्यमा व्यस्त रहन्थे । वर्षैभरि यसैमा व्यस्त रहनाले गुणस्तरीय खरिदका लागि खरिद प्रक्रियामा सुधार र प्रभावकारिता सम्बन्धमा ज्ञान र सीपको अभिवृद्धिमा ध्यान पुग्दैन थियो । मानव स्रोतमा आधारित खरिदमा समय बढी लाग्ने तथा प्रशासनिक खर्च समेत बढी लाग्ने गर्दथ्यो । बोलपत्रदाताहरूबीच मिलेमतो प्रचुर मात्रामा थियो । स्वच्छ प्रतिस्पर्धा र पारदर्शिताको अवस्था थिएन । खरिद प्रक्रिया पारदर्शी नभएपछि जवाफदेहिताको कुरा आउने पनि भएन । त्यतिमात्रै हैन, गुणस्तरहीन र महँगो खरिद हुन्थ्यो । यस्तो समस्या निराकरणका लागि केही सार्वजनिक निकायहरूले मानव स्रोतमा निर्भर खरिद प्रणालीलाई विस्थापित गरी आ–आफ्नै विद्युतीय खरिद प्रणालीहरु स्थापित गरेर खरिदसम्बन्धी सूचना प्रवाह गर्न थाले ।

नेपाल सरकारले पनि सुशासनलाई प्रवर्द्धन गर्न प्रभावकारी व्यवस्थापन, भ्रष्टाचार न्यूनीकरण, आर्थिक क्रियाकलापमा गुणात्मक वृद्धि, पारदर्शी ठेक्का प्रदान तथा नीतिगत तथा रणनीतिक विकासको प्रवर्द्धन गर्ने उद्देश्य लिएर सार्वजनिक खरिद प्रणालीमा सुधार गर्ने उपाय अवलम्बन गर्न थाल्यो । सार्वजनिक खरिद ऐनको दफा ६९ मा व्यवस्था भएबमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्थापना गरी सञ्चालनमा ल्याएको व्यवस्थित केन्द्रीय विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp बाट गरिने सार्वजनिक खरिद, यिनै सुधारका उपायहरूमध्ये एक महत्वपूर्ण सुधार भयो । यसै सन्दर्भमा विद्युतीय खरिद प्रणालीको सञ्चालन सार्वजनिक खरिद अनुगमन कार्यालयले गर्दै आएको छ र यसको कार्यविधि समेत निर्धारण गरेको छ । यस विद्युतीय खरिद प्रणालीमा सार्वजनिक खरिदको सुरूदेखि अन्त्यसम्मको सबै चरणहरूलाई समावेश गरिएको छ र यसमा सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (Public Procurement Management Information System (PPMIS) समेतको व्यवस्था रहेको हुँदा सार्वजनिक खरिदका कार्यालयगत वा एकीकृत सूचनाहरु हेर्न, अनुगमन गर्न सकिने व्यवस्था रहेको छ । सार्वजनिक निकाय, बोलपत्रदाता तथा बैंकहरु यस प्रणालीको प्रत्यक्ष सरोकारवाला हुन् । यिनीहरूले यो प्रणालीको प्रयोग गर्न प्रणालीमा दर्ता हुनुपर्छ ।

सार्वजनिक खरिद ऐनको दफा ६९ मा सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय खरिद प्रणाली मात्र अपनाउन सक्ने र त्यस्तो विद्युतीय खरिद प्रणालीको कार्यविधि, प्रणाली र यसको अन्तर्निहित सिद्धान्त सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेबमोजिम हुने व्यवस्था गरेको छ । यस कार्यालयले जारी गरेको विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका-२०७४ ले विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका-२०७४ ले दुई करोड रूपैयाँभन्दा माथिका निर्माण कार्य, बीस लाख रूपैयाँभन्दा माथिको परामर्श सेवा अनि साठी लाख रूपैयाँभन्दा माथिको मालसमान खरिदका लागि अनिवार्य रूपमा विद्युतीय खरिद प्रक्रियामार्फत खरिद गर्न सार्वजनिक निकायहरूलाई निर्देश गरिएको छ । तसर्थ यो प्रणालीमार्फत बोलपत्र तथा प्रस्ताव आह्वान गर्ने, बोलपत्रसम्बन्धी कागजात तथा संशोधनको सूचना बोलपत्र तथा प्रस्ताव प्राप्त गर्ने, बोलपत्रको मूल्यांकन गरी ठेक्का स्वीकार गर्ने कार्य विभिन्न सार्वजनिक निकाय तथा स्वास्थ्य क्षेत्रका निकायहरूमासमेत लागू भइसकेकोछ । स्वास्थ्यसम्बन्धी निकायहरूले औषधि तथा उपकरण खरिद गर्दा यस प्रणालीमा समेटिएका (In-built) निम्न क्रियाकलापहरु प्रयोग गर्न सक्छन्ः

- ❑ खरिदको गुरूयोजना तथा वार्षिक खरिद योजनाको तयारी र प्रकाशन,
- ❑ बोलपत्रसम्बन्धी कागजातको तयारी र बोलपत्र आह्वानको सूचना प्रकाशन,
- ❑ बोलपत्रमा संशोधन,
- ❑ बोलपत्रदाताबाट बोलपत्रको तयारी र बोलपत्र पेस गर्ने,
- ❑ बोलपत्रमा संशोधन गर्ने वा बोलपत्र फिर्ता लिने,
- ❑ बोलपत्र खोल्ने,
- ❑ बोलपत्रको मूल्यांकन र प्रतिवेदन,
- ❑ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रदान गर्ने,
- ❑ पुनरावलोकन गर्ने,
- ❑ बोलपत्र स्वीकृत भएको जानकारी दिने,
- ❑ सम्झौता गर्ने र
- ❑ खरिद सम्झौताको सूचना प्रकाशन गर्ने ।

संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा, लगभग ९७.८ प्रतिशत ठेक्काहरु विद्युतीय प्रणालीमार्फत हुने गरेका छन् । तथापि स्वास्थ्यसम्बन्धी मानक बोलपत्रको कागजात नभएकाले अन्तर्राष्ट्रिय बोलपत्रहरूको मूल्यांकन विद्युतीय प्रणालीबाट हुँदैन । नयाँ संविधानमा आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि तीन तहको व्यवस्था गरिएको छ ।

संघीय तह खोप तथा परिवार नियोजनसम्बन्धी सामग्री खरिदका लागि, औषधि उपकरण, अस्पताल तथा प्रयोगशालासम्बन्धी मापदण्ड तथा नियमन कार्य, स्वास्थ्य

बीमा, महामारी तथा प्रकोप नियन्त्रणका लागि जवाफदेही रहेको छ । प्रदेश तह साबिकमा रहेका क्षेत्रीय, उपक्षेत्रीय तथा अञ्चल अस्पताल र आयुर्वेद अस्पतालको सञ्चालन तथा व्यवस्थापन, खोप, औषधि तथा उपकरणको सञ्चालन, स्थानीय तहबीच स्वास्थ्य सेवाको समन्वय र प्रदेश स्तरको सूचना व्यवस्थापनका लागि जवाफदेही छ भने स्थानीय तह आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा जिल्ला अस्पतालको सञ्चालन र व्यवस्थापन तथा विभिन्न रोगसम्बन्धी रोकथाम, नियन्त्रण, जनचेतना र प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालनका लागि जवाफदेही छ ।

सम्बन्धित संघीय र प्रदेश तहमा विद्युतीय प्रणाली-२ मार्फत खरिद गर्ने गरिएको छ भने स्थानीय तहमा हुने औषधि तथा स्वास्थ्य उपकरणहरूको खरिद पचास लाख रूपैयाँभित्र पर्ने भएकाले विद्युतीय प्रणाली-२ मार्फत खरिद गरिएको देखिँदैन ।

खुला करार (ओपन कन्ट्रयाक्टिङ)

पारदर्शिता सफल खरिदको मुख्य विशेषता हो । खुला करार भनेको सार्वजनिक खरिद प्रक्रियाको नयाँ अभ्यास हो । यसले सार्वजनिक निकायहरू, व्यवसाय क्षेत्र र नागरिक समाजबीच सहभागितामूलक अन्तर्क्रियाकालागि पारदर्शिताको अभ्यास गराउँछ । यसको सामूहिक उद्देश्य सबै सरोकारवालाको सार्वजनिक खरिद प्रक्रियाको बुझाइमा एकरूपता ल्याई सार्वजनिक खरिद सम्बन्धमा विश्वसनीयता, निष्पक्षता र प्रभावकारितामा अभिवृद्धि गर्नु हो । सरकारले खरिद सम्झौतासम्बन्धी सूचनामा सहज पहुँच स्थापना गर्न सके निजी क्षेत्रलाई ठेक्का प्रक्रियामा भाग लिन सजिलो हुन्छ भने नागरिक समाज र नियमक निकायलाई पनि अनुगमन गर्न सजिलो हुने र अनियमितता पहिचान गर्ने तथा भ्रष्टाचारसम्बन्धी अनुसन्धान गर्न सकिने हुन्छ । त्यति मात्र नभई सरकारलाई समेत आफ्नै प्रक्रियाको उपादेयता परीक्षण गर्न, अनियमितता गर्नेमाथि निगरानी राख्न तथा कानुनी कारबाही गर्न र आफ्ना योजनाको समीक्षा गर्न मद्दत पुग्छ ।

मितव्ययी, पारदर्शी र स्वच्छ खरिद प्रक्रियाले स्वास्थ्य क्षेत्रको उत्थानमा समेत उल्लेख्य सुधार हुन्छ । उन्नत खरिद प्रक्रियाका लागि खुला सम्झौता आवश्यक छ । पूर्ण, विश्वसनीय र सान्दर्भिक सूचनाको अभावले बोलपत्रदातालाई खरिद प्रक्रिया र खरिदसम्झौता सम्बन्धमा प्रवाह गरिने सूचनामा रोक लगाउँछ तथा सार्वजनिक ठेक्कापट्टाका लागि स्वस्थ प्रतिस्पर्धा गर्नबाट वञ्चित गराउँछ । पारदर्शिताप्रतिको यो प्रतिबद्धताले गुणस्तरीय सेवा प्राप्त गर्ने नागरिक अधिकार, स्वच्छ प्रतिस्पर्धा गर्न पाउने व्यवसायीको अधिकार र स्तरीय सुविधा दिने सरकारी कर्तव्यको बचाउ गर्छ । यसकारण, खुला करार (ओपन कन्ट्रयाक्टिङ) भनेको नागरिक र व्यवसायीले सार्वजनिक खरिद प्रक्रियाबारे समयमै सूचना प्राप्त गर्ने र समयमै समस्या समाधान

गर्ने बाटो हो । स्वास्थ्य सेवामा सुधार र स्वास्थ्यसम्बन्धी खरिदको उन्नत र गुणस्तरीय व्यवस्थाका लागि खुला करार (ओपन कन्ट्र्याक्टिङ) ले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । यसको मुख्य फाइदा भनेकै भ्रष्टाचारविरूद्ध खुलापन, सरकारी कोषको सही उपयोग, व्यवसायीका लागि स्वच्छ वातावरण र प्रदत्त स्वास्थ्य सेवामा समयानुकूल सुधार गर्नु हो ।

अर्को शब्दमा भन्दा खरिद सम्झौताका तथ्याङ्कमा सहज पहुँच प्राप्त गरी क्रेता-बिक्रेताको सूचना प्राप्त गर्नु, सरकारी खर्चको सदुपयोग र परिणाममुखी खरिद प्रक्रियाका लागि खुला सम्झौता आवश्यक परेको हो । खरिद प्रक्रियाबारे पारदर्शी र स्पष्ट सूचना प्राप्त गर्नाले व्यवसायी सरकारी खरिद सम्बन्धमा स्पष्ट हुन्छन् । अनि ठेक्कापट्टा भाग लिने वा नलिने सम्बन्धमा निर्णय गर्न वा भविष्यमा समेत त्यसप्रकृतिका ठेक्कापट्टा कस्तो उपायले प्राप्त गर्न सकिँदो रहेछ भन्ने जानकारी पाउन सक्छन् । यसले बोलपत्रदाताहरूमा आत्मविश्वास बढ्नुका साथै खरिदमा नयाँ र अझै सक्षम बोलपत्रदाताको आगमन भई प्रतिस्पर्धामा अभिवृद्धि हुन सम्भव हुन्छ । त्यसरी बोलपत्रदातामा गुणस्तर वृद्धि भई सार्वजनिक खर्च कम हुने, योजना लागतको सही उपयोग हुने तथा प्रतिस्पर्धाबाट छानिएका उत्कृष्ट सेवा प्रदायकको सेवा अझ गुणस्तरीय हुने कुरा निर्विवाद छ ।

अर्कोतर्फ खरिद सूचनाको प्रकाशन (खरिद योजना, खरिदको अवसर, ठेक्का प्राप्ति र कार्यान्वयनसमेत) ले गर्दा अक्षम र कम प्रभावकारी बोलपत्रदाताको छनोट या विविध विषयमा सरकारी बदनियत पत्ता लगाई नागरिक समाज, आम सञ्चार र सरोकारवाला सबैको सहयोगमा सार्वजनिक खर्चको प्रभावकारी सदुपयोग गर्न मद्दत पुग्छ । यसले सूचना संकलन, व्यवस्थापन, प्रकाशन र प्रयोगको प्रणाली विकास गरी योजनाको छनोट, बोलपत्र प्रक्रिया र कार्यान्वयनको गति तथा गुणस्तर मापनलाई खुला र व्यवस्थित रूपमा प्राप्त गर्न सहयोग गर्छ । जसलाई 'ओपन कन्ट्र्याक्टिङ डेटा स्ट्यान्डर्ड' भनेर बुझिन्छ ।

विद्युतीय खरिद प्रक्रियामार्फत 'ओपन कन्ट्र्याक्टिङ डेटा स्ट्यान्डर्ड'ले मुख्यतः दुई साझा समस्याको समाधान गर्छ, एक परिवर्तित सूचनाको गुणस्तर र दुई आपूर्ति पक्षको गुणस्तर मापन । 'ओपन कन्ट्र्याक्टिङ डेटा स्ट्यान्डर्ड'ले खरिद प्रक्रिया विभिन्न चरणहरू (खरिद योजना, बोलपत्र आह्वान, ठेक्कापट्टा, सम्झौता र कार्यान्वयनसमेत) का सूचनाको ढाँचा तयार गरी ती सूचनाहरू तथा कागजातहरूमा पहुँच तथा सम्झौता प्रक्रियामा समेत यसले बलियो बनाउँछ । संस्थालाई सम्झौताको क्षमता अभिवृद्धि र बृहत् प्रयोगकर्तालाई गहन विश्लेषणको आधार प्रदान गर्न यो प्रणाली विकास गरिएको हो ।

खुला सम्झौता र नेपालमा सार्वजनिक खरिदमा पारदर्शिता प्रयास (PPTIN)

विद्युतीय खरिद प्रणालीको सुरूवात भएसँगै ओपन कन्ट्रयाक्टिङ डेटा स्ट्यान्डर्ड (ओसीडीएस) लाई मानक मान्दै सार्वजनिक खरिदसम्बन्धी सूचनाहरूलाई पारदर्शी बनाउने प्रयास थालिएको हो ।



चित्र ४ : PPTIN ले काम गर्ने तरिका



चित्र ५ : Open Contracting Portal www.ppip.gov.np

ओसीडीएसको प्रयोगमा कुनै पनि स्वास्थ्य निकाय या अन्य निकायले http://www.bolpatra.gov.np/egp प्रयोग गरी खरिद प्रक्रियाअघि बढाए त्यसको तथ्यांक सिधै खुला सम्झौता पोर्टल www.ppip.gov.np मा जान्छ र यो तथ्यांक सार्वजनिक निकायहरु, नीति–निर्माता, आमसञ्चार, नागरिक समाज र निजी क्षेत्रसमेतका लागि उपलब्ध हुन्छ । यो वेबसाइटले नेपालमा सार्वजनिक खरिद पारदर्शिता स्थापित गर्न सुरूवात गरेको छ । तर, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट यसलाई अद्यावधिक नगरिएकाले यो वेबसाइट हाल उपयोगी रूपमा सञ्चालनमा छैन ।

परिच्छेद-६

स्वास्थ्य क्षेत्रको सामग्री खरिदमा खुलापनका लागि सरकार, व्यवसायी र नागरिक समाजको भूमिका प्रवर्द्धनको वकालत रणनीति

अवस्था विश्लेषण

समाजमा सकारात्मक परिवर्तन ल्याउन सार्वजनिक खरिदमा सार्वजनिक निकाय, निजी क्षेत्र र नागरिक समाजबीच समयबद्ध, क्रियाशील र नतिजाउन्मुख सम्बन्ध आवश्यक पर्छ । सार्वजनिक खरिद एउटा यस्ता जटिल प्रक्रिया हो जसमा विरोधाभासपूर्ण इच्छा भएका विभिन्न सरोकारवालाहरु हुन्छन् ।

निजी क्षेत्र नाफामूलक हुन्छ भने सार्वजनिक निकायले प्रतिस्पर्धा, स्वच्छता, इमानदारी, जवाफदेहिता र विश्वसनीयता प्रवर्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने गरी काम गर्नुपर्ने हुन्छ । सार्वजनिक निकाय र निजी क्षेत्रभन्दा नागरिक समाजको छुट्टै अस्तित्व हुन्छ । नागरिक समाज गैरनाफामूलक हुने र जनताहरूबाट समाजमा सेवा प्रादुर्भावले स्वयंसेवा गर्ने संस्थाका रूपमा स्थापित भएको हुन्छ । आम नागरिक तथा सरकारी निकायबीच स्वास्थ्य क्षेत्रका समस्या सम्बन्धमा समन्वय गरी, प्राथमिकता, कार्यान्वयन र जवाफदेहिता सम्बन्धमा अन्तर्क्रिया गरी स्वास्थ्य सेवामा सुधार गर्न तथा प्रमाणमा आधारित नीति निर्माणमा सहयोग गर्न सक्तछ । नागरिक समाजले सार्वजनिक जवाफदेहिता तथा सामाजिक जवाफदेहिता सम्बन्धमा, रोगको निदानसम्बन्धी जनचेतना अभिवृद्धि सम्बन्धमा वा स्वास्थ्य सेवासम्बन्धी मुद्दाहरु सम्बन्धमा अभियान गरी समाजमा परिवर्तन ल्याउन उपयुक्त स्वास्थ्य सेवा प्रदान गर्नेदेखि संकटापन्न जनतासम्म पुग्ने नैतिक इच्छाशक्तिसम्मको सरकारी निकाय वा व्यवसायीले दिन नसक्ने योगदान दिन सक्तछ ।

स्वास्थ्य क्षेत्रको सामग्री खरिदमा खुलापनका लागि चुनौती

- कुनै पनि सार्वजनिक निकायले http://www.bolpatra.gov.np/egp प्रयोग गरी खरिद प्रक्रिया अघि बढाए त्यसको तथ्यांक सिधै ओसीडीएसको प्रयोगमा खुला सम्झौता पोर्टल http://www.ppip.gov.np मा जाने गर्थ्यो । यो वेबसाइट नेपालमा स्वास्थ्य क्षेत्रको सामग्री खरिदमा खुलापनका लागि एक महत्वपूर्ण सुरूवात थियो । तर, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट यसलाई अद्यावधिक नगरिएकाले यो वेबसाइट हाल सञ्चालनमा रहेको छैन ।

- स्वास्थ्यसम्बन्धी उपकरण र औषधि खरिदका लागि मानक बोलपत्रसम्बन्धी कागजात (Standard Bidding Document for Health Specific Drugs and Equipment) नभएकाले विद्युतीय खरिद प्रणालीमा पूर्णतया आबद्ध हुन सकेको छैन । यसले गर्दा सबै तहमा खरिदसम्बन्धी सबै सूचना प्राप्त हुँदैन ।
- विद्यमान विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली (e-LMIS) र भण्डारण व्यवस्थापन सूचना प्रणाली (IMS) व्यवस्थापन सूचना प्रणालीका लागि, भण्डारण व्यवस्थापनका लागि, तथा औषधि तथा स्वास्थ्य उपकरणहरूको समयमा नै वितरण व्यवस्थापनका लागि तथा औषधि तथा स्वास्थ्य उपकरणहरूको आवश्यकता पहिचानका लागि एउटा महत्वपूर्ण औजार हो । तर यो प्रणाली सबै स्वास्थ्यसम्बन्धी निकायहरूमा तथा स्थानीय निकायहरूमा लागू हुन सकेको छैन ।
- विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका–२०७४ ले दुई करोड रूपैयाँभन्दा माथिका निर्माण कार्य, बीस लाख रूपैयाँभन्दा माथिको परामर्श सेवा अनि साठी लाख रूपैयाँभन्दा माथिको मालसमान खरिदका लागि अनिवार्य रूपमा विद्युतीय खरिद प्रक्रियामार्फत खरिद गर्नुपर्ने व्यवस्था भएकाले विद्युतीय खरिद प्रणालीमा आबद्ध भई खरिद गर्नु नपर्ने र स्थानीय निकायबाट औषधि तथा उपकरणको खरिद यो सीमाभित्र नपर्ने भएकाले विद्युतीय खरिद गर्नु नपर्ने हुँदा खुलापनमा बाधा पुगेको छ।
- TABUCUS, eAWPB, eTSB, eLMIS / eCAPP बीच एक आपसमा आबद्धता नभएको बोलपत्रसम्बन्धी पूर्वसूचनामा बाधा पुगेको छ ।
- सार्वजनिक खरिद तथा आपूर्ति व्यवस्थापन कार्यलाई कुशलतापूर्वक सम्पादन गर्न सक्ने सबै तहका कार्यालयहरूमा जनशक्तिको अभाव रहेको छ ।
- सबै तहका स्वास्थ्यसम्बन्धी निकायहरूमा नि:शुल्क वितरणका औषधिहरू निरन्तररूपमा उपलब्धनगराउनु पनि समस्याको रूपमा रहेको छ ।

स्वास्थ्य क्षेत्रको सामग्री खरिदमा खुलापनका लागि सरकार, व्यवसायी र नागरिक समाजको भूमिका

- सार्वजनिक खरिद अनुगमन कार्यालयले औषधि तथा स्वास्थ्य उपकरण खरिदका लागि छुट्टै मानक बोलपत्रसम्बन्धी कागजात (Standard Bidding Document for Health Specific Drugs and Equipment) फ्रेमवर्क एग्रिमेन्टसम्बन्धी मानक बोलपत्रसम्बन्धी कागजात तथा औषधि तथा स्वास्थ्य उपकरण खरिदको आवश्यकता पहिचान, खरिद र म्याद नाघेका औषधि धुल्याउने कार्यविधि जारी गर्नुपर्ने ।
- Electronic Logistic Management Infrmation System (eLMIS) लाई स्वास्थ्य निकायहरू तथा स्थानीय निकायमा लागू गर्नुपर्ने ।
- विद्युतीय माध्यमबाट अनिवार्य खरिदका लागि विद्युतीय खरिद प्रणाली सञ्चालन

निर्देशिका-२०७४ ले तोकेको सीमालाई घटाई सिलबन्दी दरभाउपत्रबाट हुने खरिद पनि विद्युतीय माध्यमबाट गर्नुपर्ने व्यवस्था गर्ने ।

- खरिदको पूर्वसूचना तथा खरिद योजनाको पारदर्शिताका लागि TABUCUS, eAWPB, eTSB, eLMIS and eCAPP प्रणालीहरूबीचआबद्धता हुनुपर्ने ।
- स्वास्थ्य सामग्री खरिदमा संलग्न सबै तहका कर्मचारीहरूलाई निरन्तररूपमा खरिद र आपूर्ति व्यवस्थापनको तालिम प्रदान गरी उनीहरूको ज्ञान र सीपको अभिवृद्धि गर्नुपर्ने ।
- विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको निरन्तर विस्तार गरी आधार भूत स्वास्थ्य सेवामा सबैको पहुँचमा आश्वस्त गर्ने ।

स्वास्थ्य क्षेत्रको सामग्री खरिदमा खुलापनका लागि व्यवसायीको भूमिका

- सम्बन्धित सार्वजनिक निकायबाट स्वास्थ्य सामग्री खरिद सम्बन्धमा समयमा नै सान्दर्भिक सूचनाहरु प्राप्त गर्ने ।
- स्वच्छ तरिकाले खरिद प्रक्रियामा भाग लिने ।
- र्साजनिक निकायले तोकेको मापदण्डबमोजिमको मालसामान वा सेवा प्रदान गर्ने ।
- सार्वजनिक निकायले गरेको निर्णयउपर चित्त नबुझेमा पुनरावलोकनका लागि जाने ।
- स्वास्थ्य क्षेत्रको सामग्री खरिदमा खुलापनका लागि नागरिक समाजको भूमिका
- आधारभूत स्वास्थ्य सेवा सम्बन्धमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- स्वास्थ्यसम्बन्धी मुद्दा सम्बन्धमा आम सञ्चारमार्फत वकालत गर्ने ।
- स्वास्थ्य सामग्री खरिद सम्बन्धमा सम्बन्धित सार्वजनिक निकायबाट निरन्तर रूपमा सूचना प्राप्त गर्ने ।
- समाजका सदस्यहरूको वकालत गर्ने क्षमताको अभिवृद्धि गर्ने ।
- जनआवाजलाई सफलतापूर्वक परिचालन गर्ने ।

परिच्छेद-७

औषधि तथा स्वास्थ्य उपकरण सामग्री खरिदमा खुलापनका लागि सार्वजनिक खरिद अनुगमनको 'चेक लिस्ट'

भ्रमण गरेको संस्था वा कार्यालयः ....

कार्यालयको ठेगानाः .... कार्यालयको फोनः ....

कार्यालयको इमेलः .... कार्यालयको वेभसाइटः ....

सम्पर्क व्यक्तिको नामः .... पदः ....

औषधि तथा स्वास्थ्य उपकरण आदि सामग्री खरिदका लागि विनियोजन गरिएको बजेटः

विवरण	आव २०७५-७६	आव २०७६-७७
नेपाल सरकारको अनुदान	रू.	रू. ....
अन्य स्रोतबाट (भएमा) १. .... २.	रू. .... रू.	रू. .... रू. ....

चालु आर्थिक वर्षमा भएको खरिदबारे *(एकभन्दा बढी भएमा सबैभन्दा ठूलो परिमाणको खरिद लिने):*

खरिद प्रक्रिया सुरू भएको मितिः ....

खरिद प्रक्रिया समाप्त (हुने) मितिः ....

भाग १. खरिद योजना

१.१ (क) माथि उल्लेखित बजेटअन्तर्गतका सामान खरिदका लागि खरिद योजना पारित छ ? छ/छैन

(ख) खरिद योजनासम्बन्धी सूचना कार्यालयको सूचनापाटीमा वा अन्य कहिँ राखिएको छ ? छ/छैन
(छ भने सो स्थान/माध्यम खुलाउनु होला)

(ग) कार्यालयको खरिद योजना वेभसाइटमा वा प्रकाशित रूपमा उपलब्ध छ ? छ/छैन
(छ भने वेभसाइटको ठेगाना वा प्रकासित माध्यम खुलाउनु होला)

(घ) खरिद योजना अन्य कुनै कार्यालयमा जानकारीका लागि पठाइएको छ ? छ/छैन
(छ भने उक्त कार्यालयको नाम उल्लेख गर्नुहोला)

१.२ खरिद गर्दा कुन विधि प्रयोग भयो ?

(क) सोझै खरिद (ख) सिलबन्दी दरभाउपत्र आह्वान गरेर (ग) सिलबन्दी बोलपत्र (घ) अन्य

भाग २. टेन्डर प्रक्रिया

२.१ खरिद सूचना प्रकाशन गर्नुभएको थियो ? थियो/थिएन
(थियो भने कहाँ गरिएको थियो ?)

(क) सूचनापाटी (ख) वेभसाइट (ग) स्थानीय पत्रपत्रिका (घ) राष्ट्रिय पत्रपत्रिका (ङ) ईजीपी

२.२. रू. ५ लाखसम्मको खरिदका लागि कतिवटा फर्म सूचीकृत थिए ?

२.३ रू. ५ लाखसम्मको खरिदको हकमा कतिवटा फर्मलाई दरभाउ-पत्र आह्वान गरिएको थियो ?

२.४ औषधि तथा स्वास्थ्य सामग्री खरिदका लागि स्वास्थ्य सेवा विभागले तय गरेको टेक्निकल स्पेसिफिकेसन बैंक प्रयोग गर्नुभएको छ ? छ/छैन

२.५ खरिदका लागि बजेट लागत आँकलन कसरी तयार पार्नुहुन्छ ?

२.६ कार्यालयमा खरिद एकाइ छ ? छ/छैन
(छ भने उक्त एकाइमा कतिजना कार्यरत छन् ?)

२.७. खरिद एकाइ प्रभावकारी छ ? छ/छैन
(छैन भने प्रभावकारी बनाउन के गर्नुपर्ला ?)

२.८ बोलपत्र तोकिएको समयमै खोलिन्छ ? खोलिन्छ/खोलिन्न

२.९ सफल बोलपत्रदाता र खरिद सम्झौताबारे सूचना प्रकाशन गर्नुहुन्छ ? गरिन्छ/गरिँदैन
(सूचना प्रकाशन गरिँदैन भने आपूर्तिकर्तालाई कसरी जानकारी दिनुहुन्छ ?)

भाग ३. बोलपत्र मूल्यांकन तथा ठेक्का प्रदान

निम्न लिखित कार्य र तथ्य छ भने (√) चिन्ह र छैन भने (X) चिन्हले छुट्याउनु होला । केही विशेष सूचना या तथ्य भए कैफियतमा लेख्नुहोला ।

	ठेक्कासम्बन्धी विवरण	छ	छैन	कैफियत
क.	मूल्यांकन समितिको निर्णय			
ख.	निर्णयमा ठेक्का प्राप्त गरेको बोलपत्रदाताको नाम र उसले गर्नुपर्ने काम उल्लेख छ ?			
ग.	असफल बोलपत्रदाताले पेस गरेको कुनै निवेदन, गुनासो, सुझाव आदि छ ?			
घ.	खरिदका लागि 'पर्चेज अडर' (खरिद आदेश) जारी भएको छ ?			

भाग ४. सम्झौता व्यवस्थापन

निम्न लिखित कार्य र तथ्य छ भने (√) चिन्ह र छैन भने (X) चिन्हले छुट्याउनु होला । केही विशेष थप सूचना या तथ्य भए कैफियतमा लेख्न सक्नुहुन्छ ।

	करार व्यवस्थापनका विवरण	छ	छैन	कैफियत
क.	करार व्यवस्थापक नियुक्त गरिएको छ ?			
ख.	ठेक्का प्रदानको सूचना सम्प्रेषण भएको छ ?			
ग.	सम्झौता प्रगति विवरण प्राप्त भएको छ ?			
घ.	खरिद प्रक्रियाका लागि सरोकारवालाहरूसँग छलफल गरिएको छ ?			
ङ.	आपूर्तिकर्ताहरूले समयमै आपूर्ति गरेका छन् ?			
च.	सुरक्षित भण्डारण प्रणाली र उचित तरिकाले सूची अभिलेख गरिएको छ ?			
छ.	पछिका लागि महत्वपूर्ण दस्तावेजहरू सुरक्षित राखिएको छ ?			
ज.	गुणस्तरमा आश्वस्त पार्न र लगानीको मूल्य स्थापित गर्न यथेष्ट प्रयास भएको छ ?			

भाग ५. थप जानकारी

५.१ यस कार्यालयले खरिद सम्झौता गर्ने क्रममा कुनै समस्या थियो ? थियो/थिएन
(यदि थियो भने के कस्ता समस्या आएका थिए ?)

५.२ उक्त खरिद सम्झौतामा आएका समस्याको समाधान कसरी भयो ?

५.३ यस कार्यालयले खरिद कार्यान्वयन गर्ने क्रममा कुनै समस्या आए ? आए/आएन
(यदि आएको भएमा के कस्ता समस्या आएका थिए ?)

५.४ उक्त खरिद कार्यान्वयनमा आएका समस्याको समाधान कसरी भयो ?

५.५ आफैँले अवलोकन गरेका वा महसूस गरेका अन्य सूचना वा जानकारी उल्लेख गर्नुहोला ।

....

....

सूचना संकलनकर्ताको नामः

दस्तखतः मितिः

नोटः सूचना संकलनकर्ताका लागि जानकारी

स्वास्थ्य क्षेत्रमा सार्वजनिक खरिद प्राविधिक तथा संवेदनशील विषय हो । सूचना संकलनमा जाँदा सम्बन्धित संस्थाबाट अग्रिम दिइएका मार्गदर्शन तथा सुझावहरूको पालना गर्नुपर्दछ । केही खास सूचना टेन्डर प्रक्रिया समापन अघि उपलब्ध नहुन सक्छ । तथापि, सम्झौतापछि त्यस्ता सूचना फाइलमा उपलब्ध रहन्छन् । यस अध्ययनका लागि सार्वजनिक खरिद प्रक्रियाको सुरूवाती चरण योजना निर्माणदेखि अन्तिम कार्यान्वयन चरणसम्मका तथ्यांक लिन आवश्यक हुन्छ ।

नेपालको स्वास्थ्य क्षेत्रमा खुला करारका लागि पहल

पारदर्शी खरिद प्रक्रिया जसले जीवन बचाउँछ

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरुद्धको सहकार्य

टी.आई. नेपाल

ट्रान्सपरेन्सी इन्टरनेशनल (टी.आई.) नेपाल देशका हरेक क्षेत्रमा पारदर्शिता र जिम्मेवारीपनको पैरवीमार्फत सार्वजनिक जवाफदेही अभिवृद्धि गर्न र भ्रष्टाचार रोक्न समर्पित नागरिक संस्था हो । यो संस्था काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भई समाज कल्याण परिषद्मा आबद्ध छ । टी.आई. नेपाल विश्वभरि भ्रष्टाचारविरूद्ध अभियानको अगुवाइ गर्ने संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलको राष्ट्रिय च्याप्टर हो ।

नेपालको स्वास्थ्य क्षेत्रमा खुला करारका लागि पहल (OC4H)

खरिद प्रक्रिया सही नहुँदा स्वास्थ्य सेवाको स्तर खस्कन्छ फलस्वरूप धेरै देशमा नागरिकहरू उपचार खर्च व्यहोर्न नसक्ने अवस्थामा पुग्छन् । स्वास्थ्य क्षेत्रको खरिद प्रक्रियामा भ्रष्टाचार हुँदा औषधिको अभाव, उच्च मूल्य वृद्धि, गलत औषधिको घुसपैठ र कम गुणस्तरका औषधि भित्रन्छन् ।

खुला करार खरिद चक्रका सूचना सबै ले उपयोग गर्न सक्ने गरी प्रकाशन गर्ने अभ्यास हो । यसले सार्वजनिक सम्पत्तिको ठूलो हिस्सा इमान्दार, स्वच्छ, र प्रभावकारी ढंगले खर्च हुने कुराको सुनिश्चितता गर्दछ । नेपालको स्वास्थ्य क्षेत्रमा खुला करारका लागि पहल (Open Contracting for Health-OC4H) टी.आई. हेल्थ इनिसिएटिभको सहयोगमा टी.आई. नेपालद्वारा सञ्चालित दुई वर्षे परियोजना हो । यसले स्वास्थ्य तथा खरिद सम्बद्ध सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज र सरोकारवालाको संलग्नतामा नेपालको स्वास्थ्य क्षेत्रमा खुला करारका लागि वकालत गर्दछ ।

क्रियाकलाप

- खुला करारका तथ्याङ्कको प्रवर्धन
- सदाचारपूर्ण खरिद प्रक्रियाका विषयमा सरोकारवालाहरूसँग सर्वपक्षीय छलफल
- सरोकारवालाबीच खुला करारका लागि सहकार्य
- ज्ञानको दायरा बढाउन टुलकिट र हाते पुस्तिकाको प्रवर्धन
- खुला करारका लागि निर्धारित तथ्याङ्कको ढाँचा (OCDS) बारे प्रशिक्षण
- खुला तथ्याङ्क विषयक सूचना, शिक्षा र सञ्चार सामग्री तथा मिडियाको उपयोग
- औषधिको गुणस्तर र मूल्यबारे बजार अवलोकन
- खुला करारका लागि अनुसन्धान तथा पैरवी
- सहकर्मीहरूबीच सिकाइ आदान प्रदान गर्न क्षेत्रीय गोष्ठी
- करार प्रक्रियाको स्तर मूल्याङ्कन
- औषधि उद्योग तथा स्थानीय सरकारमा खुला करारका लागि निर्धारित ढाँचामा तथ्याङ्क (OCDS) को प्रयोग गराउन पहल ।

अपेक्षित प्रतिफल

- खुला करारको कार्यान्वयनका लागि सरकारी निकायको क्षमता अभिवृद्धि गरी दीगो र प्रभावकारी सञ्जालहरूको विकास ।
- स्वास्थ्य क्षेत्रमा सेवा/सामाग्री आपूर्ति गर्ने व्यवसायीहरूलाई खुला करारको लाभबारे जानकारी गराई व्यवसायका लागि यसले फाइदा पुऱ्याउने तथ्यको जानकारी ।
- स्थानीय नागरिक समाजको क्षमता अभिवृद्धि गर्दै दीगो र निरन्तर सहकार्यका माध्यमबाट सार्वजनिक खरिद प्रक्रियामा संलग्नता ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरुद्धको सहकार्य
पोस्टबक्सः ११४८६, छकुबकु मार्ग, नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोनः +९७७ १ ४४७५११२, ४४७५२६२
फ्याक्सः +९७७ १ ४४७५११२
इमेलः trans@tinepal.org
वेभसाइटः http://www.tinepal.org
/tinepal